शोध निर्देशक
भगवानचन्द्र उपाध्याय

# 'जुनकिरी' उपन्यासको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली स्नातकोत्तर तह दोस्रो वर्षको
दसौ पत्रका प्रयोजनका निमित्त प्रस्तुत

## शोध पत्र

शोधकर्त्ता
**गोविन्द भट्टराई**

नेपाली विभाग
रत्न राज्यलक्ष्मी क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं
२०६८

# सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली विषयका छात्र गोविन्द भट्टराईले स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रका प्रयोजनका लागि "'जुनकिरी' उपन्यासको कृतिपरक अध्ययन" शीर्षकको शोध पत्र मेरा निर्देशनमा तयार पार्नु भएको छ । निजले परिश्रम र लगनशीलतापूर्वक गर्नु गएको यस शोधकार्यबाट म सन्तुष्ट छु । यस शोधपत्रको मूल्याङ्कनका लागि रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समिति समक्ष पेस गर्न सिफारिस गर्दछु ।

........................................

उप-प्रा. भगवानचन्द्र उपाध्याय

नेपाली शिक्षण समिति

रत्न राज्यलक्ष्मी क्याम्पस

प्रदर्शनीमार्ग, काठमाडौं

**त्रिभुवन विश्वविद्यालय**
**रत्न राज्यलक्ष्मी क्याम्पस**
**प्रदर्शनीमार्ग, काठमाडौं**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय रत्न राज्यलक्ष्मी क्याम्पसका छात्र गोविन्द भट्टराईले स्नातकोत्तर तह नेपाली विषयको दसौं पत्रका प्रयोजनका लागि प्रस्तुत गर्नु भएको "'जुनकिरी' उपन्यासको कृतिपरक अध्ययन" शीर्षकको शोध पत्रको स्वीकृत गरिएको छ ।

| ...................................... | .................................. | ............................... |
| --- | --- | --- |
| उप-प्रा. भगवानचन्द्र उपाध्याय | उप.प्रा.तुलसी प्रसाद गौतम | सह. प्रा. तुलसीमान श्रेष्ठ |
| शोध निर्देशक | बाह्य परीक्षक | विभागीय प्रमुख |

# कृतज्ञता -ज्ञापन

प्रस्तुत शोधपत्र तयार पार्नका निमिति प्रेरणा दिदैं शोधपत्र लेखनको सुरुदेखि अन्तसम्म हरदम उचित सल्लाह र अमूल्य समय दिएर सहयोग गर्नु हुने श्रद्वेय गुरु भगवानचन्द्र उपाध्यायज्यूको निर्देशनमा मैले यो शोधपत्र तयार पारेको छु । आफ्नो विविध व्यस्तताका बावजुद पनि स्नेहपूर्वक शोधपत्र लेखनका निम्ति कुशल निर्देशन गरिदिनु हुने श्रद्वेय गुरूप्रति म सदा ऋणी रहनेछु ।

माध्यमिक तहसम्मको विद्यालयीय शिक्षा आर्जन गर्न ढिकी -जाँतो गरेर मलाई पढाइ खर्च जुटाई दिने मेरी आमा स्वर्गीय दिपादेवी भट्टराई जस बिना म पढ्न किमार्थ असमर्थ हुन्थें, उहाँप्रति मेरो श्रद्धा जीवनभर नै भरपूर रहने छ । असी वर्षका वृद्ध मेरा पिताजी जो मेरो योग्यतालाई आफ्नो गर्वको विषय ठान्नु हुन्छ, उहाँप्रति कुन शब्दले श्रद्धा व्यक्त गरौं अन्योलमा छु । त्यसै गरी उच्च शिक्षा पूरा गर्ने सम्पूर्ण आर्थिक जिम्मेवारी वहन गर्ने मेरी जीवन सङ्गिनी सविता भट्टराई (दाहाल) प्रति म आभार व्यक्त गर्दछु । घरायसी वातावरणलाई तनावमुक्त बनाउन र अध्ययनमैत्री वातावरण बनाइदिएर सहयोग गर्ने मेरी प्यारी छोरी संजीवनी भट्टराई (गणानिका) लाई पनि म धन्यवाद दिन चाहन्छु ।

'जुनकिरी' उपन्यासको कृतिपरक अध्ययनका क्रममा आवश्यक सल्लाह दिनुहुने रत्न राज्यलक्ष्मी क्याम्पसका सम्पूर्ण गुरुवर्गमा श्रद्धासहित आभार ब्यक्त गर्दछु । शोध पत्र तयार पार्ने क्रममा उचित सल्लाह सुझाव दिनका साथै सामग्री समेत उपलब्ध गराउनु हुने सहयोगी मित्रहरू मधुसूदन घिमिरे, त्रिलोचन शर्मा, जनार्दन दहाल आदिलाई पनि धन्यवाद दिन चाहन्छु । शोध कार्य गर्ने क्रममा आवश्यक पुस्तक, पत्रपत्रिका उपलब्ध गराई दिनुहुने रत्न राज्यलक्ष्मी क्याम्पस पुस्तकालयका कर्मचारीहरूप्रति विशेष आभार व्यक्त गर्न चाहन्छु । त्यसै गरी त्रि. वि. केन्द्रीय पुस्तकालय, आफूले अध्ययन गरेको श्री सुनपकुवा माध्यमिक विद्यालय (उर्लावारी-७, मोरङ्) का सम्पूर्ण गुरुहरूलाई धन्यवाद दिन आफ्नो कर्तव्य सम्झेको

छु । यसरी नै साफ टङ्कन कार्यमा सहयोग गरिदिनुहुने प्यारागन साइबर (कीर्तिपुर) का भाइ सुवास तिवारीलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

अन्तमा शोध पत्र लेख्ने क्रममा आफूले सङ्कलन गरेका उपन्याससम्बन्धी सम्पूर्ण सामग्री आफूसँग सुरक्षित रहेको जानकारी गराउँदै यो शोधपत्र मूल्याङ्कनका लागि प्रस्तुत गर्दछु ।

त्रि. वि. दर्ता नं. ६-१-२१५-९०-९६

शैक्षिक सत्र: २०६४।०६५

अनुक्रमाङ्क: ४०००२७

गोविन्द भट्टराई

रत्न राज्यलक्ष्मी क्याम्पस,काठमाडौं, नेपाल

# विषय सूची

पृष्ठ

## परिच्छेद - एक


| | | |
|---|---|---|
| **१.** | **शोध परिचय** | **१** |
| १.१. | शोध शीर्षक | १ |
| १.२. | शोध प्रयोजन | १ |
| १.३. | शोध परिचय | १ |
| १.४. | समस्याकथन | २ |
| १.५. | शोध कार्यको उद्देश्य | २ |
| १.६. | पूर्वकार्यको समीक्षा | ३ |
| १.७. | शोध कार्यको औचित्य | ४ |
| १.८. | शोधकार्यको सीमाङ्कन | ४ |
| १.९. | शोध विधि | ४ |
| १.१०. | शोधपत्रको रूपरेखा | ४ |


## परिच्छेद - दुई


| | | |
|---|---|---|
| **२.** | **उपन्यास सिद्धान्त र नेपाली उपन्यासको परम्परा** | **५** |
| २.१. | सैद्धान्तिक परिचय | ५ |
| | २.१.२. उपन्यासको परिभाषा | ६ |
| २.२. | आधुनिक नेपाली उपन्यासको विकासक्रम | ७ |
| | २.२.१. पृष्ठभूमि | ७ |
| | २.२.२. नेपाली उपन्यासको आधुनिक काल | ८ |
| | २.२.२.१. प्रथम चरण (वि.सं. १९९१ - २०१५ सम्म) | ९ |
| | २.२.२.२. दोस्रो चरण (वि.सं. २०१६ - २०३५ सम्म) | १० |
| | २.२.२.३. तेस्रो चरण (विसं. २०३६ देखि हालसम्म) | ११ |
| २.३. | आधुनिक नेपाली उपन्यासको धारागत विकासक्रम | १२ |
| | २.३.१. आदर्शोन्मुख यथार्थवादी धारा | १२ |
| | २.३.२. स्वच्छन्दतावादी धारा | १३ |
| | २.३.३. सामाजिक यथार्थवादी धारा | १३ |
| | २.३.४. ऐतिहासिक यथार्थवादी धारा | १४ |
| | २.३.५. अतियथार्थवादी धारा | १५ |
| | २.३.६. आलोचनात्मक यथार्थवादी धारा | १५ |

| | | |
|---|---|---|
| | २.३.७. मनोविश्लेषणात्मक धारा | १७ |
| | २.३.८. विसङ्गतिवादी / अस्तित्ववादी धारा | १७ |
| | २.३.९. प्रयोगवादी धारा | १८ |
| | २.३.१०. प्रगतिवादी धारा | १९ |
| | २.३.११. मिथकीय धारा | २० |
| २.४. | आधुनिक नेपाली उपन्यासका क्षेत्रमा 'जुनकिरी' | २१ |


**परिच्छेद - तीन**


| | | |
|---|---|---|
| **३.** | **उपन्यासकार गायत्री बिष्टको परिचय, रचनाधर्मिता र प्रवृत्ति** | **२३** |
| ३.१. | बिष्टको परिचय र उनको विधागत योगदान तथा औपन्यासिक यात्रा | २३ |
| | ३.१.१. जन्म र जन्मस्थान | २३ |
| | ३.१.२. शिक्षा दीक्षा | २३ |
| | ३.१.३. प्रेरणा र प्रभाव | २३ |
| | ३.१.४. साहित्यिक कृतिहरू | २४ |
| | ३.१.५. पुरस्कार तथा सम्मान | २५ |
| ३.२. | बिष्टका साहित्यिक यात्राको चरण विभाजन | २५ |
| | ३.२.१. कवयित्री बिष्ट | २५ |
| | ३.२.२. कथाकार बिष्ट | २५ |
| | ३.२.३. उपन्यासकार बिष्ट | २६ |
| ३.३. | बिष्टको औपन्यासिक यात्रा र चरण विभाजन | २६ |


**परिच्छेद - चार**


| | | |
|---|---|---|
| **४.** | **'जुनकिरी' उपन्यासको विश्लेषण** | **२९** |
| ४.१ | तत्त्वगत आधारमा कृतिको विश्लेषण | २९ |
| | ४.१.१ पृष्ठभूमि | २९ |
| | ४.१.२. शीर्षक विधान | २९ |
| | ४.१.३. कृतिको संरचना | ३१ |
| | ४.१.३.१. बाह्य संरचना | ३१ |
| | ४.१.३.२. आन्तरिक संरचना | ३२ |
| | ४.१.३.२.१ कथानक | ३४ |
| | ४.१.३.२.२ कौतुहल र द्वन्द्व | ३७ |
| | ४.१.३.२.३ पात्र विधान | ३९ |
| | ४.१.३.२.४ संवाद | ४९ |

४.१.३.२.५ परिवेश ५०
४.१.३.२.६ सारवस्तु ५२
४.१.३.२.७ दृष्टिबिन्दु ५३
४.१.३.२.८ भाषाशैली ५६
४.२ प्रवृत्तिगत आधारमा कृतिको विश्लेषण ६०
४.२.१ आलोचनात्मक यथार्थवादी दृष्टिकोण ६०
४.२.२ सामाजिक यथार्थवादी प्रवृत्ति ६१
४.२.३ अस्तित्ववादी चिन्तन ६२
४.२.४. समसामयिकता ६३
४.२.५ मनोवैज्ञानिक प्रवृत्ति ६४
४.३ उपन्यासकार गायत्री बिष्टका मूलभूत प्रवृत्ति ६५
४.३.१ सामाजिकता ६६
४.३.२ प्रगतिशीलता ६७
४.३.३ मनोवैज्ञानिकता ६८
४.३.४ मौलिकता ६९
४.३.५ सम्प्रेषणीय भाषाको प्रयोग ७०

**परिच्छेद - पाँच**

५. निष्कर्ष वा उपसंहार ७१

**सन्दर्भ सामग्री सूची**
**परिशिष्ट खण्ड** **क-घ**

# परिच्छेद : एक

# शोध परिचय

## १.१. शोध शीर्षक

प्रस्तुत शोध पत्रको शीर्षक 'जुनकिरी' उपन्यासको कृतिपरक अध्ययन रहेको छ ।

## १.२. शोध प्रयोजन

प्रस्तुत शोध पत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पसको नेपाली विषय स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रका प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३. शोध परिचय

लिखित साहित्यका विविध विधाहरूमध्ये उपन्यास अत्यन्त गहन विषयवस्तु समेट्न सक्ने विधा हो । यसका विषयवस्तु र क्षेत्रहरू पनि अत्यन्तै गहन हुने हुदाँ औपन्यासिक अध्ययन क्षेत्र पनि महत्वपूर्ण हुनु स्वाभाविक हो । शोध कार्य सम्पादन गर्ने क्रममा गायत्री बिष्टको 'जुनकिरी' (वि.सं. २०५४) उपन्यासको कृतिपरक अध्ययन नै प्रमुख लक्ष्य भएकाले सोही विषयवस्तुलाई केन्द्रमा राखेर विश्लेषण गर्नुपर्ने हुन्छ ।

आधुनिक नेपाली आख्यान परम्परामा प्रगतिशीलतालाई उद्देश्य बनाएर समाजको यथार्थ बोक्ने उपन्यास हो - जुनकिरी । प्रस्तुत कृति ग्रामीण नेपाली जनजीवनको यथार्थ चित्रण गर्ने उपन्यासका पात्रहरूको मृत्युको कारण देखाई आलोचनात्मक यथार्थ भित्र लुकेको अस्तित्ववाद (मातृत्व नारीत्व) को धरातलमा अडिएको छ । मृत्यु स्वाभाविक प्रकृया हो तर मृत्युको कारण खोतल्ने हो भने प्रमुख पात्र जुनकिरीको नारी स्वतन्त्रता (हक/अधिकार) भन्दा मातृत्व बोधको झट्काले अभिप्रेरित गर्दछ । समाजमा विद्यमान चेलीबेटी बेचबिखनका समस्यालाई गौरीको कलकत्तामा भएको मृत्युले प्रतिनिधित्व गरेको छ । छिमेकीको लाश चिन्नसम्म डराउने छिमेकीका स्वभावलाई हेर्दा सामन्ती संस्कार त्यस समाजमा कतिसम्म जरा गाडेर बसेको छ भन्ने प्रमाणहरू खोतली रहनु पर्दैन ।

सानैमा आमाको वियोग, घाँस दाउरा गर्दा केही क्षणको 'काँसे सुपारी' को खुसी भन्दा घरमा 'आमा टोकुई' जस्तो आफ्नै बाबुको भेदभावपूर्ण तिखो वचन व्यवहार, भाउजू ल्याए पछि दाजुमा आएको परिवर्तनपछि माइतीको तिरस्कार, 'छोरी भनेको अर्काको घरमा जाने जात !' भन्ने हजुरआमाको तीतो यथार्थलाई बालकमै विवाहमा बाँधिएर सासूसँग सम्बन्ध सुमधुर हुन नसकेकी जुनकिरीको कथा नै उपन्यासको मुख्य विषय हो । दाइजोमा ल्याएको भैंसीकै भरमा लोग्नेको घरमा सम्पन्नता आए पनि मातृत्व दिन नसकेर बरु जुनकिरी माथि सौता जब हालिन्छ तब उसभित्र भएको नारीत्व अनि मातृत्व दुवै ज्वारभाटा झैं उर्लिन्छ । घरको सारा अपमान र दुर्व्यवहार सहँदा पनि घरबाट बहिष्कृत हुने देखेपछि 'मेरो पनि यस घरमा बराबरी हक लाग्छ' भनेर जुनकिरीले अधिकार खोज्दा उसका लोग्नेले मृत्युका मुखमा पुऱ्याइदिन्छ । उता शिक्षाको अभाव अनि गरिबीका कारण धनका लोभका फन्दामा परेर विवाह बन्धनमा बाँधिएकी गौरी आफ्नै श्रीमान्बाट बेचिन पुग्दछे । बहादुरी र रक्षकको प्रतिनिधि काले लडाइँमा गोली लागेर मर्छ ।

यसरी समाजमा विद्यमान रहेको कुरीति, अशिक्षा, पारिवारिक भेदभाव, अस्तित्ववोध आदिलाई जुनकिरी उपन्यासले विषय बनाएको पाइन्छ । यिनै पक्षहरूको व्याख्या विश्लेषण कृति केन्द्री भएर गर्नु नै यस शोध कार्यको मुख्य परिचय हो ।

## १.४. समस्याकथन

गायत्री बिष्टद्वारा रचित 'जुनकिरी' उपन्यासमा केन्द्रित प्रस्तुत शोध कार्यका समस्याहरू निम्न लिखित रहेका छन् ।

क) गायत्री बिष्टको साहित्यिक रचना धार्मिता के कस्तो रहेको छ ?

ख) आधुनिक नेपाली उपन्यास परम्पराभित्र 'जुनकिरी' उपन्यासको स्थान कहाँ छ ?

ग) तत्वगत आधारमा उपन्यासका तत्वहरू के के रहेका छन् ?

घ) प्रवृत्तिगत आधारमा 'जुनकिरी' उपन्यासमा केकस्ता प्रवृत्तिहरू रहेका छन् ?

## १.५. शोध कार्यको उद्देश्य

प्रस्तुत शोध कार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन् ।

क) गायत्री बिष्टको साहित्यिक रचना धर्मिताको निरूपण गर्नु ,

ख) आधुनिक नेपाली उपन्यास परम्परामा 'जुनकिरी' को स्थान निर्धारण गर्नु,

ग) तत्वगत आधारमा उपन्यासका तत्वहरूको विश्लेषण गर्नु,

घ) जुनकिरी उपन्यासको प्रवृत्तिगत निरूपण गर्नु,

**१.६. पूर्वकार्यको समीक्षा**

गायत्री बिष्टद्वारा रचित 'जुनकिरी' उपन्यासका बारेमा विभिन्न समीक्षकहरूका पत्र पत्रिकामा समीक्षात्मक लेखहरू प्रकाशित भएका छन् । त्यसभन्दा पहिले भएका पूर्वकार्यहरू निम्न रहेका छन् ।

दौलतविक्रम बिष्टको 'जुनकिरी भित्रकी गायत्री' (भूमिका) - जुनकिरी उपन्यास (साउन, २०५४, पृष्ठ क-घ) । प्रस्तुत भूमिकामा बिष्टले उपन्यासलाई घटना प्रधान, चरित्र प्रधान, अनुकरणात्मक आदिको चित्रण भन्ने दृष्टिकोणबाट समीक्षात्मक विचार प्रस्तुत गरेका छन् ।

रामप्रसाद ज्ञवाली 'कारुणिक उपन्यास 'जुनकिरी'को सानो समीक्षा' शब्दपथ (मंसिर, २०५४, पृष्ठ ३४-३८) ।

चरित्र प्रधान, प्रकृति अनि परिवेशको जीवन्त चित्रण गर्ने सामर्थ्य रहेको भन्ने लेख प्रकाशित गरेका ज्ञवालीले उपन्यासका आधारभूत तत्व, औपन्यासकि प्रवृत्तिका आधारमा उपन्यासलाई हेरेका छन् ।

चेतन जङ्गलीको 'उपन्यास विधामा नौलो प्रस्तुति 'जुनकिरी' छलफल साप्ताहिक पत्रिका (साउन २९, २०५५, पृष्ठ ४) । प्रस्तुत लेखमा पितृसतात्मक समाज भए पनि नारीलाई पुरुषले भन्दा नारीले नै बढी शोषण गरेको तथ्य, बाल मनोविज्ञान, बालविवाह, बहुविवाह, विद्रोह आदि विषयवस्तुको समीक्षा गरिएको पाइन्छ ।

बाबुराम पौड्यालले 'सुरभि स्रष्टा परिचय' (२०६६, पृष्ठ ५७) मा नेपाली साहित्यको प्रगतिवादी लेखनलाई समातेर अघि बढेकी गायत्री बिष्ट युवा पुस्तामाझ परिचित स्रष्टा मानिन्छन् भनेका छन् ।

### १.७. शोध कार्यको औचित्य

पूर्व कार्यको समीक्षाबाट के स्पष्ट हुन्छ भने बिष्टको 'जुनकिरी' उपन्यासलाई चरित्र, घटना, प्रकृति, परिवेश आदि दृष्टिबाट अध्ययन भएको देखिए पनि समग्रमा कृतिको विश्लेषण हुन सकेको देखिदैन । त्यसैले कृति केन्द्री भएर तत्व अनि प्रवृत्तिगत पक्षबाट उपन्यासलाई अध्ययन र विश्लेषण गरिएको छ । जुनकिरी उपन्यासको कृतिपरक अध्ययनबाट नेपाली उपन्यासका क्षेत्रमा यसको स्थान र यसका बारेमा जान्ने बुझ्न चाहनेहरूका लागि यसले केही मात्रामा सहयोगी भूमिका निर्वाह गर्ने छ भन्ने विश्वास छ । यसबाट प्रस्तुत शोध कार्यको औचित्य स्पष्ट हुन्छ ।

### १.८. शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोध कार्यमा 'जुनकिरी' उपन्यासको तत्व र प्रवृत्तिगत आधारमा मात्र अध्ययन र विश्लेषण गर्नु शोध कार्यको सीमाङ्कन हो ।

### १.९. शोध विधि

शोध कार्य मूलतः विषयपरक अध्ययन अथवा समीक्षाशास्त्रका सिद्धान्तको अध्ययनमा केन्द्रित छ । यस क्रममा ऐतिहासिक, तुलनात्मक, वर्णनात्मक विधिलाई पनि आवश्यकतानुसार उपयोग गरिएको छ ।

### १.१०. शोध कार्यको रूपरेखा

शोध पत्रलाई व्यवस्थित बनाउनका लागि निम्न लिखित परिच्छेदहरूमा विभाजन गरिएको छ :

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : उपन्यास सिद्धान्त र नेपाली उपन्यास परम्परा

परिच्छेद तीन : गायत्री बिष्टको परिचय, रचनाधर्मिता र प्रवृत्ति

परिच्छेद चार : जुनकिरीको विश्लेषण र मूल्याङ्कन

परिच्छेद पाँच : उपसंहार तथा निष्कर्ष

# परिच्छेद : दुई

# उपन्यास सिद्धान्त, नेपाली उपन्यास परम्परा

## २.१. उपन्यासको सैद्धान्तिक परिचय

आधुनिक नेपाली साहित्यमा उपन्यास पछिल्लो विधाका रूपमा विकसित भएको मानिन्छ । 'उपन्यास' शब्द संस्कृत तत्सम शब्दबाट नेपालीमा प्रयोग हुँदै आएको पाइन्छ । यसको निर्माण 'अस्' धातुमा उप र नि उपसर्ग तथा 'घञ्' (अ) प्रत्यय लागेर बनेको देखिन्छ । 'अस्' धातुबाट 'राख्नु' भन्ने अर्थ निष्पन्न हुन्छ (बराल र एटम, २०६६:३) । संस्कृतमा उपन्यास शब्दको अर्थ कुनै वस्तु कसैका नजिकमा राख्नु भन्ने बुझिन्छ । संस्कृत साहित्यमा कुशलतापूर्वक विशेष अर्थ प्रकट गर्ने प्रकृया विशेष नै उपन्यास हो भन्ने अर्थ प्रवर्तन गरिएको छ अथवा जीवनका सत्य पक्षलाई भाषाद्वारा आफ्नै नजिकमा विन्यास गरिनु उन्यास हो (सुवेदी, २०६४:५) । उपन्यासले जीवन जगतका यथार्थ पक्षलाई समेटेर समाजमा प्रस्तुत गर्ने गर्दछ । संस्कृत साहित्यमा उपन्यास शब्दले दिने अर्थ आधुनिक नेपाली साहित्यमा फेला पर्दैन तर अहिले आएर उपन्यास शब्दले साहित्यमा छुट्टै पहिचान बनाउन सफल भएको छ ।

आधुनिक नेपाली साहित्यमा उपन्यास नामले परिचित शब्द पाश्चात्य साहित्यको उपज भएको कुरा विद्वान्हरू पनि स्वीकार गर्दछन् । 'उपन्यास' अङ्ग्रेजी साहित्यको नोवेल (Novel) को पर्यायवाची शब्दका रूपमा नेपालीमा प्रयोग भएको पाइन्छ । नोवेल शब्द इटालेली भाषाको नोवेल्ला (Novella) बाट बनेको हो जसको अर्थ 'अलिकति नयाँ वस्तु' भन्ने हुन्छ । प्रस्तुत नोवेल्ला शब्द ग्रिसेली भाषाको नयाँ अर्थ दिने Novus शब्दबाट बनेको हो । केही मात्रामा यथार्थको प्रयोग गरिएको तथा रमाइला छोटा रूपमा लेखिएका गद्य रचनाहरूलाई इटालेली भाषामा नोवेल्ला (Novella) भनिन्थ्यो (बराल र एटम २०६६:३) । यसरी इटालेली भाषाको नोबेल्ला (Novella) फ्रान्सेली भाषामा Nouvelle का नामले नयाँ कृतिको बोध गराउन सक्षम भयो । नयाँ घटनालाई समाचार टिपोटका रूपमा प्रस्तुत गरिने कार्यको सङ्केत गर्ने नोवेल्ला ( Novella ) शब्दले विभिन्न घटनाहरूको प्रस्तुति गर्न थाल्यो । यस प्रकार आजको उत्तरआधुनिक यात्रासम्म आउँदा घटना, पात्र, कुतुहलता, द्वन्द्व (

मनोद्वन्द्व समेत), उद्देश्य आदिको प्रकटीकरण आख्यानात्मक साहित्यिक विधा उपन्यासका हुन्छ ।

यसरी प्राचीन कालदेखि हालसम्मको लामो समयावधिमा समाजमा घटेका घटनाहरूको विकासलाई उपन्यासले गद्यात्मक भाषाद्वारा आधुनिक अझ उत्तरआधुनिक युगमा आएर मानवीय जीवन - जगतको सर्वाङ्ग प्रस्तुत गर्ने गर्दछ । यो उपन्यास शब्द अङ्ग्रेजी साहित्यको नोवल, हिन्दी, बङ्गाली साहित्यमा स्थापित हुदै आधुनिक नेपाली साहित्यमा एक सशक्त विधाका रूपमा स्थापित  भएको छ ।

### २.१.२. उपन्यासको परिभाषा

उपन्यास पूर्वीय साहित्यबाट नभई पश्चिमी साहित्यबाट लेख्न थालिएको कुरा स्पष्ट भइसकेको छ । मुख्यतः उपन्यासको लेखन र प्रकाशन सँगै स्वरूप र परिभाषा पनि थालिएको पाइन्छ । यस सन्दर्भमा पश्चिमी साहित्यकारहरू नै बढी सक्रिय देखिन्छन् । उपन्यास सम्बन्धी केही परिभाषाहरू यस प्रकार रहेका छन् :

'विस्तृत गद्याख्यानको साझा विशेषता भएका सबै खाले कृतिहरूलाई उपन्यास भनिन्छ ।' -एम. एच. अब्राहम, (बराल र एटम, २०६६:६) ।

'हालको जटिल एवं सङ्कटग्रस्त सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक आदि संस्कारद्वारा पीडित मानव जातिको प्रतिनिधिमूलक अभिव्यक्ति नै उपन्यास हो जसलाई आधुनिक साहित्यको गद्यकाव्य पनि भन्नुपर्छ ।' - इ.एम. फोस्टर, (बराल र एटम, २०६६: ६) ।

'उपन्यास कुनै कोरा कथात्मक मात्र नभई मानव जीवन कै अभिव्यक्ति दिने गद्यात्मक दीर्घाख्यान हो' - राल्फ फक्स, (बराल र एटम, २०६६:६) ।

'जीवनका अपेक्षित पक्षहरूसँग परिचित गराउने सुरुचि, सजीव र विश्वसनीय पक्षहरूको रचना स्थापत्यका रूपमा गद्यशैलीमा उपस्थित हुनु नै उपन्यास हो' - डा. गोपाल राय, (सुवेदी, २०६४:११) ।

'उपन्यास मानव जीनकै सम्पूर्णताको अभिव्यक्ति हो' - कृष्ण चन्द्रसिंह प्रधान, (प्रधान, २०५२:७) ।

‘उपन्यास यथार्थमा भावनाको भाषा, सत्यको सन्धान, जीवनको उद्गार र मानवताको प्राप्ति हो, साँचो उपन्यास जीवनको छाँया नै हुन्छ र साँचो उपन्यास नै जीवनको मार्ग दर्शक बन्छ’ -इन्द्र बहादुर राई, (राई, २०५२:३९) ।

‘कुनै शाश्वत मानवीय मर्मको अविस्मरणीय कलात्मकताले नै उपन्यासलाई महान बनाउँदछ’ -डा. वासुदेव त्रिपाठी, (बराल र एटम, २०६६:६) ।

‘पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ’ - राजेन्द्र सुवेदी (सुवेदी, २०६४:१२) ।

माथिका परिभाषाहरू बाट के स्पष्ट हुन्छ भने उपन्यास आधुनिक साहित्यको एउटा महत्वपूर्ण एवम् रोचक गद्य आख्यान विधा हो । यसले मानव जीवनको सग्लो र यथार्थ अभिव्यक्ति दिदै कलात्मकता अनि सत्य तथ्यले रोचकता दिने र मार्ग दर्शन गर्ने काम गर्दछ । समग्रमा उपन्यासलाई कलात्मक गद्याख्यान अनि आधुनिक समयको महाकाव्य हो भन्न सकिन्छ ।

## २.२. आधुनिक नेपाली उपन्यासको विकासक्रम

### २.२.१. पृष्ठभूमि

अङ्ग्रेजी साहित्यमा नयाँ विधाका रूपमा देखा परेको आधुनिक उपन्यासको इतिहास त्यति पुरानो देखा पर्दैन । पाश्चात्य साहित्यमा रमाइला छोटा रूपमा लेखिएका गद्य रचनाहरूबाट शुरु भएको उपन्यास विधा अठारौं शताब्दीको उपज हो । अङ्ग्रेजी साहित्यमा अठारौं शताब्दीमा देखा परेको उपन्यास हिन्दी, बङ्गाली साहित्यमा घुलमिल हुँदै आधुनिक नेपाली साहित्यमा आफूलाई छुट्टै विधाका रूपमा स्थापित गर्न सफल भएको छ ।

नेपालीमा उपन्यास विधाको विकास विक्रमको बिसौं शताब्दीको उत्तरार्धदेखि मात्र सुरु भएको पाइन्छ । प्रारम्भिक कालीन आख्यान परम्परा धार्मिक तथा लोककथाबाट भएकाले तिनीहरूको मुख्य उद्देश्य भनेको उपदेश मात्र दिनु रहेको देखिन्छ (प्रधान, २०५३:२१) । वि.सं. १८२७ को शक्तिबल्लभ अर्यालको अनुदित ‘विराट पर्व’ लाई नै अफ सम्मको प्राचीन प्रथम गद्याख्यान मान्ने प्रचलन रहेको छ । ‘विराटपर्व’ पछि ‘वीर सिक्का’ (१९६४ वि.सं.) हुँदै ‘रूपमती’ (१९९२) सम्म आइपुग्दा उपन्यासका क्षेत्रमा फराकिलो

दृष्टिकोण पनि स्थापित हुँदै आएको छ । ऐयारी, तिलस्मी, जासुसी, नैतिक उपदेश आदिलाई उद्देश्य बनाएको प्राथमिककालीन आख्यान परम्परामा माध्यमिक कालखण्डसम्म आइपुग्दा केही सामाजिक अन्तर्वस्तु पनि मिसिन थाल्छन् । नेपालभित्र तथा बाहिरबाट नेपाली साहित्यलाई गोडमेल गर्दै गोर्खा पत्र, गोर्खा संसार आदि पत्रिकाहरूले आख्यान परम्परालाई टेवा दिएको पाइन्छ । सामाजिक आचरण, राजनीतिक आस्था, धार्मिक अन्धविश्वास आदिलाई समाज अनि मान्छेको मनमा सकरात्मक सन्देश दिने कार्यका लागि उपन्यास अगाडि बढ्दछ । मनोरञ्जनपूर्ण उद्देश्य बोकेका उपन्यास भन्दा नैतिक शिक्षा प्रदान गर्ने उपन्यासहरू अगाडि आउन थाल्छन् । समाज अनि मान्छेलाई केन्द्रमा राखेर अध्ययन/विश्लेषण गर्ने कार्य आख्यान साहित्यको पछिल्लो कालखण्डमा आएर उद्देश्य साबित भएको छ ।

यसरी आधुनिक नेपाली उपन्यास परम्पराको बिजका रूपमा वा 'विराटपर्व' लाई पृष्ठभूमिका रूपमा देख्न सकिन्छ । विराट पर्वलाई नै आधार मानेर आधुनिक नेपाली उपन्यास परम्परालाई निम्न तीन वटा कालमा विभाजन गरिएको छ (बराल र एटम, २०६६:७१)

प्राथमिक काल (वि.सं. १८२७ - १९४५)

माध्यमिक काल (वि.सं. १९४६ -१९९०)

आधुनिक काल (वि.सं. १९९१ - हालसम्म)

## २.२.२. नेपाली उपन्यासको आधुनिक काल

प्राथमिक तथा माध्यमिक कालका आख्यान साहित्यले आधुनिककाललाई बलियो पृष्ठभूमि प्रदान गरेको पाइन्छ । वि.सं. १९९१ म प्रकाशित शारदा पत्रिकाले माध्यमिक कालीन साहित्यका सम्पूर्ण विधा (खास गरेर आख्यान) हरूमा आधुनिकताको बोध गराएको छ । साहित्य साधकहरू अब आएर दैवी शक्तिमा भन्दा मानवीय शक्तिलाई आधार बनाएर समाजका कल्मष पखाल्न थाल्दछन् । साहित्यले मानिस र समाजको नकरात्मक सोचलाई परिवर्तन गर्न सक्नुपर्छ भन्ने भावनाले साहित्य निर्दिष्ट हुन थाल्दछ । यसै सिलसिलामा १९९१ वि.सं. मा रुद्रराज पाण्डेको 'रूपमती' उपन्यास आदर्शलाई केन्द्र बनाएर सामाजिक मूल्य अनि मान्यताको ओज गर्ने उद्देश्यले प्रकाशित हुन्छ । व्यक्तिलाई सुधार्न सामाजिक

मूल्यहरूको खाँचो पर्दछ भन्ने मान्यतामा आधारित भएर लेखन कार्य अगाडि बढ्दा अब आएर मान्छेलाई चलाउने उसभित्रकै तत्वले गर्दा हो भन्ने तर्कका साथ मनोविज्ञानको प्रचलन बड्दछ । निरन्तर रूपमा अगाडि बडेको उपन्यास परम्परा आजसम्म आइपुग्दा उत्तर आधुनिकताको आँचलभित्र लुक्न पुगेको छ ।

आधुनिक भन्नाले वर्तमानलाई बुझाउँदछ । आधुनिकता भित्र नवीनता पर्दछ । तत्कालीन समाजको चित्रण, दैवी शक्तिभन्दा मानवीय शक्तिको गुण गान, आदर्श पात्रको निर्माण जस्ता नवीनतम उद्देश्य बोकेर प्रकाशित भएको आधुनिक काललाई आरम्भ गर्ने उपन्यास रूपमती (१९९१) लाई मानिन्छ (राई, २०५०:१७) । यसरी 'रूपमती' बाट सुरु भएर आजसम्म आइपुग्दा आधुनिक उपन्यास यात्रामा विविध प्रवृत्ति र मोडहरु देखा परिसकेका छन् । स्वच्छन्द अनि आदर्शलाई केन्द्र बनाइएको रूपमतिलाई आधार बनाएर त्यस पछि प्रकाशित युग परिवर्तन गर्ने उपन्यासका प्रवृत्तिका आधारमा आधुनिक नेपाली उपन्यासलाई मोटामोटी तीन चरणमा विभाजन गर्न सकिन्छ जसमा -

प्रथम चरण (वि.सं. १९९१ - २०१५ सम्म)

दोस्रो चरण (वि.सं. २०१६ - २०३५ सम्म)

तेस्रो चरण (विंसं. २०३६ देखि हालसम्म)

## २.२.२.१. प्रथम चरण (वि.सं. १९९१ - २०१५ सम्म)

प्रथम चरणका उपन्यासले सामाजिक यथार्थका विविध रूपको चित्रण गरेको पाइन्छ । यस चरणका उपन्यासमा मूलतः बाह्य यथार्थको वर्णनमै केन्द्रित हुने साझा प्रवृत्ति पाइन्छ । यस चरणमा आदर्शोन्मुख यथार्थवादी धाराका सरदार रुद्रराज पाण्डेका 'रूपमती' (१९९१) 'चम्पाकाजी' (१९९३), 'प्रायश्चित' (१९९५) तथा 'प्रेम' (२००५), काशीबहादुर श्रेष्ठको 'उषा' (१९९५), टुकराज पदमराज मिश्रको 'राजबन्धकी' (१९९६) र 'रामकृष्ण कुँवर राणा' (१९९९) जस्ता उपन्यासहरू देखा पर्दछन् । स्वच्छन्दवादी धाराका रूपनारायण सिंहको 'भ्रमर' (१९९३), अच्छाराई 'रसिक' को लगन' (२०११), शिवकुमार राईको 'डाकबङ्गला' (२०१३) उपन्यास पनि यसै समयमा देखिए भने सामाजिक यथार्थवादी धारामा लैनसिंह बाङ्देलका 'मुलुकबाहिर' (२००४), 'माइतघर' (२००७), लीलबहादुर क्षेत्रीको 'बसाइँ' आदि उपन्यासहरू महत्वपूर्ण रहे । ऐतिहासिक यथार्थवादी धाराको प्रवेश डायमनशमशेर राणाको

'वसन्ती' (२००६) बाट भयो भने वाङ्देलको 'लङ्गडाको साथी' (२००८) ले अतियथार्थवादी धारालाई भित्र्यायो । आलोचनात्मक यथार्थवादी धाराको प्रवेश हृदयचन्द्र सिहं प्रधानको 'स्वास्नी मान्छे' (२०११) मुक्तिनाथको 'को अछुत ?' (२०११) तथा खड्गबहादुर सिंहको 'विद्रोह' (२०११) र 'हुरीको चरा' (२०१३) बाट भयो (बराल र एटम, २०६६:८४) ।

### २.२.२.२. **दोस्रो चरण (वि.सं. २०१६ - २०३५ सम्म)**

दोस्रो चरणका उपन्यासहरू स्थूलताबाट सूक्ष्मतातिर लम्किएका पाइन्छ । यस चरणका उपन्यासहरू व्यक्ति मनको आन्तरिक चित्रणमा केन्द्रित रही सूक्ष्म यथार्थको अङ्कन गर्न पनि अग्रसर छन् (बराल र एटम, २०६६:८४) । मनोविज्ञानको अत्यधिक प्रयोग यस चरणको केन्द्रीय विशेषता हो भने प्रयोगात्मक प्रवृत्ति पनि पहिचान भएको पाइन्छ । मनोविज्ञानको सफल तथा प्रथम प्रयोग गोविन्द गोठालेको 'पल्लो घरको झ्याल' (२०१६), विजय मल्लको 'अनुराधा' (२०१८), विश्वेश्वर प्रसाद कोइरालाको 'नरेन्द्र दाइ' (२०२७) र 'सुम्निमा' (२०२७) सूक्ष्म यथार्थको अङ्कनमा सफल उपन्यास हुन् ।

विसङ्गतिवादी चिन्तनमा लेखिएका उपन्यासहरूमा इन्द्रबहादुर राईको 'आज रमिता छ' (२०२१), पारिजातको 'शिरीषको फूल' (२०२२) र 'महत्ताहीन' (२०२५), ध्रुवचन्द्र गौतमको 'अन्त्यपछि' (२०२४), 'बालुवा माथि' (२०२८) र 'डापी' (२०३३) महत्वपूर्ण रहेका छन् । यस्तै प्रकृतिवादको आंशिक प्रयोग गोठालेको 'पल्लो घरको झ्याल' (२०१६), शङ्कर कोइरालाको 'खैरिनी घाट' (२०१८) र भवानी भिक्षुको 'पाइप नं. २ (२०३४)' जस्ता कृतिमा पाइन्छ । त्यस्तै प्रयोगवादी उपन्यासमा 'मञ्जुलको छेकु डोल्मा' (२०२६), जगदीश घिमिरेको 'साबिती' (२०३४) आदि पनि यस धाराका विकासमा आधार स्तम्भका रूपमा आएका छन् । यस्तै प्रयोगवादलाई आत्मसात गर्दागर्दै पनि विपरीत ध्रुवमा रहेर प्रगतिवादी धाराको आगमन तथा विकास र आलोचनात्मक यथार्थवादी धाराको वर्चस्व पनि यस चरणको महत्वपूर्ण विशेषता हो । यस धाराका उपन्यासहरूमा डी.पी. अधिकारीको 'आशमाया' (२०२५), 'धरती अझैं बोल्दैछ' (२०२७), खगेन्द्र सङ्ग्रौलाको 'चेतनाको पहिलो डाक' (२०२७), परिजातको 'तोरीबारी बाटा र सपनाहरू' (२०३३) आदि रहेका छन् ।

**२.२.२.३. तेस्रो चरण (वि.सं. २०३६ देखि हालसम्म)**

आधुनिक नेपाली उपन्यासको उत्तरवर्ती चरणका रूपमा देखिएको यस अवधिमा अधिकांश उपन्यासकारहरू समाजमुखी प्रवृत्ति लिएर देखिएका छन् वा जीवनमुखी साहित्य सिर्जनामा समाहित भएका छन् । जीवनका समस्याको आलोचनात्मक व्याख्या यस चरणका उपन्यासहरूमा पाइन्छ । आलोचनात्मक यथार्थवादी धारामा ध.च. गोतामेका 'घामका पाइलाहरू (२०३५) र 'यहाँदेखि त्यहाँसम्म' (२०४२), ध्रुवचन्द्र गौतमको, कट्टेल सरको 'चोटपटक' (२०३७), 'अलिखित' (२०४०), 'उपसंहार तथा चौथो अन्त्य' (२०४८), भरत जङ्गमको 'कालो सूर्य' (२०३६), दौलतविक्रम बिष्टको 'भोक र भित्ताहरू' (२०३८) र 'ज्योति ज्योति महाज्योति' (२०४५), तारानाथ शर्माका 'झझल्को' (२०४५), 'नेपालदेखि अमेरिकासम्म' (२०४९), नारयण ढकालका 'पीत संवाद' (२०५५) र 'प्रेतकल्प' (२०६५) आदि महत्वपूर्ण रहेका छन् । यस अवधिमा मिथकीय प्रयोगको उर्वरता देखिंदै गरेका सन्दर्भमा विश्वेश्वर प्रसाद कोइरालोको 'मोदिआइन' (२०३६) र 'हिटलर र यहुदी' (२०४०), मदनमणि दीक्षितका 'माधवी' (२०३९) र 'त्रिदेवी' (२०५१), राजेश्वर देवकोटाको 'द्वन्द्वको अवसान' (२०४१), जगदीश शमशेर राणको 'सेतो ब्याकको आख्यान' (२०६०), कृष्ण धारावासीको 'राधा' (२०६२) आदि उपन्यासहरू महत्वपूर्ण रहेका छन् । प्रगतिवादी उपन्यासको भूमिकामा वृद्धि हुनु यस अवधिको विशेषता हो यस क्रममा पारिजातको 'अनिंदो पहाडसँगै' (२०३९), रमेश विकलको ''अविरल बग्दछ इन्द्रवती' (२०३९), ऋषिराज बरालको 'कामरेड हुतराजको राजधानी प्रस्थान' (२०४८), नारायण ढकालको 'दुर्भिक्ष' (२०६०) आदि उपन्याासहरू देखा परेका छन् । कृष्ण धराबासीको 'टुँडाल' अनि ध्रुवचन्द्र गौतमको 'एउटा असफल आख्यानको आरम्भ अप्रिय' आदि उपन्यासले संस्कृतिभित्रको जडता अनि मानसको वास्तविक पहिचानको सूक्ष्म रूपले खोतल खातल पारेका छन् । पछिल्लो चरणमा आएर डायस्पोरिक चेतना अभिव्यक्त भएका उपन्यासहरू पनि देखिएका छन् । होमनाथ सुवेदीका 'चौराली' (२०५१), 'अङ्कुर' (२०५३) र 'यमपुरीको महल' (२०६४), राजवको 'एटलान्टिक स्ट्रिट' (२०६५) डायस्पोरिक चिन्तनका उत्कृष्ट उदाहरण हुन् (बराल र एटम, २०६६:८६) ।

## २.३. आधुनिक नेपाली उपन्यासको धारागत परम्परा

विभिन्न काल खण्डमा इतिहास रच्न सफल उपन्यासहरूको प्रकाशनले विविध धारा अनि प्रवृत्तिहरूलाई डोऱ्याएका छन् । रूपमती बाट सुरुवात भएको आदर्शोन्मुख धारापछि हालसम्म उपन्यास विधामा देखापरेका धाराहरूलाई निम्नानुसार देखाउन सकिन्छ ।

### २.३.१. आदर्शोन्मुख यथार्थवादी धारा

आदर्शवादी जीवन दृष्टि र यथार्थवादी कला प्रयोग गरेर लेखिएका साहित्यिक कृतिमा आदर्शोन्मुख यथार्थ पाइन्छ । बाह्य समाजको अन्याय र दयनीय स्थिति चित्रित नभई कुनै व्यक्तिको आदर्शवादमा यथार्थको सर्वथा परित्याग हुदैन (कृष्ण चन्द्र सिंह प्रधान, २०५२:७७) । उपन्यासमा आदर्शवादको प्रयोग कुवृत्तिको हार र सद्वृत्तिको जित देखाइ गरिएको हुन्छ । समाजमा असल चरित्रको उत्पत्ति तथा दुष्टको दुर्गति देखाउने प्रवृत्ति आदर्शवादमा हुन्छ । त्यसैगरी जीवन र जगत्मा देखिएको सम्बन्धका आधारमा मान्छेका जीवनमा देखिने यथार्थ वा वास्तविकतालाई जस्ताको तस्तै उतार्ने साहित्यिक मान्यताको रूपमा यथार्थवाद देखा परेको छ (शर्मा  र लुइटेल, २०६३:२९५) । यथार्थवादमा वास्तविक संसारलाई सत्य स्वीकार गरेर त्यसका घटना र चरित्रलाई क्रमबद्ध विकासका आधारमा बुन्ने गरिन्छ । यसले सार्वजनिक सत्यको खोजी गर्छ । मानव समाज र यथार्थ परिवेशलाई आधार बनाएर लेखिएको उपन्यास जब आदर्शको केन्द्रीय निष्कर्षमा टुङगिन्छ, त्यो आदर्शोन्मुख यथार्थवादी हुन्छ । खराब गर्नेलाई भगवान्ले दण्ड र राम्रो गर्नेलाई पुरस्कार दिन्छन् भन्ने देखाउनु र त्यसको पुष्टिका लागि यथार्थ घटना सिर्जना गरी वर्णन गर्नु नै वास्तवमा आदर्शोन्मुख यथार्थको प्रवृत्ति हो (बराल र एटम, २०६६:९०) ।

आधुनिक नेपाली उपन्यासको विकास क्रमको पहिलो धारा नै आदर्शोन्मुख यथार्थवादी धारा हो । यस धाराको सुरुवात रुद्रराज पाण्डेको वि.सं. १९९१ मा ‘रूपमती’ प्रकाशित भएपछि भएको हो । यस धाराका अन्य प्रकाशित उपन्यासहरूमा पाण्डेकै ‘चम्पाकाजी’ (१९९३), ‘प्रायश्चित’ (१९९३) र ‘प्रेम’ (२००५), काशीबहादुर श्रेष्ठको ‘उषा’ ( १९९५) र ‘वचन’ (२००१), शोभाचन्द्र उपाध्यायको ‘पाटली पुत्र’ (२००३), ‘सुरेन्द्र’ (२०१५),

भारती खरेलको 'गङ्गा-जमुना' (२०४६), विकास आचार्यको 'अप्प दीपो भवः' (२०५७) आदि रहेका छन् ।

### २.३.२. स्वच्छन्दतावादी धारा

आधुनिक उपन्यास परम्परामा देखा परेको अर्को महत्वपूर्ण धारा स्वच्छन्दतावादी धारा हो । स्वच्छन्दतावाद भनेकै सुन्दरता र विचित्रताको सङ्गम भएकाले यसमा पदार्थको बाह्य यथार्थलाई भन्दा आन्तरिक र सूक्ष्म यथार्थलाई महत्व दिइन्छ । बन्धनलाई भाँचेर स्वतन्त्रता स्वच्छन्दतावादका मूल लक्षण हो (बराल र एटम, २०६६:९३) । भावनालाई बढी महत्व दिने हुँदा यसमा राष्ट्रियताको प्रकटीकरण पनि उदात्त रूपमा भएको हुन्छ । सामाजिक रुढी, परम्परा, मर्यादा, नैतिकता आदि कृत्रिम बन्धनहरूबाट मुक्ति स्वच्छन्दतावादको महत्वपूर्ण मान्यता हो (शर्मा र लुइटेल, २०६३:२८८) । यस सिद्धान्तमा मानवतावादी विचार पनि उत्तिकै सशक्त रूपमा आएको हुन्छ । स्वच्छन्दतावादी रचनाहरूमा पीडित र दुःखीप्रति सहानुभूति र संवेदना व्यक्त गरिएको हुन्छ ।

आधुनिक नेपाली उपन्यासका क्षेत्रमा स्वच्छन्दतावादी धाराको सुरुवात रूपनारायण सिंहको वि.सं. १९९३ मा प्रकाशित 'भ्रमर' उपन्यासबाट भएको हो । यसै धारामा रहेर रचित अन्य उपन्यासहरू रूपनारायण सिंह कै 'विजुली अपूर्ण', (२००६), महिन बहादुर मल्लको 'उजेली छाँया' (२००८), अच्छा राई 'रसिक' को 'लगन' (२०११), शिवकुमार राईको 'डाक बङ्गला' (२०१३), समीरण प्रियदर्शीको 'पोखिएको जिन्दगी' (२०३८), हिरण्य भोजपुरेको 'छिटेन' (२०५४), होमराज आचार्यको 'निर्दोष कैदी' (२०५४) राजेन्द्र पौडेलका 'समाजले देखिनसहेको प्रेम' (२०५८), 'बिछोडको चोट' (२०५९) र 'सपनाको राजकुमार' (२०६०), किशनसिंह धामीको 'कलेज गर्ललाई इमेल' (२०६३) आदि रहेका छन् ।

### २.३.३. सामाजिक यथार्थवादी धारा

आधुनिक नेपाली उपन्यासमा देखा परेको अर्को धारा सामाजिक यथार्थवादी धारा हो । यथार्थ कै एउटा हाँगाका रूपमा सामाजिक यथार्थवाद आएको हो, जसमा तटस्थ भएर समाजको प्रतिबिम्ब उतारिन्छ । इन्द्रियबाट प्राप्त ज्ञानलाई महत्व दिने र मान्छेलाई मान्छे कै रूपमा चित्रण गर्ने हुदाँ यसले सामान्यतः निम्न वर्गीय चरित्र, स्वीकृत यथार्थ र कटु

सत्यलाई प्राथमिकता दिन्छ (बराल र एटम, २०६६:९७) । यसले समाजमा जे छ अर्थात् समाजमा भइरहेको कुरा जति त्यति मात्र रचनामा स्थापित गर्दछ । (सुवेदी, २०६४:१०७) । सामाजिक यथार्थवादी रचनाहरूमा गाँउले जीवनको संस्कार तथा स्थानीय बोलीचाली र रहन - सहनको झाँकी प्रस्तुत गरिएको हुन्छ ।

आधुनिक नेपाली उपन्यासमा सामाजिक यथार्थवादी धाराको सुरुवात लैनसिंह बाङ्देलको वि.सं. २००४ मा प्रकाशित 'मुलुक बाहिर' उपन्यासबाट भएको मानिन्छ । आञ्चलिकताको प्रस्तुतीकरणले पनि सामाजिक यथार्थको चित्रणमा महत्वपूर्ण योगदान गरेको हुन्छ । नेपालीमा लैनसिंह बाङ्देलकै 'माइतघर' (२००७), 'लङ्गडाको साथी' (२००८) र 'रेम्ब्रान्त' (२०२३), लील ब. क्षेत्रीको 'बसाइँ' (२०१४), 'अतृप्त' (२०२६) र ब्रह्मपुत्रका 'छेउछाउ' (२०४३), लीलाध्वज थापाको 'मन' (२०१५), दौलतविक्रम बिष्टको 'मञ्जरी' (२०१६), शङ्कर कोइरालाको 'खैरिनी घाट' (२०१८), तुलसीराम कुँवरको 'रने' (२०१८) र 'उज्यालोतिर' (२०३३), केशवराज पिँडालीको 'बाँच्नु एउटा जिन्दगी' (२०४३), भवानी भिक्षुको 'आगत' (२०३५) र 'यहाँदेखि त्यहाँसम्म' (२०४२), राजेश्वर देवकोटाका 'आवर्तन' (२०४१), 'पूर्वकथा' (२०४३) र 'उत्सर्ग प्रेम' (२०४४) आदि सामाजिक यथार्थवादी उपन्यासहरू हुन् ।

### २.३.४. ऐतिहासिक यथार्थवादी धारा

नेपाली उपन्यास परम्परामा देखापरेको अर्को धारा ऐतिहासिक यथार्थवादी धारा हो । लेखकको जन्मभन्दा अगाडिको समयावधिका घटना र ऐतिहासिक चरित्रलाई लिएर लेखिएको उपन्यास ऐतिहासिक हुन्छ । यसले ऐतिहासिक घटना, व्यक्ति वा परिवेशलाई यथार्थवादी ढङ्गले प्रस्तुत गर्दछ । ऐतिहासिक यथार्थवादी उपन्यासमा लेखकको सबैभन्दा ठूलो काम यथार्थको भ्रम सिर्जना गर्नु रहन्छ (बराल र एटम, २०६६:१०३) । ऐतिहासिक यथार्थवादले वर्तमानलाई प्रेरणा दिन्छ र इतिहासले अन्याय गरेका पात्र, घटना र पृष्ठभूमिलाई पनि सच्याउन मद्दत गर्दछ ।

आधुनिक नेपाली उपन्यासमा डायमन शमशेर राणाको 'वसन्ती' (२००६) बाट ऐतिहासिक धाराको सुरुवात भएको मानिन्छ । अन्य महत्वपूर्ण ऐतिहासिक यथार्थवादी उपन्यासमा डायमन शमशेर राणाकै 'सेतो बाघ' (२०३०), 'प्रतिबद्ध' (२०३४), 'सत्प्रयास' (

२०३८), 'अनिता' (२०४३) र 'गृह प्रवेश' (२०५९), केशवराज पिँडालीको 'एकादेशकी महारानी' (२०२६), खगेन्द्र के.सी. को 'खानदान' (२०३५), 'एस.पी. आशा' (२०११), 'महासामन्त' (२०३६), 'रक्त सनमान' (२०४५), 'द्रव्य शाह' (२०४५), 'चीत्कार' (२०४६) 'पृथ्वीनारायण शाह' (२०५६) र 'हामीले कसरी प्रजातन्त्र ल्यायौं' (२०५७), सुन्दर प्रसाद शाहका 'प्रतिवाद' (२०४०) र 'त्रिफट्' (२०४२), श्रीकृष्ण श्रेष्ठको 'जगबहादुर' (२०५१), दौलतविक्रम बिष्टको 'फाँसीको फन्दामा' (२०५३) आदि पाइन्छन् ।

### २.३.५. अतियथार्थवादी धारा

आधुनिक नेपाली उपन्यासका क्षेत्रमा देखापरेको अर्को धारा अतियथार्थवादी धारा हो । अतियथार्थवाद साहित्यका सन्दर्भमा यथार्थको अतिक्रमण गर्ने र आन्तरिक पक्ष तथा नाङ्गो रूपलाई बढी महत्व दिने सिद्धान्त हो (बराल र एटम, २०६६:१०६) । आधुनिक समयमा नैतिकता एमदमै खोक्रो भएकाले स्वतन्त्रता र प्रेममा आधारित मूल्यहरूको स्थापनाका लागि मानिसमा पाइने प्रेम, यौन आदि वृत्तिहरूको गहन खोज गरी स्त्री पुरुषका यौन सम्बन्धको उन्मुक्त, स्वच्छन्द तथा नग्न वर्णन गर्नु यस सिद्धान्तको मूलभूत मान्यता हो (शर्मा र लुइटेल, २०६३:३३५) । यसले स्वतस्फूर्त लेखनलाई प्राथमिकता दिन्छ ।

आधुनिक नेपाली उपन्यासमा अतियथार्थवादी धाराको सुरुवात लैनसिंह बाङ्देलको 'लङ्गडाको साथी' (२००८) बात भएको मानिन्छ । यसमा अतियथार्थवादको प्रयोग हरेक दृश्य तथा परिवेशमा प्रचुर मात्रामा गरिएको छ । त्यस पछिका अन्य उपन्यासहरू गोविन्दबहादु मल्ल 'गोठाले' का 'पल्लो घरको झ्याल' (२०१६), 'अपर्णा' (२०५३) र 'प्रियानानी' (२०५६ समकालीन साहित्यमा प्रकाशित) अर्जुन निरौलाको 'घाम डुबेपछि' (२०३३) हिरण्य भोजपुरेको 'गौरी' (२०५४) आदिमा पनि अतियथार्थवादको प्रचुर तथा सशक्त प्रयोग पाइन्छ ।

### २.३.६. आलोचनात्मक यथार्थवादी धारा :

आधुनिक उपन्यास परम्परामा देखापरेको अर्को महत्वपूर्ण धारा आलोचनात्मक यथार्थवादी धारा हो । पूँजीवादी शोषण, दमन, उत्पीडन, अमानवीयता आदिको कटु आलोचना गर्ने मूल प्रवृत्ति भएको यथार्थवादलाई आलोचनात्मक यथार्थवाद भनिन्छ (शर्मा र

लुइटेल, २०५३:३०१) । यसमा समाजका अहितकर कार्यहरू, दूषित तत्वहरू, अन्धविश्वास, शोषण र सामाजिक कुप्रथाहरू अध्ययन गरेर तिनीहरूको विवेचना, आलोचना गर्ने गरिन्छ ( प्रधान, २०६३:१४९) । यसमा सकारात्मक पक्षको समर्थन र नकारात्मक पक्षको तीव्र आलोचना गरिएको हुन्छ भने समाजको सन्दर एवं आँकलन गरिएको हुन्छ (सुवेदी, २०६३:१८३) । यस सिद्धान्तले सामाजिक विसङ्गतिलाई चिरफार गरेर त्यस्ता विकृति र विसङ्गतिको निन्दा र विरोध गर्दै तिनीहरूसँग जुध्नका लागि प्रेरणा प्रदान गरेको हुन्छ भने समाजमा रुढ बनेका अन्धविश्वास र जड मान्यतालाई उखेलेर नयाँ मान्यता स्थापना गर्ने लक्ष्य राखिएको हुन्छ ।

आधुनिक नेपाली उपन्यास साहित्यमा आलोचनात्मक यथार्थवादको प्रारम्भ हृदयचन्द्र सिंह प्रधानको 'स्वास्नी मान्छे' (२०११) बाट भएको देखिन्छ । त्यसपछि आलोचनात्मक यथार्थवादी लेखन क्रमशः विस्तृत हुँदै आजसम्म पनि बगिरहेको देखा पर्दछ । यस परम्परामा लेखिएका अन्य उपन्यासहरूमा हृदयचन्द्र सिंहको 'एकचिहान' (२०१७), खड्गबहादुर सिंहको 'विद्रोह भाग १ र ३ (२०११ २०१३)', 'हुरीको चरा' (२०१३), जगदीश घिमिरेका 'लिलाम' (२०२७) र 'साबिती' (२०३२), ध्रुबचन्द्र गौतमका कट्टेल सरको 'चोटपटक' (२०३७), 'फूलको आतङ्क' (२०५५), नारायण ढकालको 'पीत संवाद' (२०५५) र 'प्रेतकल्प' (२०६५), दौलतविक्रम बिष्टका 'मञ्जरी' (२०१६), 'एक पालुवा अनेकौ याम' (२०३६), 'बिग्रिएको बाटो' (२०३३), 'थाकेको आकाश' (२०३४), 'भोक र भित्ताहरू' (२०३८), 'ज्योति ज्योति महाज्योति' (२०५५), तारानाथ शर्माका 'मेरो कथा' (२०२६), 'ओझेल पर्दा' (२०२६), 'सुली' (२०३०), 'झझल्को' (२०५५) र 'नेपालदेखि अमेरिकासम्म' (२०४९), गीता केशरीको 'कसिङ्गर' (२०३४), 'सौगात' (२०४६), 'आवाज' (२०४७), 'मुक्ति' (२०४८), 'विश्वास' (२०५२), गोविन्द गिरी प्रेरणाको 'उत्खनन्' (२०४५), 'पाखण्ड पर्व' (२०५०), 'गङ्गाको ओतमुनि' (२०४८), कृष्ण गौतमको 'स्वर्ण बिम्ब' (२०४८), गोबिन्दराज भट्टराईको 'मुग्लान' (२०३१), 'सुकरातका पाइला' (२०६३), नयनराज पाण्डेको 'नाङ्गो मान्छेको डायरी' (२०४४), खगेन्द्र संगौलाको 'जुनकिरीको सङ्गीत' (२०५६), रामप्रसाद ज्ञवालीको 'परिवर्तनको मोडमा' (२०५०) र 'जीवनका घुम्तीहरू' (२०५३), डा. युवराज सग्रौलाको 'शिशिरमा फुलेको गुराँस' (२०६४) आदि रहेका छन् ।

### २.३.७. मनोविश्लेषणवादी धारा

आधुनिक नेपाली उपन्यासको विकास परम्परामा देखापरेको अर्को महत्वपूर्ण धारा मनोविश्लेषणवादी धारा हो । मनोविश्लेषण भन्नाले मनुष्यको व्यक्तिगत जीवनभित्र प्रवेश गरी उसको मानसिक जीवनको अध्ययन पद्धति विशेषलाई बुझिन्छ । यसले व्यक्तिको वैयक्तिक चरित्रको चित्रण गर्दछ । मान्छेका स्मृति र विस्मृतिमा, स्वप्न, तन्द्रा र जागरणमा, आवेग र विक्षोभमा रहने विभिन्न मनस्थितिलाई प्रतिपादन गर्ने कला मनोवैज्ञानिक सपनाका माध्यमबाट निरूपण हुन सक्छ (सुवेदी, २०६४:२४७) । मूलतः मनोविश्लेषणवादी उपन्यासमा चेतन र अचेतन तथा इगो र इदका बीचको द्वन्द्व प्रस्तुत गरी यौनजन्य असामान्यता र मनका कुण्ठा, अतृप्ति तथा विक्षिप्ति एवम् दमित स्थितिको विश्लेषण गरिएको हुन्छ (बराल र एटम, २०६६:१२९) ।

नेपाली उपन्यासका क्षेत्रमा मनोविश्लेषणको प्रवेश गोविन्दबहादुर मल्ल 'गोठाले' को 'पल्लो घरको झ्याल' (२०१६) उपन्यासबाट भएको हो । यस प्रवृत्तिलाई अँगाली लेखिएका अन्य उपन्यासहरूमा विजय मल्लको 'अनुराधा' (२०१८), 'कुमारी शोभा' (२०३९) र 'श्रीमती शारदा' (२०५६), धुस्वाँ सायमीको 'गँकी' (२०२१), विश्वेश्वरप्रसाद कोइरालाको 'तीन घुम्ती' (२०२५) र 'नरेन्द्र दाइ' (२०२६), तारिणी प्रसाद कोइरालाको 'सर्पदंश' (२०२६), नयनराज पाण्डेको 'अतिरिक्त' (२०५०), इन्दिरा प्रसाईको 'विश्वामित्र' (२०५५), कुलचन्द्र कोइरालाको 'वासना र प्रेम' (२०५६), दौलतविक्रम विष्टका 'एक पालुवा अनेकौं याम' (२०२६) र 'चपाइएका अनुहारहरू' (२०३०), परशु प्रधानका 'सबै बिर्सिएका अनुहारहरू' (२०२४) र 'रात जो पग्लन्छ' (२०२४), सञ्जिव उप्रेतीको 'घनचक्कर' (२०६४) आदि प्रमुख रहेका छन् ।

### २.३.८. विसङ्गतिवादी / अस्तित्ववादी धारा

आधुनिक नेपाली उपन्यासका विकासमा देखापरेको अर्को सशक्त धाराको नाम हो - विसङ्गतिवादी / अस्तित्ववादी धारा । विसङ्गति भनेको जीवनको निस्सारता वा शून्यता हो । जीवनलाई दिइने कुनैपनि मूल्यको कुनै अर्थ नभएकाले जीवन जगत पनि व्याख्येय छैन भन्ने कुरा नै विसङ्गतिवादको मर्म हो (बराल र एटम, २०६६:१३४) । मान्छेको जीवन नै निस्सार छ, मृत्यु अपरिहार्य छ त्यसकारण मान्छे जन्मनु नै विसङ्गत छ भन्ने धारणा

विसङ्गतिवादीहरूको छ भने अस्तित्ववादले निस्सारता र शून्यताभित्र पनि जीवनको अस्तित्व देखाउँछ । अस्तित्ववादले जीवन र जगत हुनुको अर्थ खोज्दछ । त्यसैगरी यसले मनुष्य जीवनको अस्तित्व खोज्दछ । अस्तित्ववादीहरू व्यक्तिगत सत्ता, व्यक्तिका जटिल समस्या, व्यक्तिको स्वतन्त्रता, वैयक्तिक दायित्व, व्यक्तिगत विशिष्टता जस्ता विषयलाई महत्व दिने गर्दछन् (सुवेदी, २०६४:३३१) । विसङ्गतिबोधबाट आत्मसत्ताको अनुभव गर्न मानिसले कि विद्रोह गर्नुपर्दछ कि त मान्यता अस्तित्ववादमा रहेको छ भने यसले सक्रिय जीवनको आवश्यकतामा जोड दिन्छ (बराल र एटम, २०६६:१३९) ।

नेपाली उपन्यास परम्परामा विसङ्गतिवादी धाराको सूत्रपात इन्द्रबहादुर राईको 'आज रमिता छ' (२०२१) उपन्यासबाट भएको हो । त्यसै गरी अस्तित्ववादी धाराको सुरुवात पारिजातको 'शिरीषको फूल' (२०२२) बाट भएको हो । यसका साथै विसङ्गतिवादी अस्तित्ववादी धाराका उपन्यासहरूमा परिजातको 'महत्ताहीन' (२०२५), ध्रुवचन्द्र गौतमको 'अन्त्य पछि' (२०२४), 'बालुवामाथि' (२०२८) र 'डापी' (२०३३), दौलतविक्रम बिष्टको 'चपाइएका अनुहारहरू' (२०३०), विश्वेश्वरप्रसाद कोइरालाका 'बाबु, आमा र छोरा' (२०४५), 'हिटलर र यहुदी' (२०४०), सरुभक्तका 'पागल बस्ती' (२०४८) र 'तरुनी खेती' (२०५३), गोबिन्दराज भट्टराईको 'सुकरातका पाइला' (२०६३) आदि महत्वपूर्ण रहेका छन् ।

### २.३.९. प्रयोगवादी धारा

आधुनिक नेपाली उपन्यास परम्परामा देखा परेको अर्को धारा प्रयोग धारा हो । प्रयोगवाद भन्नाले परम्परागत भन्दा भिन्न शैली, भिन्न कथ्य, फरम भाषा, संरचना आदिमा पृथक्पन ल्याउनुलाई बुझिन्छ । नेपाली उपन्यास परम्परामा एकपछि अर्को उपन्यासमा भिन्न प्रयोगहरू भएका छन् । यस क्रममा चलेका 'नयाँ उपन्यास', 'अउपन्यास', 'अधि उपन्यास' आदि प्रयोगवादी उपन्यास हुन् (बराल र एटम, २०६६:१४३) ।

आधुनिक नेपाली उपन्यासका थालनीबाट देखा परेको आदर्शोन्मुख यथार्थवादमा लैनसिंह बाङ्देलको 'लङ्गडाको साथी' (२००८) ले केही नयाँ प्रयोग प्रस्तुत गऱ्यो । यस पछिका समयमा गोठालेको 'पल्लो घरको झ्याल' (२०१६) ले अर्को नयाँ प्रयोग मनोविश्लेषण भित्र्याउन सक्षम भयो । त्यसकै पृष्ठभूमिमा अघि बढ्दै इन्द्रबहादुर राईको 'आज रमिता छ' (२०२१) ले प्रयोगधर्मिताको अवलम्बन गरेको पाइन्छ । यसपछि ध्रुवचन्द्र गौतमको

'अन्त्यपछि' (२०२४) प्रयोगवादको विशिष्ट प्राप्ति हो । त्यस्तै गौतमका 'बालुवामाथि' (२०२८), 'अलिखित' (२०४०), 'अग्निदत्त + अग्निदत्त' (२०५३), 'उपसंहार तथा 'चौथो अन्त्य' (२०४८), 'फूलको आतङ्क' (२०५५), 'एउटा असफल आख्यानको आरम्भ' (..........) आदिले प्रयोगवादी धारालाई आत्मसात गरेका छन् । त्यस्तै मञ्जुलको 'छेकुडोल्मा' (२०२६), जगदीश घिमिरेको 'साबिती (२०३२) प्रयोगवादी धाराका उत्कृष्ट उपन्यास हुन् । त्यसैगरी ओकियामा ग्वाइनको 'सुनाश्वरी' (२०३५), पीटर जे. कार्थरको 'प्रत्येक ठाउँ प्रत्येक मान्छे' (२०३४), नयनराज पाण्डेको 'विक्रमादित्य एउटा कथा सुन' (२०४४), कवितारामको 'बकपत्र' (२०४६), जगदीश शमशेरको 'सेतो ख्याकको आख्यान' (२०६०), नारायण वाग्लेको 'पल्पसा क्याफे' (२०६१), परशु प्रधानको 'सीताहरू' (२०६४) जस्ता उपन्यासहरूले प्रयोगवादी धारालाई अगाडि बढाएका छन् ।

### २.३.१०. प्रगतिवादी धारा

नेपाली उपन्यास परम्परामा देखापरेको अर्को महत्वपूर्ण धारा प्रगतिवाद हो । प्रगतिवादी धारालाई समाजवादी यथार्थवादी धारा पनि भन्ने गरिन्छ । प्रगतिवादले वस्तु वा पदार्थलाई मूल वा चरम सत्यका रूपमा स्वीकार गरी बुद्धि, विचार तथा चेतनालाई त्यसैको प्रतिबिम्ब मान्दछ । यस वादको प्रमुख दर्शन द्वन्द्वात्मक भौतिकवादसँग सम्बन्धित हुने गर्दछ । यसले जगतलाई परिवर्तनशील भन्दै हरेक वस्तुमा विरोधी तत्वको सङ्घर्ष पनि विद्यमान हुन्छ भन्ने कुरामा विश्वास राख्दछ । समाजलाई वर्गीय दृष्टिले हेर्ने हुँदा प्रगतिवादी साहित्य पनि वर्गीय हुन्छ र त्यो शोषित अर्थात् सर्वहारा वर्गका मुक्तिका लागि केन्द्रित हुन्छ । यसमा ह्रासोन्मुख शोषण वर्गको पराजय र सङ्घर्षशील शोषित वर्गको विजय देखाइन्छ (बराल र एटम, २०६६:१४८) ।

आधुनिक नेपाली उपन्यासमा प्रगतिवादको सुरुवात डी.पी. अधिकारीको 'आशमाया' (२०२५) बाट भएको पाइन्छ । यद्यपि यसभन्दा पहिले प्रगतिवादी प्रवृत्ति अँगाल्ने कृति भने नदेखिएका होइनन् मुक्तिनाथको 'को अछुत ?' २०११), हृदयचन्द्र सिंह प्रधानको 'एक चिहान' (२०१७) ले पनि क्रान्तिकारी तथा सुधारवादी प्रवृत्तिलाई आत्मसात गरेको पाइन्छ तर प्रगतिवादी खास पहिचान बोकेको उपन्यास 'आशमाया' लाई नै मानिन्छ । यस धारालाई अगाडि बढाउने क्रममा देखिएका अन्य उपन्यासहरूमा डी.पी. अधिकारीको 'धरती अझै

बोल्दैछ' (२०२७), खगेन्द्र संग्रौलाको 'चेतनाको पहिलो डाक' (२०२७) र 'आमाको छटपटी' (२०३४), पारिजातको 'बैंसको मान्छे' (२०२९), 'तोरीबारी बाटा र सपनाहरू' (२०३२), 'पर्खालभित्र र बाहिर' (२०३५), मोदनाथ प्रश्रितको 'देशभक्त लक्ष्मीबाई' (२०३२) र 'चोर' (२०४४), रमेश विकलको 'सुनौली' (२०३०), 'अविरल बग्दछ इन्द्रावती' (२०३९) र 'सागर उर्लन्छ सगरमाथा छुन' (२०५२), सञ्जय थापाको 'पूर्वतिर' (२०४३), 'नओइलाउने फूल' (२०४३), 'बुङ्लाका साँझहरू' (२०४६) र 'देउमाईको किनारामा' (२०४७), भास्करको 'हाँडीका कनिका' (२०४५), 'बन्दी आवाज' (२०४६), 'अमरवस्ती' (२०५३), 'अचम्मको फैसला' (२०५६), घनश्याम ढकालको 'गाउँमा' (२०४९), 'इस्मालीको जिरो माइल' (२०५६), गायत्री बिष्टको 'जुनकिरी' (२०५४), सुकुम शर्माका 'सङ्घर्षशील युवाको डायरी' (२०५७) र 'अनवरत यात्रा' (२०५९) उल्लेखनीय रहेका छन् । त्यस्तै शरद् पौडेलका 'लिखे' (२०५९) र 'सीमाना वारिपारि' (२०६१), नारायणढकालको 'दुर्भिक्ष' (२०६०), हरिहर खनालको 'समयको रेखाचित्र' (२०६५) पनि उत्कृष्ट प्रगतिवादी उपन्यास हुन् ।

### २.३.११. मिथकीय धारा :

आधुनिक नेपाली उपन्यास परम्परामा देखिने अर्को धारा मिथकीय धारा हो मिथक भनेको सम्पूर्ण मानव संस्कृतिको दस्तावेज र मानव प्रवृत्तिको अन्वेषण गरिएको प्रतीकात्मक भण्डार हो । मिथकहरू मूलतः जीवन र जगत्‌को उत्पत्तिसँग सम्बन्धित हुन्छन् र यिनीहरूको धर्म र संस्कृतिसँग पनि निकट सम्बन्ध हुन्छ । यसले परम्परागत विश्वास र वर्तमान सांस्कृतिक मूल्यलाई जोडेर भविष्यका आत्मिक र सांस्कृतिक आकाङ्क्षाई प्रस्तुत गर्दछ (बराल र एटम, २०६६:१५६) ।

नेपाली उपन्यासमा पहिलो पटक मिथकीय धरातलमा उभिएर रचना भएको उपन्यास विश्वेश्वर प्रसाद कोइरालाको 'सुम्निमा' (२०२७) हो । त्यसपछि मिथकीय धाराको विस्तार गर्ने काम कोइरालाका 'मोदिआइन' (२०३६), 'हिटलर र यहुदी' (२०४०), मदनमणि दीक्षितका 'माधवी' (२०३९), 'त्रिदेवी' (२०५१) र 'भूमिसूक्त' (२०५८), ध्रुवचन्द्र गौतमका 'डापी' (२०३३), 'अग्निदत्त + अग्निदत्त' (२०५३), राजेश्वर देवकोटाको 'द्वन्द्वको अवसान' (२०४२), दौलतविक्रम बिष्टको 'ज्योति ज्योति महाज्योति' (२०४५), विनोद प्र. धितालको

'योजनगन्धा' (२०५२), जगदीश शमशेर राणाको 'सेतो ब्याकको आख्यान' (२०६०) कृष्ण धराबासीको 'राधा' (२०६२) जस्ता उपन्यासले गरेको पाइन्छ ।

## २.४. आधुनिक नेपाली उपन्यासका क्षेत्रमा 'जुनकिरी'

आदर्शोन्मुख यथार्थवादबाट अगाडि बढेको नेपाली उपन्यास आज उत्तर आधुनिक चिन्तनका प्रभावबाट गुज्रदै छ । वि.सं. २०५४ मा प्रकाशित 'जुनकिरी' उपन्यासले समसामयिकतालाई पछ्याएको छ । जुनकिरीको समीक्षा भएका कतिपय लेखहरूले यसको प्रवृत्तिगत धारणा प्रष्ट पार्न खोजेका छ । कसैले सामाजिक यथार्थ, कसैले आलोचनात्मक यथार्थ, कसैले प्रगतिवादी दृष्टिकोण भनेर यसको स्थानका सन्दर्भमा चर्चा गरेको पाइन्छ । उपन्यासको तत्वगत अनि प्रवृत्तिगत विश्लेषण गर्दा यसले प्रगतिशील उपन्यास साहित्यलाई आत्मसात गरेको पाइन्छ ।

ग्रामीण नेपाली जनजीवनका दैनन्दिनहरूलाई कथानक बनाएर अगाडि बढेको 'जुनकिरी' उपन्यास यथार्थको पर्याय बनेको छ । कथाका प्रमुख तथा सहायक पात्रका जीवनमा आएका मोड, ती मोडहरूलाई पार गर्दा खप्नु परेका समस्या, अनि आफ्नो हक अधिकार प्राप्त गर्नका निम्ति गरेका सङ्घर्षलाई सचित्र वर्णन गर्ने उपन्यासले आलोचनात्मक यथार्थवादी धारा बोकेको पाइन्छ । प्रगतिवादी उपन्यासको वर्चश्व रहेकै समयमा जुनकिरीको आगमनले त्यति ठूलो प्रभाव जमाउने स्थान राख्न नसकेपनि पीडामा परेका मानसहरूको मृत्यु देखाएर प्रगतिशीलतालाई पछ्याए भैं लाग्छ । मान्छे मर्नु भन्दा बाँचेरै सङ्घर्ष गरी आफ्नो अधिकार सुरक्षित राख्नुपर्छ भन्ने आजको प्रगतिवाद उपन्यासका पात्रहरूका मृत्युले त्यस्ता कारकहरूको खोजी गर्नुपर्दछ भन्ने अभीष्ट बोकेको पाइन्छ । अभिभावकत्व गुमाउँदा बालपनमा पर्ने प्रभाव, भेदभावले निम्त्याउने छटपटी, असहाय हुँदा मनमा आउने हीनताबोध आदिका प्रसङ्गलाई हेर्दा मनोवैज्ञानिक अध्ययन भित्र राखेर हेर्न सकिन्छ भने खण्डगत विश्राममा चित्रका प्रयोगले आधुनिकताको वरण गरेर अपठित पाठकलाई समेत पठनयोग्य बनाइएको पाइन्छ । जुनकिरीकी हजुर आमाका भनाइलाई मात्र हेर्दा आदर्शोन्मुख यथार्थ देखिन्छ जुन आदर्शले उसलाई अझ अन्यायमा पार्ने बल प्रदान गरिरहेको छ । गौरी र कालेको मृत्युलाई हेर्ने हो भने सोझासाझा नेपालीहरूका जीवनमा

आउने असमायिक मृत्युलाई चित्रित गर्दछ । सासू-बुहारीका बेमेललाई हेर्दा महिलाबाट प्रताडित महिला नै हुने वर्गीय चिन्तन एकातर्फ देखिन्छ भने गरिबी, अशिक्षा, अन्धविश्वास, सामाजिक अन्याय, वातावरण आदि हेर्दा समसामयिक यथार्थको झाँकी प्रस्तुत भएको छ ।

यसरी नेपाली उपन्यास परम्परामा प्रगतिवादी लेखनको वर्चस्व रहेका बेला बिष्टको 'जुनकिरी' प्रकाशन भएको छ । समाजका कुकृत्यहरूलाई उखेलेर फ्याक्नु पर्ने सन्देश दिन उपन्यासका पात्रहरूको मृत्यु गराएर पाठक विद्रोहको स्वर उराल्न सकेकाले प्रगतिवाद भित्रको आलोचनात्मक यथार्थवादको उत्कृष्ट नमूना भएको पाइन्छ ।

# परिच्छेद : तीन

# उपन्यासकार गायत्री बिष्टको परिचय, रचनाधर्मिता र प्रवृत्ति

## ३.१. बिष्टको परिचय र उनको साहित्यिक तथा औपन्यासिक यात्रा

### ३.१.१. जन्म र जन्मस्थान

साहित्यकार गायत्री बिष्टको जन्म वि.सं. २०२८ मङ्सिर ५ गते वाग्मती अञ्चल काठमाडौं जिल्ला अन्तर्गत सलम्बुटार, सुनटोल - ७ मा भएको हो । एक दाजु अनि तीन भाइकी एक मात्र चेली बिष्टका बाबुको नाम कमलबहादुर बिष्ट तथा आमाको नाम मिश्रीमैयाँ बिष्ट हो ।

### ३.१.२. शिक्षा दीक्षा

बिष्टले अध्ययनका क्रममा विद्यालय शिक्षा भाग्योदय माध्यमिक विद्यालय, साँखुबाट प्राप्त गरेपछि पत्रकारिता स्नातकोत्तर तथा प्रवीणता प्रमाण पत्र तहमा उर्दू विषयको अध्ययन गरी आफ्नो ज्ञानलाई अझ फराकिलो बनाएकी छिन् । बिष्ट हाल विभिन्न साहित्यिक सङ्घ - संस्थाहरूमा संलग्न तथा क्रियाशील हुनाका साथै रत्न राज्यलक्ष्मी क्याम्पसको पुस्तकालयमा कार्यरत छिन् ।

### ३.१.३. प्रेरणा र प्रभाव

गायत्री विष्ट गाउँ घरमा विद्यमान शोषण, दमन, अन्याय, अत्याचार, असमानता र उत्पीडनलाई प्रत्यक्ष अनुभव गरेर उनले त्यसलाई समूल नष्ट गर्नु पर्छ भन्ने भावनाले प्रेरित भएर साहित्यको गोरेटामा हिंड्न पुगिन् । विद्यालय तहदेखि नै साहित्यमा लाग्न प्रेरणा दिने आमा - बाबु तथा शिक्षक अनि प्रगतिशील साहित्यकार रमेश विकलको 'अविरल बग्दछ इन्द्रावती' (उपन्यास), 'लाहुरी भैसी' (कथा) नै उनका सृजनाका प्रेरणा तथा प्रभाव स्रोत हुन् भन्ने लेखिकाको आफ्नै भनाइ छ ।

### ३.१.४. साहित्यिक सिर्जना

साहित्यका विविध विधामा कलम चलाएकी बिष्टका हालसम्म प्रकाशित कृतिहरू विधागत रुपमा निम्नानुसार रहेका छन् :

लहरिएका आकाङ्क्षाहरू (कविता सङ्ग्रह) - २०५२

जुनकिरी (उपन्यास) - २०५४

खलनायकका बिम्बहरू (कथा स्रग्रह) - २०५८

अ - आ, क - ख स्वर लहरी (बाल कविता सङ्ग्रह) २०६३

क - का - कि - की स्वर लहरी (बाल कविता सङ्ग्रह) २०६३

पुन्टु र पुन्टे (बाल उपन्यास) - २०६३

खरायो साथी (बाल उपन्यास) - २०६३

फुपूका कथा (विज्ञान उपन्यास) - २०६४

फुच्ची बोक्ने परेवा (बाल कथा सङ्ग्रह) - २०६५

मीत भ्यागुतो (बाल चित्र कथा) - २०६६

चित्रको चित्र (बाल कथा सङ्ग्रह) - २०६७

यी बाहेक उनका विभिन्न पत्र - पत्रिकामा विविध लेख - रचनाहरू पनि प्रकाशित हुँदै आएका छन् ।

अनुदित कृतिहरू

उर्दू कथा नेपालीमा (नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित) - २०६३

जासुस मुसो (बाल कथा सङ्ग्रह) - २०६३

समुन्द्र हिमालमा (कथा सङ्ग्रह) - २०६७

सम्पादन

शब्दपथ, वार्षिक

प्रज्ञा (कार्यकारी), अर्धवार्षिक

संस्कृति - वार्षिक

### ३.१.५. पुरस्कार तथा सम्मान

साहित्यका अनेक विधामा कलम चलाएकी बिष्टलाई पुरस्कार तथा सम्मान खासै उपलब्ध हुन सकेको देखिदैन । यद्यपि हालसम्म उनले पाएका पुरस्कार निम्नानुसारका छन्:

नव कविता पुरस्कार - २०५२

गुञ्जन प्रतिभा पुरस्कार - २०६२

## ३.२. बिष्टका साहित्यिक यात्राको चरण विभाजन

गायत्री बिष्टको औपचारिक साहित्यिक यात्राको थालनी 'लहरिएका आकाङ्क्षाहरू' (२०५२) कविता सङ्ग्रहबाट भएको देखिन्छ । उनले कविताका अतिरिक्त साहित्यका विभिन्न विधा कथा, बाल कविता, बाल कथा, उपन्यासमा कलम चलाएकी छन् । तिनलाई छोटकरीमा निम्नानुसार देखाउन सकिन्छ :-

### ३.२.१. कवयित्री बिष्ट

बिष्टको साहित्यिक यात्राको औपचारिक थालनी कविता विधाबाट भएको छ । 'लहरिएका आकाङ्क्षाहरू' (२०५२), प्रौढ र अ - आ, क - ख स्वर लहरी (२०६३), क - का - कि -की स्वर लहरी (२०६३) गरी तीन वटा बाल कविता सङ्ग्रहहरू प्रकाशित भएका छन् । नारी भएर समाजमा गर्नुपर्ने दायित्वलाई चित्रात्मक शैलीमा वर्णित दृष्टान्तयुक्त उनका कविताले बालबालिकामा हुने अबोधपन, निष्कपटता अनि चञ्चलतालाई स्पष्ट रूपमा दिशा बोध गरेका छन् ।

### ३.२.२. कथाकार बिष्ट

कविताका माध्यमबाट औपचारिक साहित्यिक यात्रा प्रारम्भ गर्ने बिष्टका 'खलनायकका बिम्बहरू' (२०५८), 'फुच्ची बोक्ने परेवा' (२०६५), 'मीत भ्यागुतो' (२०६६) तथा 'चित्रको चित्र' (२०६७) बाल कथा सङ्ग्रह प्रकाशित भएका छन् । समाजमा व्याप्त अशिक्षा, अन्याय, शोषण, उत्पीडन आदिलाई प्रस्तुत गर्दै त्यस्ता कारकहरूलाई जराबाट नै उखेल्नु पर्ने प्रगतिवादी चिन्तन उनका यी कृतिहरुमा मुखरित भएका छन् भने अभाव र

छटपटीले गर्दा बाल मस्तिष्कमा पर्ने उतार - चढावलाई पनि उनले नियाल्न सकेको देखिन्छ ।

### ३.२.३. उपन्यासकार बिष्ट

कथा र कविताका अतिरिक्त उपन्यास विधामा बिष्टको लेखनी प्रौढ सामाजिक उपन्यास 'जुनकिरी' (२०५४) बाट प्रारम्भ भएर 'पुन्टु र पुन्टे', 'खरायो साथी', 'फुपुका कथा' बाल उपन्याससम्म आइपुगेको देखिन्छ । नारीमाथि हुने असमान व्यवहार तथा ससाना भाइबहिनीहरूलाई सुन्दर भविष्य तर्फ डोऱ्याउने विम्ब प्रस्तुत गर्न उनी सिद्धहस्त देखिन्छिन् ।

## ३.३. बिष्टको औपन्यासिक यात्रा र चरण विभाजन

साहित्यका अन्य विधा (कथा/कविता) मा भन्दा उपन्यास विधामा त्यति धेरै कलम नचलाए पनि बिष्टका हासम्म प्रकाशित उपन्यासलाई हेर्दा प्रवृत्तिगत आधारमा दुई चरणमा विभाजन गर्न सकिन्छ ।

**क) प्रथम चरण (सुरुदेखि वि.सं. २०५४ सम्म)**

ı) सामाजिक यथार्थवादी दृष्टिकोण :-

साहित्यले समाजमा घटित हुने सत्य तथ्यहरूलाई विषय बनाएर आफूलाई चुस्त दुरुस्त राख्ने गर्दछ । 'जुनकिरी' उपन्यासमा घटेका हरेक घटनाहरू हाम्रै समाजका विद्यमान घटनाहरू नै हुन् । नारी शोषण, सौता सम्बन्ध, गरिब र धनी बीचको खाडल, अनि छन् गेडी सबै मेरी छैनन् ........जस्तो उखानलाई जुनकिरी उपन्यासले सार्थक चित्रण वर्णन गरेको छ ।

ıı) प्रगतिशील चिन्तन :-

जुनकिरीको बाल विवाहले ल्याएको आँधीबेहरी, कालेको असामयिक निधन, बेचिएकी गौरीको यौन रोगबाट मृत्युको प्रसंग उठाएर यस्ता प्रथाहरूलाई समूल नष्ट गर्नुपर्छ भन्ने

प्रगतिशील चिन्तन एकातिर प्रस्तुत भएको छ भने अर्का तर्फ नारीको शत्रु नारी नै हुने तितो यथार्थको दृष्टान्त सासु बुहारी, नन्द आमाजु आदिका माध्यमले देखाइएको छ । जुनकिरीका मृत्युमा पाठकलाई कुनै घृणा नजागी सासू, उसको लोग्ने तथा आमाजूहरू माथि रिस उठ्नु स्वाभाविक छ र अब आउने दिनमा कसैको परिवारमा त्यस्तो घटना नहोस् भन्ने उपन्यासकारको प्रगतिशील चिन्तन प्रस्फुटित हुन पुगेको देखिन्छ ।

III) ग्रामीण परिवेशको सजीव चित्रण :

बाल - बालिकाहरूले तत्कालीन समयमा शिक्षाबाट वञ्चित हुनु, गाई - बाख्रा चराउने काम, घासँ - दाउरा, खेती - पाती गरी दैनिक जीवन निर्वाह गर्ने नेपाली सेरोफेरोलाई विषय - वस्तु बनाइएको छ । सानैमा अभिभावक गुमाउँदा बालापनमा आउने छटपटी, दुर्गम ठाउँका जीवन चलाउँदा गर्ने दैनन्दिन कार्यहरू, बन, पाखा, चुलो - चम्को, सामाजिक कुरीति, अन्याय, छिमेकीपन आदिलाई चुस्त रूपमा देखाउने प्रस्तुत 'जुनकिरी' उपन्यास ग्रामीण नेपाली समाजको दर्पण भएको छ ।

**ख) दोस्रो चरण (वि.सं. २०५४ देखि २०६४ सम्म)**

प्रथम चरणमा सामाजिक यथार्थवादी उपन्यास लेख्ने बिष्टका दोस्रो चरणसम्म आइपुग्दा बाल मस्तिष्कलाई केन्द्रमा राखेर मनोवैज्ञानिक उपन्यास लेखेको देखिन्छ । यस चरणका उपन्यासहरूमा पाइने प्रवृत्तिलाई निम्नानुसार देखाउन सकिन्छ :-

I) मनोवैज्ञानिक प्रवृत्ति :

मान्छेले गर्ने हरेक कृयाकलापहरू यसका मनोग्रन्थीहरूबाट निर्देशित हुन्छन् । यस चरणका उपन्यासहरूमा बिष्टले बालबालिकाका मस्तिष्कमा पर्ने प्रभावहरूलाई सूक्ष्म रूपले चिरफार गरेकी छन् । 'पुन्टु र पुन्टे' भित्रको सामाजिक व्यवस्था, बालापनको जिज्ञासा तथा अबोधता आदिलाई मनोवैज्ञानिक तबरले प्रष्ट पारेकी छन् । त्यसै गरी 'फुपुका कथा' उपन्यासमा ठुलाले गर्ने हरेक कृयाकलाप सानाका निम्ति शिक्षा साबित हुन्छन् भन्ने आयुषा र आर्याको दैनन्दिनलाई लिन सकिन्छ । यसरी मानिस ठुलो भएर के हुन्छ ? भन्ने बारेको

जिज्ञासा उसले सानामा कस्तो व्यवहार सिक्छ भन्ने कुराबाट निर्क्योल गर्न सकिन्छ भन्ने दृष्टिकोण यस चरणका उपन्यासले दिएको पाइन्छ ।

ii) बाल मनोविज्ञानमा जोड :

हुने. विरुवाको चिल्लो पात, नहुने विरुवा............. भने झैं बालकको चिल्लो पात बनाउनका निम्ति परिवार, समाज सबैको उत्तिकै भूमिका हुने कुरालाई कसैले नकार्न सक्दैन । मान्छे भोलि कस्तो बन्छ ? भन्दा पनि मान्छेले हिजो के सिक्यो ? भन्ने तर्फ हामी सजग हुनुपर्ने सन्देश यस चरणका उपन्यासमा पाइन्छन् । स - साना भाइबहिनीहरूमाथि गरिने व्यवहारले नै उनीहरूको भविष्य पनि डोऱ्याउने उदाहरण 'पुन्टु र पुन्टे', 'खरायो साथी' अनि 'फुपुका कथा' उपन्यासको मूल अभिप्राय रहेको छ । साथित्वमा हुने प्रेम, बालापनमा हुने उत्साह, समान व्यवहार, अबोधपन, निष्कपट व्यवहार आदिलाई यस चरणका उपन्यासले प्रष्ट रूपमा प्रक्षेपण गरेको पाइन्छ ।

iii) समाज सुधारको चाहना :

पहिलो चरणबाटै सुरु भएको समाज सुधारको चाहनालाई दोस्रो चरणका उपन्यासले पनि आत्मसात गरेका छन् । समाजमा भएका नकरात्मक प्रवृत्तिहरूलाई मानिसको बाल मस्तिष्कबाटै उखेलेर नफालुन्जेल सुधार नहुने तथ्यलाई यस चरणका उपन्यासले आत्मसात गरेका छन् ।

# परिच्छेद : चार

# 'जुनकिरी' उपन्यासको विश्लेषण र मूल्याङ्कन

## ४.१ तत्वगत आधारमा उपन्यासको विश्लेषण

### ४.१.१ पृष्ठभूमि

समाजलाई विविध कोणबाट समय सापेक्ष रूपमा चित्रण गर्ने शसक्त माध्यमका रूपमा रहेका छ - उपन्यास । आधुनिक समयमा विभिन्न वाद तथा प्रणालीमा रहेर उपन्यास लेखिँदै आएको कुरा सर्वविदितै छ । आधुनिक उपन्यास परम्परा आदर्शोन्मुख यथार्थवादबाट यात्रा आरम्भ गरेर यथार्थको नाङ्गो प्रस्तुति हुँदै विस्तारित यथार्थवादसम्म आइपुगेको छ । 'रूपमती', 'स्वास्नीमान्छे', 'शिरिषको फूल', 'आशमाया' आदि उपन्यासले नेपाली समाजका नारीमाथि हुने शोषणको चित्रण गर्दै त्यस्ता शोषणबाट उन्मुक्तिका निम्ति आवाज बुलन्द पारेका छन् । माथिका उपन्यासहरूका सन्दर्भमा बिष्टको २०५४ सालमा प्रकाशित यो 'जुनकिरी' उपन्यास पनि नारीका छटपटीलाई केन्द्रमा राखेर सुधारको चाहना बोकेको प्रतीत हुन्छ ।

समाजमा आधा हिस्सा ओगटेर बसेका महिलाहरूमाथि लादिएका संस्कारगत विभेदहरूलाई जुनकिरीले विषय-वस्तु बनाएको छ । तत्कालीन समयको सामाजिक परिवेश तथा लेखक स्वयम्का अनुभूतिलाई पृष्ठभूमि बनाइएको यो उपन्यास प्रगतिवादतर्फ उन्मुख रहेको छ । प्रजातन्त्रका आगमनसँगै ग्रामीण जीवनमा भने त्यसको कुनै पनि असर नपुगेको यथार्थ उपन्यास लेखनको आधार बनेको छ । यसरी माथिका सम्पूर्ण विचारहरूलाई एउटै स्थानमा राख्ने हो भने नारीमाथि हुने शारीरिक, मानसिक तथा सामाजिक यातनाहरू नै उपन्यासको महत्वपूर्ण पृष्ठभूमि हो भन्न सकिन्छ ।

### ४.१.२. शीर्षक चयन

शीर्षक कृतिको नामकरण हो । कुनै पनि कृतिको संरचना विभिन्न अवयवहरूका संयोजनद्वारा भएको हुन्छ र समग्रमा सिङ्गो कृतिमा शीर्षकको महत्वपूर्ण स्थान रहेको हुन्छ । शीर्षक र कृतिमा घनिष्ट सम्बन्ध रहने हुनाले कृति विश्लेषणका क्रममा सर्वप्रथम

कृतिको नामाकरण सम्बन्धी अध्ययन गर्नु आवश्यक देखिन्छ । शीर्षक कृतिको केन्द्रीय अभिव्यक्ति हो । विवेच्य उपन्यासलाई 'जुनकिरी' शब्दको अभिधा अर्थका रूपमा रातमा आफ्नो शरीरको कुनै भाग उज्यालो बनाउने कीरा विशेषलाई बुझाउँछ । यहाँ प्रयुक्त भएको नाम चाहिँ उपन्यासकी केन्द्रीय पात्र तथ नायिकाको नामबाट रहेको छ । जसरी रातमा थोरै उज्यालाका सहायताले जुनकिरीले आफ्नो आहार खोज्ने गर्दछ । त्यसैगरी यस उपन्यासकी पात्रले आफ्नो ज्यानको बलिदान गरेर अब आउने दिनहरूमा थोरै भए पनि उज्यालो (नारी प्रति सामाजिक दृष्टिकोण अनि गरिबहरूको जीवनको दूर्दशा) को सन्देश दिन सफल भएकी छे । प्रतीकात्मक अर्थमा 'जुनकिरी' ले उज्यालो छर्ने तथा रातको अन्धकारलाई चिर्ने नारी चरित्रलाई चित्रित गरेको छ । अर्का शब्दमा भन्दा उपन्यासकी नायिकाका नामबाट उपन्यासको 'जुनकिरी' शीर्षक राखिएको छ । त्यसकारण उपन्यासको शीर्षक प्रयोजनमूलक देखिन्छ । उपन्यास भरि नै 'जुनकिरी' नामको पुनरावृत्ति भइरहने र नारी प्रधान, नायिका केन्द्रित उपन्यासको संरचना पनि मूल पात्रकै केन्द्रीयतामा अडिएको उपन्यासकी प्रमुख पात्र 'जुनकिरी' नै हो भन्ने स्पष्ट हुन्छ ।

साहित्य शास्त्रीय भाषामा यस प्रकारकी नारी पात्रलाई नायिका भनिन्छ । जुनकिरी वस्तुतः उपन्यासकी प्रमुख नारी पात्र हो । उसकै चरित्रका आडमा यो उपन्यास अडिएको छ । उपन्यासमा जुनकिरीको पारिवारिक पृष्ठभुमि सहित उसको बानी व्यवहार, चिन्तन, सहनशीलता र धैर्यको, बालपन अनि कर्तव्यबोधको राम्रो चित्रण गरिएको छ । सानैमा आमाको निधन हुनु, बाबुले आमा टोकुई भनेर गाली गर्नु, पढ्ने र खेल्ने समयमा विवाह हुनु, विवाह पश्चात् कुनै सन्तान नहुनु, सन्तान नभए पछि सौता हालिनु, सौता हाल्ने कुराले उसको नारी मनमा चोट पुग्नु, आफ्नो हक बारेमा अधिकार माग्दा आफ्नै लाग्ने भनाउँदोको कुटाइ खानु अनि मृत्युको मुखमा पुग्नु जस्ता घटना जुनकिरी कै केन्द्रीयतामा घटित भएका छन् । उपन्यासको संरचनामा अन्य पात्र तथा घटनाहरू पनि जुनकिरी कै माध्यमबाट अन्वित हुन पुगेका छन् । यसरी समग्रमा उपन्यास नारी प्रधान बन्न पुगेको छ । त्यसैले उपन्यासमा शीर्षक र कृति बिच परिपूरक अन्तर्सम्बन्ध भएको र विषय-वस्तु वा पात्रका नामबाट शीर्षक राख्नु पर्ने सैद्धान्तिक मान्यता अनुरूप 'जुनकिरी' शीर्षक केन्द्रीय पात्रका नामबाट रहेको हुदाँ यसको नामाकरण वा शीर्षक चयन औचित्यपूर्ण र सार्थक देखिन्छ ।

### ४.१.३. उपन्यासको संरचना

साहित्यका विविध विधाहरूमध्ये उपन्यास पनि एउटा महत्वपूर्ण आख्यानात्मक विधा हो । साहित्य भाषाका माध्यमबाट मानव मनका विचार, धारणा वा अनुभूतिहरूको अभिव्यक्ति हो भने त्यसैको एक विधाका रूपमा रहेको उपन्यासमा पनि उपन्यासकारले आफ्ना विचार, धारणा वा अनुभूतिहरूलाई प्रकट गरेको हुन्छ तर उपन्यासकारले आफ्ना विचार, धारणा वा अनुभूतिलाई घटना र पात्रहरूको अन्योन्य सम्बन्धको एउटा योजना बनाएर ती सबैलाई मिलाई उपन्यासको आकार प्रदान गर्दछ । यही आकार नै उपन्यासको संरचना हो । यसो भन्दा उपन्यासको रूप र संरचना एउटै हो भन्न भ्रम सिर्जना हुन पुग्दछ तर वास्तविकता त्यो होइन । संरचना र रूपका बीच कार्य र फलको सम्बन्ध रहेको हुन्छ । विभिन्न तत्वहरूको सङ्गठन कार्य संरचना हो भने रूप त्यसको परिणाम वा निष्कर्ष हो । संरचनाको अर्थ कुनै वस्तुको आन्तरिक तथा बाह्य उपकरणहरूको अनुशासित र व्यवस्थित व्यवस्थाना हो (बरालः २०) । यसरी हेर्दा संरचनाको आन्तरिक र बाह्य गरी दुईवटा स्वरूप रहेको पाइन्छ ।

#### ४.१.३.१. बाह्य संरचना

कृतिको बनोटलाई बाह्य संरचना भनिन्छ । बाहिरबाट सर्सती हेर्दा उपन्यासको जेजस्तो स्वरूप देखिन्छ, त्यो नै बाह्य संरचना हो । यस अन्तर्गत कृतिको आयाम, परिच्छेद योजना, अनुच्छेद योजना, पङ्क्ति योजना जस्ता कुराहरू पर्दछन् । जुनकिरी उपन्यासको बाह्य संरचनालाई हेर्दा यसलाई लघुआकारको कृतिका रूपमा लिन सकिन्छ ।

सोह्र खण्ड र चौसठ्ठी पृष्ठमा संरचित यो उपन्यास नेपाली उपन्यास परम्पराको प्रगतिवादी साहित्य भित्रको नारीवादी चिन्तन बोक्ने सशक्त उपन्यास हो । यस उपन्यासका खण्डहरू प्रायः एउटै लम्बाइ भएका छन् जसलाई यसरी पनि हेर्न सकिन्छः सोह्र खण्ड वा भाग चौसठ्ठी पृष्ठ = चार पृष्ठको एक खण्ड । यसरी प्रायः ४ पृष्ठको एक खण्डमा मूलभाव पस्कने चित्रको प्रयोगले गर्दा निरक्षर पाठकका निम्ति यो सरल तथा सहज भएको छ । उपन्यासकारले आफूले देखेका भोगेका र अनुभव गरेका सामाजिक जीवनका विविधतालाई पृथक् प्रवृत्ति भएका पात्रहरूको प्रयोग गरी उपन्यासमा चित्रण गरेकी छिन् ।

उपन्यासको बाह्य संरचनालाई तालिकामा निम्नानुसार देखाउन सकिन्छ :

| खण्ड | पृष्ठ | पङ्ति | खण्डगत आयाम | अनुच्छेद |
|---|---|---|---|---|
| १ | ५ | ७७ | १ देखि २० पङ्तिसम्म | २६ |
| २ | ४ | १६८ | ७ देखि २२ पङ्तिसम्म | १३ |
| ३ | ४ | ११५ | ३ देखि २१ पङ्तिसम्म | १३ |
| ४ | ५ | १८४ | २ देखि १७ पङ्तिसम्म | २० |
| ५ | ३ | १०४ | २ देखि २२ पङ्तिसम्म | १० |
| ६ | ५ | १७७ | १ देखि २२ पङ्तिसम्म | ३१ |
| ७ | ४ | १४६ | १ देखि १५ पङ्तिसम्म | २९ |
| ८ | ३ | १०६ | १ देखि १२ पङ्तिसम्म | ३३ |
| ९ | २ | ६६ | १ देखि १५ पङ्तिसम्म | १२ |
| १० | ४ | १५६ | १ देखि १३ पङ्तिसम्म | ३२ |
| ११ | ४ | १३२ | १ देखि १४ पङ्तिसम्म | २६ |
| १२ | ४ | १३७ | १ देखि १५ पङ्तिसम्म | २५ |
| १३ | ४ | १२१ | १ देखि १५ पङ्तिसम्म | १६ |
| १४ | ४ | १२८ | १ देखि १३ पङ्तिसम्म | २५ |
| १५ | ४ | ११८ | १ देखि ११ पङ्तिसम्म | २८ |
| १६ | ५ | १४२ | १ देखि ११ पङ्तिसम्म | ३३ |

यसरी खण्ड अनुसार पृष्ठको संख्यामा प्रायः समानता देखिनु तर ७७ पङ्क्तिको एक खण्ड अनि १८४ को पनि एक खण्ड हुनु पङ्क्तिगत खण्डमा सन्तुलन नभएको देखिन्छ । खण्डगत आयाम सन्तुलित भएकाले खण्डहरूमा आयामिक समानता रहेको हुँदा खण्डगत सन्तुलन भएको देखिए पनि एक दुई खण्डमा सन्तुलन हुनु र त्यसले बाह्य संरचनालाई प्रभाव पार्नु यस उपन्यासका संरचनागत सिमा हुन् ।

### ४.१.३.२. आन्तरिक संरचना

आन्तरिक संरचना भनेको उपन्यासको बुनोट हो । ग्रहण गरिएको मुख्य विषय वस्तुलाई उपन्यासकारले के कसरी व्यवस्थापन गरेको छ भन्ने कुरा नै उपन्यासको आन्तरिक संरचना हो । 'जुनकिरी' उपन्यासको आन्तरिक संरचनाका रूपमा रहेको मुख्य वस्तु सन्दर्भ भनेको नै जुनकिरीको घरको (माइत तर्फसमेत) पारिवारिक कलह नै हो । काठमाडौं जिल्लाको ग्रामीण क्षेत्र औपन्यासिक कार्य व्यापारको केन्द्र स्थलका रूपमा देखिए पनि जुनकिरीको घर झगडा, पारिवारिक बेमेल, आर्थिक पछौटेपन, सौतेनी व्यवहार, नारी

प्रति नारीको दृष्टिकोण, पितृसत्ताको दबदबा, सासू बुहारीको बेमेल केवल त्यहाँको नभई सम्पूर्ण नेपाली जनजीवनको यथार्थ समस्या हो । बाल्यकालमा बाखा हराउँदाको भयबाट सुरु भएर जुनकिरीको मृत्यु पश्चात् पनि बाखा चितुवाले लग्यो ? (बिष्ट, २०५४:६६) ……… भन्ने उत्तरात्मक शैलीले प्रस्तुत उपन्यासको विषयवस्तु जुनकिरीकै दैनन्दिन घटनाक्रम सँगै समाप्त भएको छ । जुनकिरी, उसकी हजुरआमा, काले, गौरी, सासू, आमाजू, भानिज, लोग्ने, भाउजू, दाजु, छिमेकी एंव तिनीहरूको आदर्श र अनादर्श चारित्रिक सेरोफेरोबाट कथानकले जीवन्त भएर गति लिएको छ ।

काठमाडौं जिल्लाको ग्रामीण भेगमा निम्न मध्यम वर्गीय किसान परिवारमा जन्मिएकी जुनकिरीकी आमाको सानैमा मृत्यु हुनु, बाबुको आमा टोकुई भन्ने अत्यन्त तीखो वचन, दाजुले पनि आफूलाई गाली गर्दा हजुरआमाको न्यानो मायाले उसलाई मलम पट्टी हुनु, आफूलाई गाली गरेको कुरा हजुरआमालाई पोख्नु, बाबुले दोस्रो विवाह गरेमा दुःख पाउने सम्झेर जुनकिरीको विवाह सानै उमेरमा हुनु, विवाह पश्चात् उसका बाबुको सद्भावले जुनकिरीका लोग्नेको घर आर्थिक रूपमा मजबुत हुँदै जानु, सासू र आमाजूहरूले उसलाई फुटेको आँखाले पनि हेर्न नसक्नु, लोग्नेबाट पनि माया नपाउनु, विवाह भएको धेरै वर्ष भइसक्दा पनि जुनकिरीको कुनै पनि सन्तान नहुनु, जुनकिरीको लाग्नेले दोस्रो विवाह गर्नु, सौता हाल्ने पीरले जुनकिरी माइत जानु, माइतमा पनि भाउजूको हेला बेहोर्न पर्नु, बालापनका साथीहरू (गौरी र काले) को पनि दुःखद मृत्यु हुनु, आफ्नी रक्षक एक मात्र हजुरआमाको पनि मृत्यु हुनु, भाउजूका तीखो व्यवहारले हजुरआमाको सम्झना हुनु, आफ्नो कारणले घरमा आर्थिक परिवर्तन भएको तथ्य मनमा जाग्नु, आफ्ना अधिकारका निम्ति लोग्ने र सासूसँग द्वन्द्व हुनु , आमाको लहैलहैमा लागेर जोइटिङ्ग्रे लोग्नेले कुट्नु र त्यही कुटाइका कारणले जुनकिरीको मृत्यु हुनु आदि घटना र प्रसङ्गहरू क्रमिक र शृङ्खलित रूपमा देखा परेका छन् । जुनकिरीको केन्द्रीयतामा हजुरआमा, बाबु, सासू, ससुरा, आमाजू अनि बालापनका साथी काले र गौरी अनि उसका छिमेकीहरू आदिको आदर्श अनादर्श क्रियाकलापलाई आख्यान सूत्रमा उनेर प्रस्तुत उपन्यासको निर्माण भएको छ । त्यसैले व्यक्ति र परिवार समाजकै अङ्ग भएकाले व्यक्तिका आचरणबाट तथा आरोह अवरोह अनि मृत्युको कारणबाट उत्पन्न हुने पठकाभिमुखलाई वि.सं. २०३० को दशकबाट प्रारम्भ भएको प्रगतिवादी चिन्तनलाई यस उपन्यासले आत्मसात गरेको प्रष्ट हुन्छ । सामाजिक पछौटेपन,

सांस्कृतिक धार्मिक, रुढीवादी संस्कार अनि सासू बुहारीको सहज द्वन्द्व, तथा नायिकाको बाँझोपनलाई केन्द्र बनाइएको प्रस्तुत उपन्यास तत्कालीन समाजलाई हेर्ने दर्पण भएको छ ।

काठमाडौं जिल्लाकै ग्रामीण समाजलाई आफ्नो परिवेश बनाएर जीवनको सानो आयामको सेरोफेरोमा संरचित यस उपन्यासले प्रकृति, जीवन, बालापन, बालमनोविज्ञान, पारिवारिक द्वेष, ईर्ष्या, महिला-महिला बीच हुने द्वन्द्व, पुरुषप्रधान समाजको प्रभाव, सौताको पीडा, लाश नचिन्ने लाचार छिमेकीहरू, छटपटी र तड्पाइ अनि कुटाइले असमायिक निधन (त्यसमा पनि सडक छेऊ) त्यस्ता घटनाको खान तलाशसम्म गर्न नसक्ने तत्कालीन प्रशासन अनि सम्पत्तिका अगाडि अन्य सबै बिलाउने सामाजिक कु-विचारले यस उपन्यासका प्राप्तिलाई पुष्टता प्रदान गरेको छ । लघु आकारको उपन्यास भएपनि कथ्य र प्रस्तुतिका दृष्टिले उपन्यासको तौल निकै बढ्न गएको छ । आदि, मध्य र अन्त्यको श्रृङ्खलामा संरचित प्रस्तुत उपन्यासको बाह्य संरचना त्यति सबल नभए पनि आन्तरिक संरचना भने सबल र प्रभावपूर्ण रहेको छ । उपन्यासको आकार छोटो हुनाले आन्तरिक संरचना भन्दा बाह्य संरचना फितलो भए तापनि प्रभावान्वितिमा त्यति असर परेको पाइँदैन ।

### ४.१.३.२.१ कथानक

कथानक उपन्यासको आधार वस्तु हो जसको निर्माण समाज वा जटिल घटनाहरूका संयोजनबाट हुन्छ । अर्को शब्दमा भन्दा घटनाहरूलाई एक अर्कासँग उनेर सम्बन्ध जोड्न र सुसङ्गठन प्रदान गर्ने काम कथानकले गर्दछ (प्रधान, २०५३: ७) । यसलाई कार्य कारणको तारताम्यपूर्ण वा सूत्रबद्ध रूपमा गरिएको घटनाहरूको सङ्गठन भन्न सकिन्छ । कथानकमा चरित्र विचार, बुद्धि, कल्पना जस्ता कुराहरू समाबिष्ट हुन्छन् । कथानकले नै उपन्यासको मूल ढाँचा निर्माण गर्ने प्राथमिक तत्वको काम गर्दछ । निरन्तरता प्रदान गर्ने र औचित्य विन्यास गर्ने, कार्यकारण सम्बन्ध देखाउने र क्रमबद्धता प्रस्तुत गर्ने तत्वको नाम हो - कथानक (सुवेदी, ०५३: १८) । कथानकलाई अगाडि बढाउने तत्व कथामा रहने रहस्यको जालो हो जसले कथानकलाई समस्याको तार्किक समाधानका बाटामा हिडाउँछ । इतिहास, यथार्थमूलक अनुभव, समाज, मिथक, रागात्मक सौन्दर्य, स्वैर कल्पना जस्ता स्रोतहरूबाट


कथानक लिइएको हुन्छ । विवेच्य उपन्यासको कथानक स्रोत हेर्दा समाज र लेखकको वैयक्तिक अनुभव नै त्यसको आधार हो भन्ने प्रष्ट हुन जान्छ ।

सानैमा आमाको बिछोड, बाल्यावस्था हुँदा बा अनि दाजुको भेदभावपूर्ण व्यवहार, विवाह पश्चात् पतिको नालायकीपन अनि सासूको प्रताडनाले जीवनमा कहिल्यै सुखको अनुभूति गर्न नपाएकी प्रधान पात्रको नाम हो - जुनकिरी । जुनकिरी कै सेरोफेरोमा उपन्यासको कथानक बाँधिएर श्रृङ्खलित भएको छ । काम बिगार्दा ‘आमा टोकुई’ जस्तो तीतो लाग्ने वचनले जुनकिरीको मनलाई व्यथित पारेको छ । सँगैमा दाजुलाई केही नभनेर आफूलाई मात्र गर्ने गालीलाई ऊ पितृसत्तात्मक विकार हो भन्ने बुझ्न सक्दछे तर प्रतिकार गर्न सक्दिन । गोठाला, घाँस-दाउरा गर्दा काले, गौरी लगायत अन्य साथीहरूसँग रमाइलो गर्ने जुनकिरीको बाल्यावस्थामा नै संस्कार अनुसार विवाह हुन्छ । हजुरआमाको असल अभिभावकत्वले गर्दा मर्यादित जीवन चलाउने ज्ञान उसलाई अलिकति भए पनि ज्ञात छ । छोरीको घर राम्रो होस् भनेर वर्षेनी ब्याउने भैंसी दाइजोमा दिएपछि त्यही भैंसीका आम्दानीले उसका घरको आर्थिक अवस्था मजबुत हुँदै जान्छ । कहिले घर, कहिले माइत गर्ने जुनकिरीलाई जब हजुरआमाको मृत्यु हुन्छ तब एक्लो भएको महसुस हुन्छ । आमाका मृत्युपछि उसकी एक मात्र आफ्नी मान्छे उसको हजुरआमा थिइन् । घरका मानिस विशेष गरेर सासूले जुनकिरीमाथि अभद्र व्यवहार बढाउन थाल्दछे । घरहरुबाट अत्यन्त दमन भएपछि मनै शान्त पार्न माइत आएकी जुनकिरी भाउजूका तीता वचनले ऊ अझ विचलित हुन्छे । सँगैका साथीहरू गौरी र कालेको मृत्युको खबरले उसमा थप पीडाबोध बढ्न जान्छ । जीवनदेखि नै वितृष्णा अनुभव गर्न थालेकी जुनकिरीले आत्महत्याको प्रयास गर्दा ‘घर भनेको घर नै हो जे भए पनि जस्तो भए पनि आफ्नै घरमा बस्नु पर्दछ भन्ने हजुरआमाका उपदेशका कुराले उसलाई आफ्नो हक-अधिकार खोज्न र अस्तित्व रक्षाका लागि सङ्घर्ष गर्न घरको याद आउँछ । विवाहको धेरै वर्ष बितिसक्दा पनि उसबाट सन्तान नभए पछि घरमा जब सौता हाल्ने कुरा चल्न थाल्छ तब मात्र जुनकिरी भित्रको नारीत्व अनि मातृत्वबोधले उसका मनोद्वन्द्वलाई चरमोत्कर्ष तर्फ बढाएको छ ।

जीवनदेखि नै वितृष्णा जागेकाले भोक-प्यास-निद्रा सबै कुरा हराएर जान्छ जुनकिरीको । चुरोटको धुँवालाई साथी बनाउन थालेकी जुनकिरी दिन-प्रतिदिन दुब्लाउँदै जान्छे । आफ्नै मिहनेतले लोग्नेको घरमा आर्थिक अवस्था मजबुत भए पनि आफूले भने एक

छाक राम्रोसँग खान पनि नपाएकामा उसका मनमा हक-अधिकार खोजी द्वन्द्व चल्न थाल्छ भने सौता हाल्ने कुराले उसलाई विद्रोहको बाटो समाउन अझ प्रेरित गर्दछ । सानैका साथीहरू (गौरी र काले) पनि मृत्युको मुखमा पुगेको खबरले त उसलाई भगवान्प्रति नै विश्वास लाग्न छोड्छ । आफ्नो अधिकार आफै खोसेर लिनुपर्छ भन्ने सोचले श्रीमान् अनि सासूसँग कुरा उठाउँदा लोग्नेका कुटाइबाट जुनकिरीको मृत्यु भएर कथानकको अन्त्य भएको छ ।

यसरी समाजमा विद्यमान रहेका नारी शोषण, दमन आदिलाई विषय बनाएर उपन्यासको कथानक अगाडि बढेको छ । आदि, मध्य र अन्त्यको श्रृङ्खलालाई हेर्ने हो भने उपन्यासमा जुनकिरीको विवाह पूर्वलाई प्रारम्भ, विवाह पछि सौता हाल्नु भन्दा पहिलेसम्मको समयलाई मध्य अनि आफ्नो हक-अधिकार माग्दा मृत्युको मुखसम्म पुग्नुलाई अन्त्यका चरणमा राखेर हेर्न सकिन्छ । यसैगरी जुनकिरीको बाल्यावस्थादेखि विवाहसम्मको अवस्थालाई आरम्भ, विवाह भएपछि सौता हाल्ने अवस्थालाई सङ्घर्ष विकास, सौता ल्याएपछि आफ्नो हक-अधिकार माग्दा मृत्युको मुखसम्म पुग्नुलाई चरम, नजिकैको छिमेकीको लाश नचिन्ने छिमेकीको लाचारीपनलाई सङ्घर्षद्वारा अनि जुनकिरीको मृत्युलाई सम्पूर्ण शोषित, पीडित महिलाहरूको मुक्तिको आधार बिन्दु भएर उपन्यासको उपसंहार भएको छ । व्यक्तिलाई केन्द्र बनाएर त्यसकै वरिपरि बेरिएको उपन्यासको कथानक ढाँचा फेट्रार्गको पिरामिड जसरी नै अगाडि बढेको छ, जस्तैः




**सङ्केतहरू**

१. आरम्भ

२. सङ्घर्षविकास

३. चरम

४. सङ्घर्षह्रास

५. उपसंहार

→कथानक विकासको गतिको आरेख

................ काल्पनिक आरेख

### ४.१.३.२.२ कौतुहल र द्वन्द्व

द्वन्द्व उपन्यासका औपचारिक उपकरणहरू मध्ये अर्को एक महत्वपूर्ण उपकरण हो । द्वन्द्वले कथावस्तु र पात्रलाई क्रियाकलापसँग आबद्ध गराएर अभिव्यक्ति दिने कार्य गर्दछ (सुवेदी, २०५३: १८) । द्वन्द्व वास्तवमा रचनामा प्रस्तुत जीवनको अन्तजटिलताको सूचक हो । यस्ता द्वन्द्वलाई आन्तरिक र बाह्य गरी दुई तहमा बाँडिएको हुन्छ । बाह्य द्वन्द्व मान्छेका जीवनमा देखिने विसङ्गतिका परिणामका रूपमा देखापर्ने द्वन्द्व हो, यस्तो द्वन्द्वले मान्छे-मान्छेका बिच तनाव जन्माउने कार्य गर्दछ । राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक र सांस्कृतिक क्षेत्रमा देखापर्ने द्वन्द्वलाई बाह्य द्वन्द्वमा राख्न सकिन्छ भने आख्यानमा प्रयुक्त पात्रहरूका मनभित्रको द्वन्द्व चाहिं आन्तरिक द्वन्द्व हो । यस्ता द्वन्द्वमा पात्र भित्र भित्रै पिल्सिन्छ र कहिले काहीं विक्षिप्त समेत बन्न पुग्छ ।

मान्छे स्वभावैले जिज्ञासु हुन्छ तसर्थ कौतुहलको सफल निर्वाहले पात्रको क्रियाकलाप अन्तर्गतको सङ्घर्ष, आत्म निर्णयको फैसला समेत गरी त्रिकोणात्मक दिग्दर्शन प्रस्तुत गर्दछ (सुवेदी, २०५३: २७) । यसले पाठकमा मनमा 'अब के हुन्छ ?' जस्ता जिज्ञासाका भावहरू उत्पन्न गराउँदछ । यही जिज्ञासाले पाठक उपन्यासप्रति अझ आकर्षित हुन्छ र अभिरुचि बढाउँछ । कौतुहल उपन्यासको आवश्यक तत्व हो जसले उपन्यासमा भएका कथा-उपकथाहरू बिच सानिध्य ल्याउँछ र उपन्यासको सम्पूर्ण अन्वितिलाई नै श्रृङ्खलित गर्ने काम गर्दछ । कौतुकलका उचित व्यवस्थापनले पाठकको मन भित्रका खुल्दुली र जटिलताहरूलाई क्रमशः फुकाउँदै लैजान्छ ।

प्रस्तुत उपन्यासमा बाह्य र आन्तरिक द्वन्द्वको सफल प्रयोग भएको छ । सानैमा साथीहरू बिच आपसी झगडा, छोरा र छोरीमा गरिने भेदभावलाई बाह्य द्वन्द्वका रूपमा राख्न सकिन्छ : जस्तै 'कस्ती अलच्छिने छे यो आमा टोकुई । खाने बेलामा सधैं झगडा गरिरहन्छे, अहिले थप्पड दिन्छु (बिष्ट, २०५४:५) । जुनकिरी र लोग्ने, जुनकिरी र सासू तथा आमाजूहरू, जुनकिरी र उसका दाजु भाउजू बिच भएका घटनाहरूलाई बाह्य द्वन्द्व भित्र राख्न सकिन्छ । उपन्यासमा बाह्य द्वन्द्व भन्दा आन्तरिक द्वन्द्वले सबल भूमिका निर्वाह गरेको छ । नायिकामा मानसिक रूपमा छटपटी हुनु आन्तरिक द्वन्द्वको लक्षण हो । 'आमा टोकुई' भने पछि जुनकिरीमा बाबुप्रति नकारात्मक धारणाको बिजाधान हुन्छ ऊ रातभरी निदाउन सक्दिन । बाखा हराउँदा देवीथानका मूर्तिमा घोप्टो परेर हाँसको फूल चढाउने भाकल गर्ने

जुनकिरीका मनमा उब्जेका कुण्ठाहरूलाई पनि आन्तरिक द्वन्द्वको प्रतिफल मानिन्छ । 'तँ त अब ठूली भइसकिस्, भोलि तँलाई विवाह गरेर घर पठाउने' भनेको सुन्दा जुनकिरीका मनमा एक्कासि डरको भावना उठेर आउँछ । कस्तो ठाउँ होला ? कस्ता मान्छे होलान् ? गाली मात्र गर्ने हुन् कि ? उमेरसँगै बढ्दै गएको जुनकिरीको मानसिक द्वन्द्व विवाह पश्चात् चरम अवस्थामा पुगेको छ । विगतका धेरै समयसम्म पनि उसबाट सन्तान नभए पछि सौता हाल्ने कुराले जुनकिरीको मन छियाछिया हुन्छ र आत्महत्या गर्न सम्म तयार भएकी देखिन्छे । सौताका कुराले उसभित्र रहेका आन्तरिक द्वन्द्वले भयानक रूप लिन्छ । पीडा, प्यास अनि हक-अधिकारका कुराले उसलाई बल प्रदान गर्न पुग्छन् र कथानकको अन्त्यमा भन्छे - 'सहनुसम्म सही सकें । अब म पनि चुप लाग्दिनँ, बुझ्नुभयो (बिष्ट, २०५४: ६२) । सासू र लोग्नेको प्रतिकार गरेकै कारणले उसलाई लोग्नेले आग्लाले हानी घायल बनाई अचेत अवस्थामा बाटामा फ्याँकिदिन्छ । यसरी यस उपन्यासमा उपन्यासकी केन्द्रीय पात्र जुनकिरी कै केन्द्रीयतामा बाह्य र आन्तरिक द्वन्द्वले मूर्त रूप लिएको छ । दुवै द्वन्द्वलाई चिरफार गरेर महत्वका साथ हेर्ने हो भने उपन्यासमा बाह्य द्वन्द्व भन्दा पनि आन्तरिक द्वन्द्वले कथानक र सम्पूर्ण उपन्यासलाई गति दिएको पुष्टि गर्न सकिन्छ ।

उपन्यासका प्रारम्भमा नै 'बाखा चितुवाले लगिसक्यो कि ! भन्ने कौतुहलपूर्ण कथनले उपन्यासको भावी जीवनलाई गति प्रदान गरेको छ । बाखा हराउँदा बाखा पाउँछे कि पाउँदिन, 'आमा टोकुई' भन्दा फेरि उसलाई बुबाले त्यस्ता वचन दोहोऱ्याउँछन् कि दोहोऱ्याउँदैनन् भन्ने जिज्ञासा पाठकका मनमा आइरहन्छन् । जुनकिरीको विवाह साँच्चै नै यही उमेरमा गरिदिन्छन् कि गर्दैनन्, अन्त्यतिर बिरामी परेकी हजुरआमालाई उसले भेट्छे कि भेट्दिन । घर र माइतबाट पीडित भएकी जुनकिरीले आत्महत्या पो गर्ने हो कि ? बालापनका साथीहरूसँग उसको भेट हुने हो कि होइन ? शहरको एकान्तमा गएर पो उसले जीवन बिताउने हो कि ? सौता हाल्ने कुरालाई उसले प्रतिकार गर्छे कि गर्दिन ? प्रतिकार गर्दा उसको अधिकार सुनिश्चित हुन्छ कि हुँदैन ? आदि पक्षहरू यस उपन्यासभित्रका कौतुहलका नमूनाहरू हुन् । अन्त्यमा उसको प्रतिकार हक अधिकार दिलाउन योग्य हुने हो कि होइनन् ? भन्ने जिज्ञाशाको समाधानसँगै उपन्यासको अन्त्य भएको छ ।

#### ४.१.३.२.३ पात्र विधान

उपन्यासको महत्वपूर्ण अङ्ग तथा तत्त्वका रूपमा पात्र वा चरित्रलाई लिइन्छ । चरित्रले नै उपन्यासका कथानकलाई गति प्रदान गर्दै निष्कर्षमा पुगेर लक्ष्य स्थापित गरेको हुन्छ । उपन्यासका कथानकलाई गति दिन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेत्तर चरित्रलाई पात्र भनिन्छ । कृतिभित्र चरित्रले फरक प्रकारको तथा आफ्नै वर्गका विचारलाई पाठकसम्म सम्प्रेषण गर्ने कार्य गर्दछ । पात्र वा चरित्र समाजका विभिन्न वर्गबाट टिपिएर त्यस वर्गको प्रतिनिधित्व गर्ने एक अङ्गका रूपमा विकसित भएका हुन्छन् । विगत वा अनागतलाई वर्तमानसम्म तानेर ल्याउने तत्व पनि चरित्र नै हो (सुवेदी, २०५३ः १७) । पात्रले हिजोका अथवा इतिहासका कुरालाई वर्तमानसम्म भनी भविष्य वा भोलि हुन सक्ने सम्भावनाहरूलाई पाठकसम्म सम्प्रेषण गर्ने महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

उपन्यास भित्र पाइने पात्रहरू मुख्य, सहायक र गौण भनेर वर्गीकरण गरेको पाइन्छ । कृतिभित्र चित्रण गरिएका चरित्रहरू सांसारिक जीवनका विभिन्न पाटाहरूबाट लिइएका हुनाले तिनमा विभिन्नता पाइन्छ । देश, काल, परिस्थिति अनुरूप पात्रका गुणहरू फरक-फरक हुन पुग्छन् । उपन्यासका पात्रहरूलाई कार्य वा भूमिका, प्रवृत्ति वा स्वभाव, जीवन चेतना, लिङ्ग, आसन्नता, आबद्धताका आधारमा पनि वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ । यस उपन्यासका पात्रहरूलाई माथिका आधारहरूमा यसरी प्रस्तुत गरिएको छः-

#### क) जुनकिरी

कार्य वा कथानकमा भूमिका आधारमा उपन्यासकी प्रमुख नारी पात्र एवं नायिका हो - जुनकिरी । सानैमा आमाको मायाको स्पर्श नपाएर विवाह पश्चात् पनि लोग्ने, सासू, आमाजू, दाजु-भाउजूहरूको प्रताडनाबाट पीडित छे । शीर्षकको नामाकरणबाट नै जुनकिरीको उपन्यासमा रहेको भूमिका स्पष्ट हुन्छ । हजुरआमाको कर्तव्य अनि दायित्वले भरिएका व्यवहारबाट केही ज्ञान ग्रहण गर्दै साथी-सङ्गीहरूको साथमा हुर्किन्छे । बाबुले ‘आमा टोकुई’ जस्तो तीखो वचन प्रहार गर्दा मनमनै छटपटिन्छे तर प्रतिवाद गर्दिन । बालापनमा ऊ अरु भन्दा राम्री भएको प्रमाणलाई यसरी लिन सकिन्छ - ‘तँ त गाउँभरिकै राम्री छेस्, सबैले तँलाई राम्री भएको कुरा भन्छन् (बिष्ट, २०५४ः ९) । विद्यालयीय शिक्षा नपाए पनि हजुरआमाका उपदेशपूर्ण भनाइहरुले उसलाई असल मान्छे बन्ने प्रेरणा प्रदान

गरेको छ । आफूभन्दा ठूलासँग मुखमुखै लाग्नु हुँदैन भन्ने हजुरआमाका भनाइले गर्दा सासूले दिएका विविध पीडाहरूलाई उसले सहज रूपमा सहन गरेकी छ । यसरी हेर्दा ऊ रुढीगत आदर्शबाट थिचिएकी एक आदर्श पात्रका रूपमा उपन्यासमा प्रस्तुत भएकी छ । उपन्यासको कथानक उसकै सेरोफेरोमा घुमेकाले उसका हरेक क्रियाकलापले अन्य पात्रका कार्यको गुण-दोष छुट्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

कलिलै उमेरमा विवाह गर्न बाध्य भएकी जुनकिरीमाथि विवाह पश्चात् अझ बढी बोझ र पीडा थपिन्छ । बाबुले दाइजोका रुपमा दिएको भैसीले लोग्नेका घरमा आर्थिक सम्पन्नता बढेर जान्छ तर त्यही भैंसीको स्याहार गर्दागर्दै उसको शरीरमा भने हाड-छालामात्र बाँकी रहन्छ । आफ्नै कारणले सम्पन्नता छाए पनि उसले एक छाक मिठो पेट भरी खान पाएकी छैन । छटपटी र पीडाले सीमा नाघेर आउँदा उसले आफ्नो लोग्नेलाई - 'काम गर्ने बेलामा चारै पाखा ढाक्नुपर्छ, खाने बेलामा भाग हुँदैन' भन्दा लोग्नेले नसुनेपछि 'बहिरो हुनुहुन्छ कि क्या हो ?' सम्म भन्न पुगेकी छ । यसरी हेर्दा जुनकिरी यस समाजमा बाध्य भएर बाच्ने बुहारीहरूको वर्गीय पात्रका रूपमा उपस्थित भएको प्रष्ट हुन्छ । विवाहको वर्षौं बित्दा पनि सन्तान नभएपछि छिमेकी अनि घरका मान्छेहरूको अपमानजनक व्यवहार सहज रूपमा स्विकार्न बाध्य हुन्छे तर सासू र आमाजूहरूको सौता हाल्ने कुराले उत्पन्न मातृत्व अनि नारीत्वका बोधले उसमा विद्रोहको रूप लिन्छ ।

लोग्नेका घरमा छटपटाहट भएपछि केही समय मन भुलाउन माइत गएकी जुनकिरी दाजु-भाउजूको रुखो व्यवहारले गर्दा पुनः घर फर्किन्छे र सासूलाई ढोग्न निहुँरिंदा तिरस्कार भोग्नु परे पछि उसका मनमा प्रचण्ड विद्रोहको आँधी उठ्छ र भन्छे - 'यो तपाईंहरूको मात्र घर होइन, मेरो पनि घर हो, मेरो पनि यो घरमा समान अधिकार लाग्छ (बिष्ट, २०५४: ६२) । यी भनाइले मातृत्व ग्रहण गर्न नसक्दा सौता भित्र्याउने परिवार अनि टुलुटुलु हेर्ने समाजप्रति व्यङ्ग्य प्रहार गरेको छ । आफूमाथिको थिचोमिचोलाई अन्त्य गर्ने हुङ्कारका साथ सम्पूर्ण शोषित पीडित महिलाहरूको आवाजको प्रतिनिधित्व गर्ने पात्र जुनकिरी चेतनशील महिलाका रूपमा उभिएकी छे । आफ्ना पक्षमा कोही पनि नभएकाले आखिर आफ्नै लोग्नेको कुटाइबाट मृत्युको मुखमा पुग्ने जुनकिरीलाई समाजमा विद्यमान रहेका शोषण, उत्पीडन अनि बुहार्तन प्रस्तुत गर्ने एक अनुकूल वर्गीय पात्रका रूपमा हेर्न सकिन्छ ।

यसरी उपन्यासको केन्द्रबिन्दु, कथानक पनि उसकै वरिपरि फन्को मार्दै आदिदेखि अन्त्यसम्म घुमेको अनि प्रतिरोध गर्दागर्दै मृत्युसम्मको सजाय लिन तयार भएकी केन्द्रीय पात्र जुनकिरीको चरित्र मार्फत् उपन्यास प्रगतिशीलतातर्फ अगाडि बढेको स्पष्ट हुन्छ ।

**ख. हजुरआमा**

उपन्यासमा जुनकिरीकी हजुरआमाको चरित्र कार्यका आधारमा सहायक भए पनि असल अभिभावकत्व निर्वाह गर्ने, असल खराब छुट्याउन सक्ने अनि भावी सन्तानहरूका लागि सुमार्ग कोरिदिन सधैं तत्पर रहने सत् पात्रका रूपमा लिन सकिन्छ । आमाको न्यानो माया नपाएकी जुनकिरीलाई मातृत्व प्रदान गरेर असल मान्छे बन्न प्रेरणा दिने एक आदर्श दृष्टान्त हुन् - हजुरआमा । सौतेली व्यवहारले बालकका मनमा पर्न सक्ने दुष्प्रभावलाई बुझेर जुनकिरीका बालाई दोस्रो विवाह गर्न दिइएकी थिइनन् । पारिवारिक सुख सुविधा भएमा मात्र सन्तानले सुख पाउँछ भन्ने हजुरआमा वास्तवमा घरकी कुशल अभिभावक हुन् । बाबुले 'आमा टोकुई' भनेर अपमानित गर्दा निदाउन नसकेकी जुनकिरीलाई आफ्नो न्यानो अङ्गालाले छोपेर उसका मनका छटपटीलाई शान्त पार्न सफल हुन्छिन् । बाखा हराउँदा पाएको पीडा अनि दुःख जुनकिरीले बताएपछि 'त्यस्ता पाठा बाखाले कति पाउँछ' कति भनेर सम्झाउने हजुरआमा जुनकिरीका दाजुले पनि उसलाई गाली गरेको सुन्दा - 'यो कस्तो रहेछ ? आफ्नी बहिनीलाई माया नगरेर, तैले पनि माया नगरेपछि यसको मन कति दुख्छ ए ! भतुवा !' भनेर हप्काउने उनलाई छोरा-छोरीमा भेदभाव नराख्ने एक समाज सुधारक आदर्श पात्रका रूपमा राख्न सकिन्छ ।

सनातन हिन्दू परम्पराभित्रका मान्यतालाई अन्धाधुन्द अनुकरण गर्ने हिन्दू नारीका रूपमा हजुरआमा उपस्थित छिन् । आफू मरेपछि नातिनीले दुःख पाउने शङ्काले ७-८ वर्ष कै उमेरमा जुनकिरीको विवाह हुन लाग्दा जब ऊ विवाहका लागि तयार हुन्न । 'माइत भनेको माइत नै हुन्छ, छोरीको जात भएर जन्मेपछि सधैं माइतमा बस्न कहाँ पाइन्छ' भनी विवाहको वास्तविकता तथा अपरिहार्यतालाई बुझाउँदै विवाहका लागि जुनकिरीलाई राजी गर्न सफल हुन्छिन् । आदर्शको पुट आफ्ना सन्तानमा दिनका निम्ति उनी सिद्धहस्त देखिन्छिन् । मर्यादा र सदाचारको पाठ सिकाउने सन्दर्भमा - 'आफूभन्दा ठूला मान्छेले भनेको काम गर्नु, अर्काको कुरा कहिल्यै नगर्नु' भनेर विवाहपछि घरभित्रको शिष्ट तथा

मर्यादित जीवन चलाउन पथ-प्रदर्शकको भूमिका निर्वाह गरेको पुष्टि हुन्छ । आफ्ना जीवनका अन्त्यसम्म पनि परिवार कै भविष्यप्रति दत्तचित्त भएर लाग्ने हजुरआमा नातिनीलाई आर्थिक रूपमा सक्षम (सबल) पार्नका निम्ति भैंसी दिनु पर्ने कुरामा जुनकिरीका बाबुलाई राजी गराउँछिन् ।

नारी भएर नारीको वेदना बुझ्ने एक आदर्श तर जस्तो सुकै अप्ठ्यारो परिस्थिति आए पनि प्रतिरोध गर्न नहुने विचार बोकेकी हजुरआमा सङ्घर्षहीन चरित्रका रूपमा देखिन्छिन् । 'माइतको पीर गरेर छोरीलाई कहिल्यै पुग्दैन, आफ्नो घरमा जस्तो दिन्छन्, त्यस्तै खानु पर्छ, घरको लात खानु-माइतको बात नसुन्नु' भन्ने हजुरआमा मानिसलाई कर्तव्यनिष्ठ तथा मर्यादित जीवन चलाउन ज्ञान दिने कुशल अभिभावकका रूपमा प्रस्तुत भएकी छिन् । जीवन चेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय, स्वभावका आधारमा सङ्घर्षहीन पात्रका रूपमा देखा पर्ने हजुरआमा उपन्यासको मध्य भागसम्म सकृय रूपमा देखापर्दछिन् । उनका मर्यादित वचनले असल बुहारी बन्न त जुनकिरीलाई सघाएको छ तर त्यसै कारणले गर्दा ऊ आफ्नो हक-अधिकारबाट वञ्चित हुनु परेका कुरालाई पनि नकार्न सकिंदैन । अतः उनी रुढीग्रस्त परम्परित चिन्तन र आस्था भएकी नारी पात्र हुन् ।

### ग. जुनकिरीका बाबु

आफ्नी आमा अर्थात् जुनकिरीकी हजुरआमाका आग्रहमा पत्नीका मृत्युपछाडि अविवाहित बसेका जुनकिरीका बाबु उपन्यासमा सहायक पात्रका रूपमा प्रस्तुत छन् । सानो गल्तीमा पनि छोरीलाई 'आमा टोकुई' भन्ने उनी जुनकिरीका बालमनमा पीडा दिने, छोरा-छोरीमाथि भेदभाव गर्ने, पुरुष प्रधान समाजको सामन्ती संस्कारबाट ग्रसित सङ्घर्षहीन पात्रका रूपमा चित्रित छन् । ग्रामीण निम्न मध्यम वर्गको प्रतिनिधित्व गर्ने पात्रका रूपमा प्रस्तुत भएका उनी एक असल किसानको प्रतिबिम्ब हुन् । विवाह, दाह संस्कार अनि अन्य धार्मिक कार्यमा हिन्दू सनातन धर्मलाई अङ्गाल्ने एक धर्मभीरुका रूपमा पनि उनलाई लिन सकिन्छ । रुढीग्रस्त संस्कारका कारण छोरीलाई हेपाहा व्यवहार गरेपनि विवाह पछि भने जुनकिरीका आर्थिक सम्पन्नताका निम्ति सहयोग गर्ने एक सहृदयी बाबुको रूपमा उपन्यासमा चित्रित छन् ।

पुरुषप्रधान समाज अनि शिक्षाका उज्यालाबाट वञ्चित बाबु समाजका वर्गीय प्रतिनिधि पात्र तथा सङ्घर्षहीन चरित्रका रूपमा उपस्थित छन् । उपन्यासको उत्कर्ष खण्डमा मृत्यु भएका बाबु वास्तवमा पारिवारिक दायित्व निभाउने, सामाजिक मर्यादाभित्र बस्ने अनि दोस्रो विवाह नगरी आफ्नी आमा र सन्तानको खुशीका निम्ति आफ्नो जीवन समर्पित गर्ने प्रतिनिधि पात्रका रूपमा देख्न सकिन्छ ।

## घ. गौरीकी आमा

असल छिमेकी अनि छोरा र छोरीमा भेदभाव गर्नु हुँदैन भन्ने सोच राख्ने गौरीकी आमा उपन्यासकी सहायक पात्रका रूपमा देखापर्दछिन् । सुखमा भन्दा दुःखमा अरुलाई साथ दिनुपर्छ भन्ने मान्यता राख्ने उनी जुनकिरीको घरकी अभिन्न अङ्गका रूपमा देखिन्छिन् । गौरी-जुनकिरी-काले अनि अन्य बालसखाहरूका सामान्य बदमासीहरूलाई ढाकछोप गर्ने गौरीकी आमा जुनकिरीको विवाह, हजुरआमाको मृत्यु आदिमा असल छिमेकीको भूमिका निभाउन सिपालु छिन् । रुढीग्रस्त समाजका मान्यतालाई प्रतिवाद गर्न नसक्ने आदर्श महिलाका रूपमा चित्रित गौरीकी आमा असल गृहणीको भूमिका निर्वाह गर्न निपुण देखिन्छिन् । उपन्यासका चरमोत्कर्षसम्मनै देखा पर्ने उनी छोरीको विवाह तथा हेरचाह गर्ने कुशल अभिभावक पतिव्रता नारी अनि असल गृहणीका रूपमा उपस्थित छिन् ।

यसरी हेर्दा गौरीकी आमालाई कार्यका आधारमा सहायक, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा सङ्घर्षहीन, जीवन चेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय पात्रका रूपमा देख्न सकिन्छ । छिमेकीको मर्यादा, असल अभिभावकत्व निभाउने उनी उपन्यासको मूल कथानकलाई अगाढि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्षम भएकी छन् ।

## ङ. जुनकिरीकी सासू

उपन्यासको मध्य भागबाट देखापर्ने यी खलपात्रका रूपमा उभिएकी छन् । नेपाली गाउँले अशिक्षित संस्कारभित्र अन्धविश्वासी परम्पराले ग्रसित उनी बुहारीलाई सधैं पीडा दिने, लोग्नेप्रति कुनै मर्यादा नराख्ने विवेक नभएकी कर्कशा र जण्ड स्वभावकी छन् । परिवारमा झगडा मच्चाउने, अशान्ति फैलाउने प्रमुख कारणका रूपमा रहेकी जुनकिरीकी

सासू बुहारीमाथि अन्याय र अत्याचार गर्ने मध्यम वर्गीय चरित्रमा देखापर्छिन् । दिनभरिको भोकलाई शान्त पार्न भान्सामा केही नराखिएकाले बुहारीले पकाएर खान चामल माग्दा 'खुरुक्क गएर धन्दा गर्छेस् कि तेरो जगेल्टा केलाऊँ' भन्ने सासू जुनकिरीमाथि सौता हाल्ने कुराको खुलेर समर्थन मात्र गर्दिन लागी पर्छिन् र उसै छोराकी अर्की बुहारी भित्र्याएरै छोड्छिन् । यसरी महिलामाथि महिलाले गर्ने भेदभावपूर्ण व्यवहार गर्ने प्रतिनिधि पात्रका रूपमा सासूलाई देख्न सकिन्छ ।

जुनकिरीले माइतबाट दाइजोमा ल्याएको भैंसीकै कारण घरमा आर्थिक सम्पन्नता छाए पनि 'जति मीठो खान दिंदा पनि भैंसीले राम्रो दुध दिन नसकेको' कुरा जुनकिरीको बाबुलाई भनेर सुनाउने सासू पाखण्डी व्यवहार गर्ने पात्रका रूपमा चित्रित छे । उपन्यासमा चरम द्वन्द्व सिर्जना गर्नका निम्ति परिवारभित्र वितण्डा मच्चाउने सासूहरूकै प्रतिनिधि पात्रका रूपमा उपस्थित छिन् । हक-अधिकारका कुरा उठाउँदा छोरालाई बुहारी मार्नसम्म आदेश दिन सक्ने सासूलाई एक नारी हृदय नभएकी क्रुर पात्रका रूपमा लिन सकिन्छ । सधैं धनलाई मात्र आफ्नो ठान्ने प्रवृत्ति बोकेकी सासू 'म खाऊँ मै लाऊँ' जस्ता हीन चिन्तनबाट ग्रसित छे ।

यसरी उपन्यासलाई चरमोत्कर्षसम्म पुऱ्याउन कथानकलाई डोऱ्याउने सासू कार्यका आधारमा सहायक, प्रवृत्तिका आधारमा खल वा प्रतिकूल, स्वभावका आधारमा सङ्घर्षहीन, जीवन चेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय पात्रका रूपमा लिन सकिन्छ ।

### च) गौरी

उपन्यासमा जुनकिरीकी अभिन्न साथीका रूपमा प्रस्तुत गौरी ग्रामीण अपठित बालिकाहरूकी प्रतिनिधि पात्रका रूपमा उपस्थित छे । बाल्यावस्थामा बाखा चराउँदा, घाँस दाउरा जाँदाका रमाइला क्षणहरूलाई दुवैले एकै साथ लिएका छन् । जुनकिरीका दुःखमा होस् या अन्य कसैकामा, जहिले पनि सहयोगी भूमिका निर्वाह गर्न सक्ने गौरी सहृदयी असल मित्रताकी प्रतिमूर्ति हो ।

सानै उमेरमा विवाह बन्धनमा बाँधिएकी गौरी विवाहको नाटक रच्ने श्रीमान्बाट कलकत्तामा बेचिएकी छ । एड्स जस्तो कहिल्यै निको नहुने रोग लागेर मृत्युको मुखमा

परेकी गौरी समाजमा विद्यमान चेलिबेटी बेचबिखनमा पर्ने सम्पूर्ण नारीहरूको प्रतिनिधि पात्र बनेकी छ । अशिक्षाले अन्धविश्वास अनि रुढिवादी परम्परालाई सहर्ष स्वीकार गर्ने गौरी सङ्घर्षहीन पात्रका रूपमा राख्न सकिन्छ । उपन्यासमा आदिदेखि अन्त्यसम्म जुनकिरीका चरित्रका वरिपरि घुम्ने गौरीलाई सहायक पात्रका रूपमा राख्न सकिन्छ । असल छोरी, अरुका दुःखमा साथ दिने सहयोगी अनि आफ्नो दायित्व बुझ्ने असल व्यक्तिका साथै अपठित भए पनि समय र परिस्थिति अनुसार व्यवहार गर्ने गौरी वर्गीय चरित्र भएकी बाल पात्र हो ।

समग्रमा अरुलाई अपनत्वपूर्ण व्यवहार गर्ने गौरी सत् पात्र हो । बालक कालदेखि नै जुनकिरीकी साथी भएर देखिएकी गौरीबाट नायिका जुनकिरीको दिनचर्या बुझ्न अझ बल मिलेको छ भने गौरीकै माध्यमबाट तत्कालीन समयमा चेलिबेटी बेचबिखनका समस्या अनि बेचिएका चेलीहरूको पीडापूर्ण जीवन पनि यथार्थमय ढङ्गमा चित्रण हुन सकेको छ ।

**छ) काले**

कार्यका आधारमा सहायक, स्वभावका आधारमा अनुकूल काले उपन्यासमा वर्गीय पुरुष पात्रका रूपमा देखिन्छ । बाल्यकालमा गौरी र जुनकिरीको बालसखा काले उपन्यासका अन्त्यमा आएर सेनामा जागिर खाँदै गर्दा मारिएको छ । गाई चराउँदा होस्, घाँस काट्दा होस् वा कुनै बेला बाख्रा हराउँदा होस् आफ्ना बाल समूहमा ऊ नायक झै देखिन्छ ।

आफ्ना बाल सखाहरूका माझ सशक्त अनि जाँगरपूर्ण कार्य गर्ने काले जुनकिरी-गौरीका घरमा भएका काममा दत्तचित्त भएर लाग्दै असल मित्रमा हुनुपर्ने व्यवहार प्रदर्शन गर्दछ । जुनकिरीको विवाहमा देखावटी रूपमा हाँसे पनि भित्रभित्रै खिन्न भएको देख्ता ऊ जुनकिरीलाई माया गर्ने प्रेमी झैं लाग्दछ । आफ्ना बाल्यकालका साथीहरूको विवाह भैसकेपछि ऊ पनि सेनामा भर्ति हुन्छ तर त्यही जागिरका सिलसिलामा उसको मृत्यु भएको छ । यसरी उपन्यासको आदि भागमा बाल नायक झैं लाग्ने काले देशको तत्कालीन अवस्थामा सेनामा भर्ती हुने सिपाहीहरूको जीवनको ऐना हो जसले सिपाहीको जीवन कर्कलाको पातको पानी झैं रहेको तथ्य प्रस्तुत गर्दछ । मनमा कुनै कल्मष नराखी सेवा भावले सहयोग गर्ने कालेको चित्रण बिच बिचमा आए पनि उपन्यासका कथानकलाई अगाडि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

**ज)   जुनकिरीको दाजु**

कार्यका आधारमा सहायक, प्रवृत्तिका आधारमा प्रतिकूल अनि स्वभावका आधारमा सङ्घर्षहीन चरित्र भएको जुनकिरीको दाजु समाजको वर्गीय पात्र हो । सानैमा मातृ प्रेम नपाए पनि पुरुषप्रधान समाज भित्रको सोचाइले थिचिएको परिवारमा उसले बाबुको माया भने यथेष्ट पाएको छ । बहिनीको विवाह गरेपछि आफ्नो विवाह गरेको दाजु कथानकको मध्य खण्डसम्म अनुकूल झैं लाग्ने चरित्रको देखिन्छ । बाबुका मृत्युपछि घरको मालिक बनेको ऊ घरमा दमन सहन नसकेर माइत आइपुगेकी जुनकिरीलाई श्रीमतीका लहैलहैमा लागेर उसलाई माया त के वास्तासम्म गर्दैन । 'जोइटिङ्ग्रे' उपनाम दिन मिल्ने दाजु उपन्यासको आदिदेखि अन्त्यसम्म देखापर्दछ ।

**झ)   जुनकिरीको लोग्ने**

प्रवृत्तिका आधारमा प्रतिकूल, स्वभावका आधारमा चेतनहीन अनि जीवन चेतनाका आधारमा वर्गीय चरित्र भएको जुनकिरीको लोग्ने खल पात्रको रूपमा चित्रित छ । विवाह पश्चात् श्रीमतीका माइतबाट ल्याएको भैंसीकै कारणले आर्थिक सम्पन्नता बढेको सत्य कुरा बुझ्दाबुझ्दै पनि बुझ पचाएर उसैलाई दमन गर्न तत्पर देखिन्छ । विवाहको वर्षौंसम्म पनि जुनकिरीलाई सन्तान दिन नसक्ने ऊ आफ्नी आमा र दिदीहरूका उक्साहटमा लागेर दोस्रो विवाह गर्न मञ्जुर हन्छ अनि आफ्नो कर्तव्य बिर्सने नालायक लोग्नेका रूपमा प्रस्तुत हुन्छ । श्रीमतीले पीडा दर्शाउँदा पनि चुपचाप लाग्ने लोग्ने सम्पत्तिका लागि सबै अपराध गर्न उक्सिने मानसिकताबाट थिचिएको देखिन्छ ।

आफ्नो हक अधिकार माग्दा श्रीमतीलाई मार्नसम्म पछि नहट्ने ऊ अर्काका परिश्रममाथि रजाइ गर्ने कुपात्रका रूपमा भेटिन्छ । आमाको पुलपुल्याइँबाट ग्रस्त भएर आफ्नो कर्तव्य बिर्सने ऊ वास्तवमा समाजलाई खोक्रो बनाउने धमिरा झैं लाग्दछ । जसका कारणले गर्दा सतीसाध्वी पत्नी जुनकिरी बाध्य भएर मृत्युको मुखमा पुऱ्याइन्छे । यसरी उपन्यासको मध्यभागबाट प्रवेश गर्ने जुनकिरीको लोग्ने कथानकलाई चरमोत्कर्ष अनि ह्रास अवस्थासम्म पुऱ्याउने एक खलपात्रको रूपमा उपस्थित छ ।

## ञ) कालेका बा

प्रवृत्तिका आधारमा अनुकूल, जीवन चेतनाका आधारमा वर्गीय चरित्र भएको कालेका बा सत् पात्रका रुपमा उपस्थित छ । मर्दा पर्दा छिमेकीलाई तन-मन-वचनले कुनै पनि स्वार्थ नराखी सेवा गर्ने एक असल छिमेकीको रुपमा चित्रित छ । जुनकिरीको विवाह होस् चाहे हजुरआमाको काजक्रिया कालेका बाले गरेका सहयोगलाई हेर्ने हो भने उसको व्यवहारले समाजभित्र रहने असल छिमेकीपनको नमूना पेश गरेको छ । उपन्यासमा मध्य भागमा मात्र देखिने कालेका बाको उपस्थितिले मूल कथानकलाई अझ बढि सक्रिय बनाउन महत्वपूर्ण भूमिका खेलेको छ । सन्तानप्रति सधैं दायित्वपूर्ण जिम्मेवारी निभाउने कालेका बा समाज सुधारको चाहना राख्ने गतिशील चरित्रका रुपमा लिन सकिन्छ ।

## ट) अन्य गौण चरित्रहरू

उपन्यासमा कथानकसँग जोडिएर आएका गौण पात्रहरूले सहायक र मुख्य पात्रका कार्य-व्यापारमा अझ पारदर्शिता ल्याउने कार्य गर्दछन् । जुनकिरी उपन्यासमा गौण चरित्र भित्र राख्न सकिने पात्रहरूमा : जुनकिरीकी भाउजू, जुनकिरीको ससुरा, आमाजूहरू, भानिज, साँहिली, ठूले, कुइकेल्नी, पण्डितहरू, छिमेकीहरू आदि छन् ।

जुनकिरीकी भाउजू प्रतिकूल पात्रका रूपमा चित्रित छे । दुःख पाएर आएकी नन्दलाई माया दिनु त कता हो कता उल्टै घाउमा नून छर्कने काम गर्दछे । महिलालाई पीडा दिने महिला नै हुने वास्तविकतालाई भाउजूको चरित्र चित्रणले छर्लङ्ग पारेको छ । जुनकिरीका जीवनलाई निरीहतामा परिणत गर्ने पात्रका रूपमा उभिएकी भाउजू स्वभावका आधारमा सङ्घर्षहीन देखापर्दछे । पुरुष प्रधान समाजमा जरा गाडेर बसेको हिन्दू संस्कारलाई शिरोधार्य गर्ने भाउजूको भूमिका गौण भएपनि औपन्यासिक कार्य व्यापारमा सहयोगी देखिन्छ ।

प्रवृत्तिका आधारमा अनुकूल, जीवन चेतनाका आधारमा वर्गीय पात्रका रूपमा देखा पर्ने कालेका बा असल छिमेकीका रूपमा चित्रित छन् । जुनकिरीका विवाहदेखि हजुरआमाका दाह संस्कारसम्म आफूले भ्याएसम्म सरसहयोग गर्ने एक सत् पात्र हुन् । जुनकिरीको लोग्नेका घरसम्म पुगेर कर्तव्य पथमा हिड्ने सल्लाह दिने एक उत्तरदायी अभिभावकत्व भएका पुरुष पात्रका रूपमा उसलाई लिन सकिन्छ । त्यस्तै जुनकिरीका ससुरा पनि उपन्यासमा थोरै चर्चामा आएपनि बुहारीलाई छोरी समान व्यवहार गर्ने सत् पात्रमा

उपस्थित छन् । छोराका उन्नतिमा बुहारी कै हात छ भन्ने यथार्थवादी दृष्टिकोण राख्ने ससुरा आफ्नी श्रीमतीबाट पीडित छन् । छोरा र बुहारीमा समानता ल्याउनु पर्ने प्रगतिशील विचार राख्ने ससुरा कथानकलाई अगाडि बढाउनका निम्ति सहयोगी भएको पाइन्छ ।

प्रवृत्तिका आधारमा प्रतिकूल, स्वभावका आधारमा गतिहीन पात्रका रूपमा जुनकिरीका आमाजूहरू देखा पर्दछन् । आफ्नी आमालाई भाइ बुहारीमाथि सौता हाल्न उत्प्रेरित गर्ने यिनीहरू आफू जस्तै महिलाका पीडा नबुझ्ने पीडक नै हुन् । छोरा (भदा) नभए माइती नै रित्तो हुने डरमा जुनकिरीका घरको झगडाका आगामा घ्यू थप्नका लागि सिद्धहस्त आमाजूहरू बुहारीको परिवार बिगार्ने धमिराका रूपमा देखापर्दछन् र उसका मृत्युका पृष्ठकारक बन्छन् ।

घर र माइतमा माया पाउनबाट वञ्चित जुनकिरीलाई माया गर्ने बाल पात्रका रूपमा भानिज देखापर्छ । एक छाक पनि पेट भरी खान नपाएकी जुनकिरीलाई चोरी चोरी खाना ल्याउने भानिजलाई सत् पात्र भित्र राखेर हेर्न सकिन्छ । मनमा शून्यता छाइरहेका समयमा जुनकिरीको बालापनलाई सम्झाउने भानिज अनुकूल पात्र हो । समाजमा प्रतिकूल चरित्र भएका अनि बुहारीमाथि थिचोमिचो गरेर आनन्द लिने सासूहरूको प्रतिनिधि पात्रका रूपमा कुइकेल्नीलाई पनि लिन सकिन्छ । विवाह भएको केही समयमा नै बुहारीमाथि हमला गर्ने यिनलाई प्रतिकूल, गतिहीन तथा वर्गीय चरित्रका रूपमा देख्न सकिन्छ ।

असल छिमेकी अनि अर्काको पीडा पनि आफ्नै पीडा मानेर सहयोग गर्ने साहिंली उपन्यासकी अर्की स्त्री पात्र हुन् । छिमेकीको घरमा पर्ने कुनै पनि कार्यलाई मन, वचन र कर्मले दत्तचित्त भएर सहयोग गर्ने अनुकूल पात्रका रूपमा साहिंलीलाई लिन सकिन्छ भने अर्काको काम पनि आफ्नो जस्तै हो भनेर गर्ने ठूले ग्रामीण सहृदयी पुरुषहरूको प्रतिनिधि पात्र हो ।

हिन्दू संस्कारलाई सनातनदेखि चलाउँदै आएका पण्डितहरूले पनि कथानकलाई गति प्रदान गरेका छन् । जुनकिरीको विवाह होस् वा हजुरआमाको दाह, संस्कार, हिन्दू परम्परा अनुसार गराएर धार्मिक प्रथालाई जीवन्तता दिएको पाइन्छ । सौताका रूपमा भित्रिएकी पात्रले कथानकलाई चरमोत्कर्षसम्म पुऱ्याउन सहयोगीको भूमिका खेलेकी छ । आफ्नै छिमेकमा भए गरेका शोषण, उत्पीडन अनि छलकपटलाई समेत टुलुटुलु हेरी रहने छिमेकीहरू लाचार अनि सङ्घर्षहीन चरित्रमा उभ्याउन सकिन्छ ।

यसरी उपन्यासमा प्रयुक्त गौण पात्रहरू कथानक कै परिधिभित्र विकसित हुँदै मुख्य पात्रका क्रियाकलापलाई अझ बढी प्रकाश पार्नका निम्ति उपस्थित भएका छन् । उपन्यासमा अत्यन्त सानो भूमिका निभाए पनि उनीहरूका चरित्रले कथानकलाई आदि, मध्य, चरमोत्कर्ष हुँदै ह्रास अवस्थासम्म पुऱ्याउनका निम्ति महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

### ४.१.३.२.४ संवाद

उपन्यासमा पात्रहरूका बीच हुने कुराकानीलाई संवाद भनिन्छ । कथानकको विकास, चरित्र-निर्माण वा चित्रण अनि लेखकको आशय स्पष्ट गर्न संवादको सहायता लिइन्छ । वर्णित घटना र दृश्यहरूमा सजीवता ल्याउन मात्रै होइन त्यसमा रोचकता-स्वाभाविकता सृष्टि गर्न संवादको महत्वपूर्ण भूमिका रहन्छ (प्रधान, २०५२: ११) । जुनकिरी उपन्यासमा उपन्यासकारले संवाद र वर्णनात्मकता दुवैमा उत्तिकै जोड दिएकी छन् । बिच बिचमा संवादको प्रयोग गरे पनि कतिपय कुराहरू उपन्यासकार आफैले वर्णन गरेको पाइन्छ । संवाद हुनु पूर्व एवं पछिका कतिपय प्रसङ्गहरूमा उपन्यासकार स्वयम्ले वर्णन गरेकी छन् भने बिच बिचमा पात्रहरूमाझ एक आपसमा बोल्न लगाइएको छ । संवादको प्रयोग गरिएको ठाउँमा अनावश्यक लामा संवादहरूको प्रयोग नगरेर पात्र सुहाउँदा सरल र छोटा वाक्यहरूको प्रयोग छ । संवादमा बोलचालको झर्रा शब्द प्रयोगले भाषामा सहजता र स्वभाविकता पाइन्छ ।

ग्रामीण परिवेशको चित्रण गरिएको जुनकिरी उपन्यासमा प्रयुक्त पात्रहरू अशिक्षा, अज्ञानता, अन्धविश्वास, असमानता आदिबाट ग्रस्त भएकाले उनीहरू बिचमा हुने संवादमा व्यञ्जना भन्दा सरलता भएको पुष्टि हुन्छ । उपन्यासभित्र प्रयोग भएका केही संवादहरूलाई उदाहरणका निम्ति यहाँ प्रस्तुत गरिएको छ ।

जुनकिरीले हजुरआमासँग सोधी - "दाइको पनि आमा छैन । तर बाले मलाई मात्र किन आमा टोकुई भनेर गाली गरेको ?"

सानैमा विवाह बन्धनमा बाँधिने परम्परा र विवाह हुँदा बेहुलीको मनमा खेल्ने कौतुहल अनि छटपटीलाई गौरी र जुनकिरीका संवादले प्रष्ट पारेका छन्, जस्तैः "आज नै टीका लगाउने हो ?" डराई डराई पीडित स्वरमा सोधी गौरीले ।

थाहा छैन ! मलाई कस्तो डर लागिरहेछ । तँ आइज है । (पूर्ववत्: २०) । सरल छोटा अनि अपठित पात्रले बोल्ने भाषाका साथै ग्रामीण जीवनका शैलीहरूलाई उपन्यासका संवादले समेटेको छ ।

घर-परिवारभित्र घट्ने सासू-बुहारीका झगडाहरूलाई पनि उपन्यासका संवादहरूले अझ बढी यथार्थता प्रस्तुत गरेका छन् : सरासर सासूका छेउमा गएर जुनकिरीले भनी - "बजै ! भाँडामा भात रहेनछ ! चामल झिकिदिनुस्, म पकाउँछु ।" कड्कँदै सासूले भनी - "कस्ती अलछिनी रहिछे ? थपक्क भात खाएर भाँडामा भात छैन पो भन्दछे । सासूसँग झुठो बोल्न लाज लाग्दैन नकचरी । खुरुक्क गएर धन्दा गर्दछेस् कि तेरो जगल्टा केलाऊँ (पूर्ववत्: ५३) ।

यसरी जुनकिरी र हजुरआमा, गौरी र काले अनि गौरीकी आमाका संवादमा सकारात्मक सोच देखिएर सत् पात्रको उद्घाटन भएको छ भने सासू अनि आमाजूहरूको संवादमा महिलालाई पीडा दिने महिला नै प्रमुख हुने सामाजिक संस्कारको झलक देखिंदै खलपात्रको समेत उद्घाटन भएको छ । त्यसैले उपन्यासकारले ग्रामीण जीवनका झल्को दिने भाषालाई संवादमा पात्रद्वारा प्रस्तुत गरेकी छन् । छोटा छोटा सरल वाक्य, संक्षिप्त भनाइ, ग्रामीण परिवेशको यथार्थ चित्रण, सत्-असत् पात्रको पहिचान संवादबाटै प्रस्तुत गर्ने उपन्यासकार बिष्टले संवादका माध्यमले उपन्यासको कथानक तथा चरित्र चित्रणमा यथार्थता ल्याउने काम गरेकी छन् ।

### ४.१.३.२.५ परिवेश

आख्यानात्मक कृतिमा परिवेशको महत्वपूर्ण भूमिका रहन्छ । उपन्यासमा पात्रहरूको कार्यकलाप हुने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई वातावरण भनिन्छ (बराल र एटम, २०६६: ३२) । परिवेशले नै पात्रमा हुने उतार-चढावहरूको लेखाजोखा गर्ने भएकाले उपन्यासका घटना र चरित्रलाई समुचित पृष्ठभूमि प्रदान गर्दछ । यसमा जीवनका कथा, रीतिरिवाज, रहन-सहन, व्यवहार, प्राकृतिक पूर्वाधार अनि वातावरण जस्ता तत्वहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् । उपन्यासलाई प्रभावशाली र यथार्थ बनाउनमा सङ्घर्ष, क्रियाकलाप र कथोपकथन जस्तै परिवेशको पनि भूमिका सशक्त रहन्छ

(सुवेदी, २०६४: २५) । उपन्यासको कथानकमा हुने कुनै पनि कार्यका लागि उपयुक्त स्थल नै परिवेश हो ।

उपन्यासमा चरित्रले जुन धरातलमा रहेर कार्य गर्दछ त्यस्तो काल वा समय परिवेशको आन्तरिक तथा बाह्य स्थितिलाई परिवेश भनिन्छ । वास्तवमा उपन्यासमा परिवेश भनेको समय र स्थानको सीमा झैं लाग्ने गर्दछ । परिवेशको सजीव चित्रणले उपन्यासलाई स्वभाविक बनाउनका निम्ति उत्प्रेरकको भूमिका खेलिरहेको हुन्छ ।

जुनकिरी उपन्यास वि.सं. २०४६ सालको प्रजातन्त्र प्राप्ति भन्दा अगाडिको (पञ्चायती व्यवस्था) राजधानी भन्दा केही पर भक्तपुरको मनहरा क्षेत्रको स्थानीय परिवेशको चित्रण गरिएको छ । उपन्यासको कथावस्तु, मुख्य घटना र प्रमुख पात्रहरू भक्तपुरे स्थानीय परिवेशसँग सम्बन्धित रहेका छन् भने गौण रूपमा काठमाडौं अनि नेपाल बाहिर भारतको कलकत्तासम्मको परिवेशलाई पनि अङ्गालिएको पाइन्छ । ग्रामीण निम्न मध्यम वर्ग तथा निम्न वर्गको सामाजिक, पारिवारिक जनजीवनसँग सम्बन्धित यो उपन्यास विशेष गरेर पारिवारिक समस्या, अशिक्षा, आर्थिक पछ्यौटेपन, सामाजिक अन्धविश्वास, बालविवाह, बहुविवाह अनि तत्कालीन शासन व्यवस्थाको चित्रण तर्फ केन्द्रित भएको छ ।

उपन्यासको प्रमुख कार्यस्थल मनहरा वरिपरिको वातावरण त्यसमा पनि केन्द्रीय पात्र जुनकिरीको घर रहेको छ । उपन्यासमा घटेका घटनाहरू तथा पात्रको क्रियाकलापबाट तत्कालीन नेपालको ग्रामीण परिवेश, पारिवारिक रूपमा भेदभावपूर्ण व्यवहार, शिक्षाको ज्योति ग्रामीण भेगमा नपुगेको यथार्थ, पुराना मान्यतालाई अन्धविश्वासी तवरले स्वीकार्ने नेपाली समाज, आर्थिक दुरवस्था, परिवारभित्र घट्ने सासू-बुहारीको झगडा, मातृत्व ग्रहण गर्न नसक्दा त्यसको दोषी महिला नै हुने पुरुष प्रधान समाजको तीतो यथार्थ, छिमेकीको लाशसम्म चिन्न नचाहने निरीह छिमेकीहरू आदिलाई उपन्यासमा यथार्थ ढङ्गमा प्रस्तुत गरिएको छ ।

आफू सानै छँदा आमाको मृत्यु भएपछि केन्द्रीय पात्र जुनकिरीका जीवनमा आइपरेका दैनन्दिन नै यस उपन्यासको केन्द्रीय परिवेश रहेको छ । 'आमा टोकुई' जस्तो अत्यन्त पीडादायी वचनले जुनकिरीको मानसिक धरातल नै छियाछिया हुनु, विवाह पश्चात् मातृत्व ग्रहण गर्न नसक्दा सौताको खटनमा बस्न बाध्य हुनु अनि आफ्नै घरमा खान र बस्न पाउनु पर्ने अधिकारको माग राख्दा मृत्युको मुखसम्म पुग्नु जस्ता सामाजिक परम्परा भित्र

रहेको व्यक्ति मानसिकताको यथार्थ विम्ब हो । गाई गोठाला जाँदा, खोलामा नुहाउँदा, पत्कर लिन जङ्गलमा जाँदा, घाँस दाउरा गर्न वन जाँदा, वालापनमा खेलिने आसपास, भेडीगाँठो अनि आपसमा कुरा नमिल्दा केही क्षणका निम्ति झगडा गर्ने बालमस्तिष्कको चित्रण पनि उपन्यासभित्र घटेका यथार्थ परिवेश नै हुन् । एकतर्फ हजुरआमा, गौरीकी आमा, काले, गौरीबाट समाजमा भएका सत् पात्रहरूको चित्रण गर्ने उपन्यासकारले अर्को तर्फ लोग्ने, सासू, आमाजूहरू जस्ता खलपात्रको चरित्र देखाएर समाजमा रहेको विद्यमान बेमेल, अशिक्षा, अन्धविश्वास, भेदभाव आदिलाई पनि प्रष्ट रूपमा प्रस्तुत गरेकी छन् ।

खास गरेर हाम्रो समाज पितृसतात्मक भए पनि नारीलाई पुरुषले भन्दा नारीले नै बढी शोषण गरेको सामाजिक यथार्थ, आफ्नो हक अधिकारको कुरा गर्दा मृत्युसम्म पुग्नु पर्ने दर्दनाक परिस्थिति आदिलाई मुख्य परिवेश बनाएको जुनकिरी उपन्यास, सामाजिक जडका रूपमा रहेर बसेका सम्पूर्ण अन्धविश्वासी परम्परालाई नङ्ग्याउन सक्षम भएको छ ।

### ४.१.३.२.६ सारवस्तु

उपन्यासमा व्यक्त भएको कुनै विचारलाई सारवस्तु भनिन्छ । सारवस्तु विचार र उद्देश्यसँग सम्बन्धित हुन्छ । उपन्यासकारले कृतिमा कुनै न कुनै विचारलाई प्रस्तुत गरेको हुन्छ र त्यही विचारको आधारमा कथानकको संरचना तयार भएको हुन्छ । पञ्चायती शासन व्यवस्था भित्र जकडिएर रहेको नेपाली जीवन, सामाजिक, धार्मिक, सांस्कृतिक अनि ग्रामीण परिवेशका चरित्रहरू उभ्याएर तत्कालीन समयको चित्र उद्घाटन गर्नु यस उपन्यासको सारवस्तुको रूपमा रहेको छ । अशिक्षा, गरिबी, बालविवाह, बहुविवाह, छिमेकीको आदर्शवादिता, बालमनोविज्ञान, पारिवारिक भेदभाव, मातृत्व ग्रहण गर्न नसक्दाको नारी पीडा, सौतेली व्यवहार, सासूहरूको बुहारीप्रति गरिने प्रताडना, महिला र पुरुष बीचको बेमेल स्थिति अनि आफ्नो हक मागेर होइन खोसेर लिनु पर्छ भन्ने मूल सन्देश यस उपन्यासमा प्रवाह भएको छ ।

सानैमा आमा गुमाउँदा बालमस्तिष्कमा पर्ने पीडा, घरमा भेदभावपूर्ण व्यवहारले ल्याउने समस्या आदिलाई केन्द्रीय पात्र जुनकिरीको माध्यमबाट प्रस्तुत गरिएको छ । मातृत्व नपाए मानिस बिग्रन समय नलाग्ने तथ्यलाई बुझेकी हजुरआमालाई हेर्दा असल अभिभावकत्व निर्वाह गर्नु पर्ने एकातर्फ देखिन्छ भने अर्को तर्फ बाल विवाहले निम्त्याउने

अँध्यारा पक्षहरूको समेत उद्घाटन गरिएको छ । काले, गौरी, जुनकिरी तथा अन्य साथीहरूका बालापनका खेलहरू, ग्रामीण समाजमा बाध्यतामा रहेको बालश्रम, विद्यालयको अनुहारै नदेख्ने बालबालिकाहरूको जीवनचर्याको उद्घाटन गर्नु पनि यस उपन्यासको उद्देश्य रहेको छ । 'मर्दा पर्दाको छिमेकी' भन्ने भनाइलाई गौरीकी आमा र कालेका बाका मार्फत् प्रस्तुत गरिएको छ भने समाजमा रहेको बालविवाह र त्यस विवाहले निम्त्याउन सक्ने अप्ठ्यारो स्थितिलाई प्राणघातक रोग लागेर बेचिएकी गौरीको मृत्यु अनि मातृत्व ग्रहण गर्न नसक्दा सौताको पीडाले मृत्युको मुखसम्म पुगेकी जुनकिरीमार्फत् उद्घाटन गरिएको छ । आर्थिक दुरावस्थाका कारण मान्छेले भोकभोकै बस्नु पर्ने, घर, खेत, पाखा, खोला, वन आदिबाट जीविकोपार्जन गर्ने ग्रामीण नेपाली समाजको यथार्थ चित्र प्रस्तुत गर्नु यस उपन्यासको अभीष्ट रहेको छ ।

विवाहको १० वर्ष बितिसक्दा पनि जुनकिरीले मातृत्व ग्रहण गर्न नसक्नु अनि त्यही कारण नै उपन्यासको केन्द्रीय तथा उत्कर्षपूर्ण कथानक भएको छ । आमा बन्न नसक्ने भएपछि सासू, लोग्ने र आमाजूहरूका सौता हाल्ने कुराले जुनकिरीका मनमा आँधीबेहरी चल्छ । सौता हाल्ने भएपछि आफ्नो अधिकार माग्दा सासूको इशारामा लोग्नेले उसलाई मृत्युको मुखमा पुऱ्याइदिन्छ र कथा समाप्त भएको छ । यसरी यस उपन्यासमा महिलाहरूलाई पीडा दिने पुरुष नभएर महिला नै भएको, मातृत्व ग्रहण गर्न नसक्नुका पछाडि महिलाको मात्रै कमजोरी नभएको अनि धन सम्पत्ति भएपछि समाजमा जे गरे पनि हुने जस्ता यथार्थको आलोचना गर्दै त्यस्ता अन्धविश्वास, भेदभाव अनि आर्थिक दुराचारको भण्डाफोर गर्दै प्रगतिशील विचार प्रक्षेपण गर्नु नै यस उपन्यासको मुख्य उद्देश्य रहेको छ ।

### ४.१.३.२.७ दृष्टिबिन्दु

उपन्यासमा कथा-वाचकका स्थानलाई दृष्टिबिन्दु भनिन्छ । कथयिताले कथा वाचनका लागि उभिन वा बस्नलाई खोजेको वा रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । यसबाट कथयिताले कसरी घटना एवं चरित्रहरूको वर्णन तथा उपस्थापन गर्छ भन्ने कुराको निर्धारण गर्छ (बराल, एटमः ३९) । विषयवस्तुको परिकल्पना गरिसकेपछि कथयिताले कथानकका सीमाभित्र बसेर प्रस्तुत गर्ने कि कथानकको सीमाभन्दा बाहिर दर्शकका रूपमा बसेर प्रस्तुत गर्ने भन्ने कुरा उपन्यासकारको रोजाइमा भर पर्दछ । यसले कसले कथा भनेको छ र कसरी

कथा भनिएको छ भन्ने कुरालाई बुझाउँछ । यस आधारमा दृष्टिबिन्दुका दुई प्रकारहरू हुन्छन्: (१) आन्तरिक दृष्टिबिन्दु र (२) बाह्य दृष्टिबिन्दु । आन्तरिक दृष्टिबिन्दुमा पनि कथयिता उभिएको धरातललाई हेरेर केन्द्रीय र परिधीय दुई प्रकारमा छुट्याएर हेरिन्छ भने बाह्य दृष्टिबिन्दु अन्तर्गत सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन प्रकारले प्रस्तुत गरिएको पाइन्छ ।

'जुनकिरी' उपन्यासका सम्पूर्ण कथानकको कथयिता लेखिका स्वयं हुन् । उपन्यासका सबै स्थान, वर्णन, विश्लेषण, घटना र संवादहरू कथयिताले पाठकका अगाडि उभ्याएकी छन् । कथयिता उपन्यास बाहिर बसेर हृदय एवं मानसिक जगत्को विचरण गरेको प्रष्ट हुन्छ । सबै पात्रका मनका भावना थाहा पाई प्रस्तुत गर्ने र हरेक घटनालाई आफै टिप्पणी तथा विश्लेषण गर्ने भएकाले यसमा बाह्य दृष्टिबिन्दु अन्तर्गतको सर्वदर्शी (सर्वज्ञ) दृष्टिबिन्दुको प्रयोग गरिएको छ । उपन्यासकारले उपन्यासमा सम्पूर्ण घटना, पात्रका क्रियाकलाप र द्वन्द्वलाई वर्णन गरेकी छन् । कुनै पात्रमा केन्द्रित नभई सबै घटना, क्रियाकलाप, संवाद तथा पात्रका मानसिक उतारचढाव आदिलाई कुनै छेकबार बिना स्वतन्त्र रूपले सर्वज्ञझैं बनेर सबै कुरा आफ्नै नियन्त्रणमा लिई उपन्यासभन्दा बाहिरै बसेर सरसर्ती वर्णन गरेकी हुनाले मूलतः 'जुनकिरी' उपन्यास तृतीय पुरुषात्मक बाह्य सर्वदर्शी दृष्टिबिन्दुमा संरचित छ ।

उपन्यासका प्रमुख तथा सहायक पात्रहरू जुनकिरी, हजुरआमा, गौरी, काले, गौरीकी आमा, सासू, जुनकिरीको लोग्ने आदि हुन् । यिनीहरूकै सेरोफेरोमा घटेका हरेक घटनाको सर्वज्ञाता लेखिका स्वयम् नै हुन् । यी पात्रहरू बाहेक अन्य गौण पात्रहरूका सेरोफेरोमा घटेका घटनाहरूको वर्णन पनि स्वयम् लेखिकाले नै गरेकी छन् । उपन्यासकार घटनाको सर्वदर्शी भएर हरेक पात्रका विचार, चिन्तन, मानसिक संवेग आदि खुलस्त रूपमा वर्णन गर्दछिन् । उपन्यासका प्रारम्भमा छ-सात वर्षीय टुहुरी छोरी जुनकिरीले बाखा हराउँदाको मानसिक छटपटी अनि पीडालाई उपन्यासकार देखेकै जस्तो गरी वर्णन गर्दछिन् -

"बाखा खोज्दाखोज्दै जुनकिरी देवीथानमा पुगी । जुनकिरी बा र हजुरआमासँग साह्रै डराउँथी । त्यसैले बाखो हराएकामा आफूलाई गाली गर्छन् भन्ने सोचेर मनमनै पिरोलिएकी जुनकिरी देवीको मूर्तिमा घोप्टो परी । बाखो भेट्टाए एक जोर हाँसको फूल चढाउँछु भनी

देवीमाईलाई भाकल गरी । यतिखेरसम्म पनि कसैले बाखा फेला पार्न नसकेकाले उसका मनले ठाउँ छोडिसकेको थियो । उसको हंश उडिसकेको थियो (बिष्ट, ०५२: २) ।"

बाखा हराउँदा होस् चाहे घरमा साना साना कुरामा गल्ती गर्दा होस्, जुनकिरीका बाले उसलाई अलच्छिना, आमा टोकुई, आदि जस्तो अत्यन्त तिता गाली गर्दथे । यस्ता गालीले उसलाई नरमाइलो अनि पीडा भइरहन्थ्यो भन्ने वर्णनमा -

"ओछ्यानमा पल्टेर मनमनै सोची जुनकिरीले, "सधैं बाले गाली गर्दा किन त्यसो भन्नु भएको होला ? मेरो मात्र हो र दाइको पनि आमा छैन । दाइलाई गाली गर्दा बा कहिल्यै त्यसो भन्नु हुँदैन तथ्य कुरा नबुझे पनि जुनकिरीको हृदय नराम्रोसँग पीडाले चिमोटियो । निदाउन नसकेर असपटाइरही (पूर्ववत्: ५) ।"

आफूलाई दिने गरेको पीडाले सिमा नाघेपछि जुनकिरीले सासूसँग प्रतिवाद गर्दा उपन्यासको अन्त्यमा घटेको घटना उपन्यासकार प्रत्यक्षदर्शी झैं वर्णन गर्न पुगेकी छिन् -

"आफ्नी आमाको हुँकारले लोग्नेभित्रको पुरुषत्व जाग्यो । ऊ र उसकी कान्छी स्वास्नी जुनकिरी भएतिर बढे । जुनकिरी बोल्न खोज्दै थिई, लोग्नेले उसको जगल्टामा समातेर घिसाऱ्यो । जुनकिरीले लोग्नेको प्रतिरोध गर्न खोजिन् तर सासू र सौता मिलेर उसको हात पक्रे त्यसै बेला लोग्नेले ढोकाको आग्लो झिकेर जुनकिरीको कञ्चटमा बजाऱ्यो । जुनकिरीले तारा देखी । उसलाई भाउन्न भएर आयो । आँखा तिल्मिलाए । सम्पूर्ण शरीर झम्झम् भयो । एकछिनमा नै जुनकिरी शिथिल भइन् । उनी बेहोश भइन् (पूर्ववत्: ६३) ।

यस्तै उपन्यासकारले परिवेश, घटना अनि दृश्यमा आफू सर्वदर्शी भएरै वर्णनात्मक शैलीमा उपन्यासलाई अगाडि बढाएकी छन् ।

"कागहरू कराइरहेका थिए । धुम्म बादल लागेको आकाशबाट चित्कार अलापिरहेको सुनिन्थ्यो । वन, खोला चित्कार अलापेर सुसाइरहेका थिए । धर्तीका कण-कणले सर्वत्रबाट एउटै चित्कार अलापिरहेको सुनिन्थ्यो -

बाखा चितुवाले लग्यो
चितुवाले बाखा लग्यो
बाखा चितुवाले लग्यो
चितुवाले बाखा लग्यो (पूर्ववत्: ६४) ।

यसरी उपन्यासमा वर्णित सम्पूर्ण घटनाकी द्रष्टा उपन्यासकार बिष्ट हरेक पात्रका नामबाट कथ्यको वर्णन गर्दछिन् । घटनाको प्रत्यक्ष वर्णनमा उपन्यासकार पाठकसामु देखा नपरी तटस्थ बस्नु उपन्यासकार बिष्टको दृष्टिबिन्दुगत विशेषता हो । लेखिकाले आफ्नो उद्देश्य अनुरूप शिक्षा प्रदान गर्न र नैतिक दृष्टान्तका लागि चरित्र अनि वातावरण तथा घटनाहरूलाई विश्वसनीय अनि पठनीय बनाउनका निम्ति बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग कुशलतापूर्वक प्रस्तुत गरेकी छन् ।

**४.१.३.२.८ भाषाशैली**

भाषा र शैली दुई शब्दहरूका समस्त रूपलाई भाषा शैली भनिन्छ । भाषा मानवीय सञ्चार एवं साहित्यिक अभिव्यक्तिको माध्यम हो । समाजका व्यक्तिहरू बिच सञ्चार गर्न प्रयोग गरिने यादृच्छिक वाक् प्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ (बन्धु, २०५०: १) । साहित्यको सृजना भाषाका माध्यमबाट हुन्छ । उपन्यास पनि साहित्यको एउटा विधा भएकाले उपन्यास-अभिव्यक्तिको माध्यम पनि भाषा रहेको हुन्छ । उपन्यासमा भाषा कथावस्तुको विचार, विचारको प्रस्तुति तथा चरित्र सबैको साझा माध्यम बन्ने गर्दछ । भाषाले नै उपन्यासमा सबै तत्वहरूलाई सङ्गठित गर्ने कार्य गर्दछ । उपन्यास जीवन जगत्का यथार्थलाई छर्लङ्ग्याउने साहित्यिक विधा भएकाले यसमा गद्य भाषाको प्रयोग हुन्छ ।

शैली भाषाका माध्यमले गरिने अभिव्यक्तिको निजी तरिका हो । उपन्यासकारको निजत्वको विशिष्ट रूप नै शैली हो । रचनाकारको यस्तो विशिष्ट रचनाप्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवं विषयका दृष्टिबाट विचलन हुन्छ (शर्मा, २०५९: ३) । प्रकारान्तरमा शैलीलाई उपन्यासको छुट्टै तत्वका रूपमा चर्चा गर्न सकिए तापनि भाषा र शैली बीच रहेको अविच्छेद्य सम्बन्धका आधारमा यिनीहरूलाई छुट्टै तत्वका रूपमा नलिएर एक-अर्काको पूरक तत्वका रूपमा लिएको पाइन्छ ।

भाषा शैलीका दृष्टिले 'जुनकिरी' समसामयिक उपन्यासका क्षेत्रमा महत्वपूर्ण उपन्यास देखापर्दछ । यसको भाषा सरल, सहज एवम् वर्णनात्मक देखिन्छ । पारिवारिक ( ग्रामीण) जीवनमा प्रयोग गरिने सामान्य चलनचल्तीका सरल भाषाको प्रयोग गरिएको हुँदा

उपन्यासको भाषा प्रवाहपूर्ण छ । पात्रका स्तर अनुसारको भाषाप्रयोग गरिएकाले प्रयुक्त भाषालाई साक्षरता प्राप्तले पनि सहजै बुझ्न सक्ने सरल रहेको छ । झर्रा नेपाली शब्दहरू र प्रचलित तत्सम्/तद्भव स्रोतका शब्दहरूको अत्यधिक प्रयोगले पनि उपन्यासको भाषा सरल, स्वाभाविक र गतिशील बनेको छ । तत्सम्/तद्भवका साथै नेपालका उत्तर ग्रामीण क्षेत्रको वातावरण मिल्दो भाषाको प्रयोगका साथै एक दृश्यबाट अर्को दृश्यमा जाँदा चित्रको प्रयोगले अपठितका लागि पनि निकै सहज तथा सरल भएको छ । जुन पात्र हो त्यही पात्र सुहाउँदो भाषा प्रयोगले स्तरअनुकूल भाषाको प्रयोग ठोस रूपमा देखिन्छ । मानिसलाई रिस उठ्ता वा झर्को लाग्दा केही (गाली/गलौज/समाजले सोझै पचाउन नसक्ने) वाक्यहरूको प्रयोगले अझ भाषामा ठोसपन अर्थात् वास्तविकता झल्काएको छ । ग्रामीण जनजिब्राले बोलचालमा अत्यधित प्रयोग गर्ने अनुकरणात्मक शब्दहरूको बाहुल्यताले गर्दा भाषालाई अझ सहज तुल्याएको छ ।

उपन्यासभित्र प्रयुक्त अनुकरणात्मक शब्दहरू:

झ्वाम्ल्याङ्/झ्वाम्ल्याङ्, टुसुक्क, झलक्क, सर्र सर्र, छ्यामछ्याम-छुमछुम, लुसुक्क, पुलपुलिनु, सुँक्क सुँक्क, असपटाउनु, झटपट, हस्याङ्फस्याङ्, खुरुरु, गुनगुन, फटफटाउनु, काँपिरहनु, टुपुटुपु, लुसुलुसु, सुरुसुरु, गुनगुनाउनु, चकमन्न, दङ्ग, चिटिक्क, कोक्याउनु, लडीबुडी, कुक्कु कुक्कु, गलल्ल, भुर्र-भुर्र, खुरुखुरु, झम्झम्, छुनुमुनु, पुलुक्क, आदि ।

उपन्यासभित्र प्रयुक्त झर्रा शब्दहरू:

पधेंरो, पिचाश, घैंटो, निधो, बिगबिगी, झटारो, पन्यौटा, मुड्की, छौंडाहरू, औधी, तिहुन, हँसिया, गाग्रो, गग्रेटो, पिंडुला, रड्किनु, वनमारा, अलच्छिने, दिब्री, दैलो, आग्लो, कञ्चट, लोटाउनु, पोटारी, लुँडो, डोको-नाम्लो, वल्ला-पल्ला, मुन्द्री-फुली, पत्कर, उत्तौली, डाहा, डङ्गिनी, जगल्ट्याउनु, छेस्का, गुलेली, गङ्गटा, सैसैला, दामल, कसिङ्गर, सँघार, आदि ।

उपन्यासभित्र प्रयुक्त उखान टुक्काहरू:

लेखेको कुरा हुन्छ देखेको हुँदैन, मारे पाप पाले पुण्य, नाक राख्नु, मन चुडिनु, स्वाहा हुनु, अचानाको पीर खुकुरीलाई के थाहा ?, खुट्टामा बञ्चरो हान्नु, सुखमा सबैको हाईहाई दु:ख पर्दा कोही छैनन दाजुभाइ, मन फाट्नु, कुलेलम ठोक्नु, आदि ।

उपन्यासमा प्रयुक्त बाल बोली:

सबै जना आओ ! ए काले ! मैले कित्ता गरें !

गौरी कराइ - साँझ पर्न थाल्यो आब बाख्रा लैजाऔं । काले आइजो ।

परिवारमा सासू-बुहारीको झगडामा एकले अर्कालाई पिरोल्ने बानीको झलकका रूपमा:

'अर्काको माइतबाट लेराएको मलाई के खाँचो ? भीरबाट लडे नि किलो रित्तै, बाघले खाए नि किलो रित्तै ! भने जस्तै हो मलाई ।' भनेर उसकी सासू जुनकिरीलाई सुनाइरहन्थी । (पृष्ठ ४८)

कड्कँदै उसकी सासूले भनी - 'कस्ती अलछिनी रहिछे ? थपक्क भात घिचेर भाँडामा भात छैन पो भन्दछे । सासूसँग झुठो बोल्न लाज लाग्दैन नकचरी ! खुरुक्क गएर धन्दा गर्छेस् कि तेरो जगेल्टा केलाऊँ ।' - (पृष्ठ ५३)

जुनकिरीको कुरा भूँइमा खस्ने बित्तिकै जाग्‌जाग्‌ती हुँदै सासूले भनी, 'तेरो बाउले धारो लगाएर पठाइदिएको छ भन्ठानेकी छेस् कि क्या हो ? दुई दिन भएको छैन एक कुरुवा तेल सक्छे । कस्ती सङ्घारे रहिछे । बुहारीमा हुने गुण तील जति पनि छैन । हात त्यस्तै राखे छ एक छाक मीठो पाएकी छैन आजसम्म । (पृष्ठ ३५)

ग्रामीण जनजीवनको यथार्थ प्रस्तुति गर्ने उद्देश्य लिएर लेखिएको यस उपन्यासमा अनुकरणात्मक तथा झर्रा शब्दहरूको बाहुल्य देखिन्छ । वातावरणीय परिवेशलाई कहिले काहीं प्रतीकका रूपमा प्रस्तुत गरिए पनि त्यसले त्यति धेरै महत्व राखेको पाइँदैन । दैनिक जनजीवनमा चल्ने ग्रामीण भाषा, वर्णनात्मक शैलीबाट चरित्रचित्रण तथा घटनाहरूको वर्णन गरिएको पाइन्छ । रैखिक ढाँचालाई आत्मसाथ गरेको यस उपन्यासको शैली भने प्रयोगपूर्ण नै देखिन्छ । दृश्य सकिंदा (खण्ड सकिंदा) आउने खण्डको सार संक्षेपका रूपमा प्रस्तुत भएको चित्रले उपन्यासको मूल मर्म बुझाउन अझ सहज बनाएको छ ।

पात्र अनुसारको भाषाको प्रयोग, उखान टुक्का, अनुकरणात्मक शब्द, झर्रा शब्द, छोटा-छोटा वाक्य गठन अनि आवेगमा बोल्दा प्रयोग हुने झर्रा शब्दले बनावटीको लेप लाग्न पाएको देखिंदैन । सरल, सहज अनि सुबोध्य भाषाको प्रयोगले गर्दा साथै ग्रामीण जीवनका पारिवारिक समस्याहरूको प्रस्तुति, वातावरणीय परिवेशको यथार्थ चित्रण लेखकीय निजी भाषा शैलीका प्रयोगले उपन्यासलाई सरस बनाएको पाइन्छ ।

जुनकिरी, काले, गौरी आदिका अभिभावकहरू हाम्रै समाजका निम्न वर्गीय चरित्रहरू हुन् । झिसमिसेदेखि साँझ परुन्जेलसम्म काममा लीन रहने किसानहरूका प्रतिनिधि पात्रहरू हुन् । जतिसुकै आर्थिक अवस्था न्यून रहे पनि आपत् विपत्मा सघाउने नेपाली मनहरूका प्रतिच्छायाँ हुन् । केन्द्रीय पात्र जुनकिरीको सेरोफेरोले समाजको साङ्गोपाङ्ग चित्रण गरेको छ भने सहायक पात्र गौरी र कालेका उपस्थितिले अलग्गै वास्तविकताको उद्घाटन गरेको छ । शहरमा बस्ने मान्छेले सुखसँग पाल्न सक्छ भन्ने सोचाइमा गाउँले चेलीहरूका दुर्दशालाई गौरीले छर्लङ्ग पारेकी छ । कलकत्ताको कुनै कोठीमा आफ्नै श्रीमान् भनाउँदाले बेचेपछि उसलाई एच.आइ.भी. एड्स लागेर मृत्यु भएको छ भने बालसखा काले पनि सिपाहीको जागिरमा गोली लागेर मरेको छ । यसरी अपठित महिलालाई झुक्याएर बेच्न सम्म पछि नपर्ने गौरीको लोग्ने जस्ता मानिसहरू अद्यावधि सक्रिय छन् । अरुको रक्षामा अहोरात्र खटिने सिपाहीको आफ्नै भने सुरक्षा नहुने कटु यथार्थ आजसम्म पनि देख्न सकिन्छ ।

प्रथम विवाहबाट वर्षौंसम्म पनि सन्तान प्राप्त गर्न नसकेपछि आमा अनि दिदीबहिनीहरूको लहैलहैमा लागेर सन्तानका निम्ति अर्को विवाह गर्ने पुरुषहरू आजसम्म पनि हाम्रा समाजमा यत्रतत्र पाइन्छन् । 'सौता' शब्दले एउटी नारीमा ल्याउने छटपटी अनि पीडाबोध आदिलाई जुनकिरीले प्रतिनिधित्व गरेकी छे । बुहारीमाथि सासूहरूले गर्ने अत्याचार, महिलामाथि हुने दुर्व्यवहारको सुनुवाइ नहुने सामाजिक अवस्था आदिलाई पनि सामाजिक यथार्थ कै एक स्वरूप मान्न सकिन्छ । आफ्नो हक-अधिकार माग्दा कैयौं महिलाहरू आजसम्म पनि परिवार भित्रैबाट पीडित भएर मृत्युको मुखसम्म पुगेका घटनाहरूलाई जुनकिरीका मृत्युले प्रतिनिधित्व गरेको छ ।

यसरी ग्रामीण जनजीविकाको प्रसङ्गदेखि लिएर नारीमाथि हुने पारिवारिक, सामाजिक अन्याय, तत्कालीन समाजको शैक्षिक, आर्थिक अनि धार्मिक संस्कारहरूलाई यसले

विषय बनाएको छ । अपठित नारीहरूले बेचिनु पर्ने परिस्थिति, शिक्षा नहुँदा चेतनामा पुग्ने प्रभाव, गाउँबेंसी, खोला, पँधेरा, वन आदिलाई सेरोफेरो बनाएर लेखिएको जुनकिरी उपन्यासभित्र सामाजिक यथार्थको नाङ्गो चित्रण भएको छ ।

## ४.२ प्रवृत्तिगत आधारमा उपन्यासको विश्लेषण

जीवनको साङ्गो-पाङ्ग वर्णन गरेर निश्चित उद्देश्य प्राप्तिका निम्ति रचना गरिएका उपन्यासहरूले मूल रूपमा भिन्न भिन्न प्रवृत्ति बहन गर्न पुग्दछन् । उपन्यासमा पाठकले त्यस भित्र रहेका पात्र, द्वन्द्व, वातावरण अनि सारलाई आधार बनाएर प्रवृत्तिहरूको निरूपण गर्न पुग्दछन् । उपन्यासको अभीष्टलाई हेर्दा जुनकिरी उपन्यासले समाजभित्रको मैलो फ्याँक्नु पर्ने प्रगतिशीलता देखाउँदछ भने द्वन्द्व देखाएर हक अधिकार दिलाउन नसकेका पात्रहरूका चरित्रलाई हेर्दा आलोचनात्मक यर्थाथवादको उद्‌घाटन गरेको छ । ग्रामीण नेपाली जीवनको समसामयिकता, समाजभित्रको मानविय जीवन अनि भेदभावले सृजना गरेका नारी छटपटीलाई केन्द्र बनाएर रचित 'जुनकिरी' उपन्यासलाई निम्न प्रवृत्तिहरूमा राखेर विश्लेषण गर्न सकिन्छ ।

### ४.२.१ आलोचनात्मक यथार्थवादी दृष्टिकोणः

समाजका विसङ्गत चालचलनहरूका आलोचना गर्दै त्यसको यथार्थपरक प्रस्तुति गर्ने माध्यम आलोचनात्मक दृष्टिकोणले आत्मसात गरेको हुन्छ । उँभो लाग्न नदिएर गतिरोध गर्ने समाजका अहितकर कार्यहरू, दूषित तत्वहरू, अन्ध विश्वास, शोषण र सामाजिक कुप्रथाहरू अध्ययन गरेर तिनीहरूको विवेचना । आलोचना गर्ने प्रवृति विशेषलाई आलोचनात्मक यर्थाथ वाद भनिन्छ (प्रधान, २०५२ः १४९) 'जुनकिरी ' उपन्यास पनि समाज भित्र रहेका अहितकर कार्य, दूषित तत्व अनि सामाजिक कु-प्रथाहरूको आलोचना गर्ने सशक्त माध्यम बनेको छ ।

समाजमा जे छ त्यसमा नै समर्थन नगरी मानवीय मूल्य र मान्यताअरुको वकालत गर्ने दृष्टिकोण यसले राखेको छ । पढ्ने, लेख्ने उमेरमा बाख्रा चराउन जानु, आमाको अभावमा केटाकेटीमा देखिने छटपटी, भर दिन काम गर्दा पनि सुख र शान्ति नहुने हाम्रो समाज, सानैमा विवाह गरि दिने धार्मिक संस्कारको उपन्यासले आलोचना गरेको छ । महिलालाई अत्याचार वा पीडा दिने कुनै पुरुष नभएर महिला नै हुने गरेको यथार्थलाई

जुनकिरीकी सासूले प्रतिनिधित्व गरेकी छन् भने आफन्तको लहै लहैमा लागेर कयौं चेलीहरू विदेशमा बेचिन्छन् भन्ने उदाहरण गौरीले दिएकी छ । श्रीमान्ले राम्रो व्यवहार नगर्दा माइतीको शरणमा जाने नेपाली चेलीहरूको चलन, विवाह गरेर गएको आफ्नो घरमा हक अधिकार माग्दा परिवारले नै मार्ने गरेको उदाहरणका रूपमा जुनकिरी उपस्थित छे । बाटामा लडेको आफ्नै छिमेकीको लाश नचिन्ने समाजको लाचारीपन अनि तत्कालीन प्रशासनको 'धनीलाई चैन, गरीबलाई ऐन' भन्ने उक्ति अनुसारको व्यवहार प्रति आलोचनात्मक स्वर यसले मुखरित गरेको छ । पात्रका मृत्यु देखाई लेखकले यस उपन्यासमा प्रगतिशील चिन्तन व्यक्त गरेकी छन् । महिला भएर आफ्नो हक-अधिकार आफ्नै घरबाट खोसेर लिनु पर्छ भन्ने प्रगतिशील विचार बोकेका यस उपन्यासमा महिला बेचबिखनको समस्या, अपठितहरूमा बढ्दै गएको हीनता, शिक्षाको ज्योति गाउँ गाउँसम्म पुऱ्याई नारीलाई पूर्ण अधिकारले सम्पन्न गराएमा समाजमा समानता हुने, धनी र गरीब बिच रहेको भेदको खादल पुरिएर समुन्नत समाज बन्ने दृष्टिकोण पनि यसमा प्रस्तुत भएको छ ।

अरुको ज्यान मार्ने मान्छेलाई दण्डित गर्नु पर्ने प्राङ्यायको सिद्धान्तलाई उपन्यासमा प्रयोग गरिएको छैन । जुनकिरीका मृत्युले पाठकका मनमा करुणा पैदा गर्दछ भने उसका सौता र लोग्नेप्रति घृणा । गौरीका मृत्युसँग पाठक खिन्न हुन्छ भने उसलाई कोठीसम्म पुऱ्याउने उसका श्रीमान्प्रति घृणा व्यक्त गर्छ अनि विदेशी सेनामा भर्ती भएर पूर्ण यौवन बिताउने निम्न वर्गको प्रतिनिधि पात्र कालेका मृत्युमा गौरव बोध गर्छ ।

यसरी समाजमा घट्ने विविध घटनाहरूलाई आलोचनात्मक तबरले हेर्दै लेखकले प्रगतिशील विचार राख्नका निम्ति जुनकिरी' उपन्यासका पात्र, समाज, वातावरणले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । समाजभित्र रहेका कु-संस्कार, बेथिति, अन्धविश्वास भेदभाव आदिलाई हटाएर स्वच्छ समाज निर्माण गर्ने उद्देश्य बोकेकाले यसलाई आलोचनात्मक यथार्थवाद भित्रको प्रगतिशील चिन्तन हो भन्न सकिन्छ ।

### ४.२.२ सामाजिक यथार्थवादी प्रवृत्तिः

समाज भनेको विविध सोच भएका मानिसहरूको सङ्गठित रूप हो । कुनै पनि सृजनात्मक कृतिले वस्तुतः जीवन जगतलाई केन्द्र बनाएर विषय-वस्तु उठान गरेको हुन्छ । समाज जस्तो छ त्यस्तै, मानिसका कार्य जस्ता छन् त्यस्तै, ऐना झैं छर्लङ्ग्याउने काम

यथार्थवादी साहित्यले गर्ने गर्दछ । नेपालका प्रायः ग्रामिण जनजीवनको प्रतिनिधित्व गर्ने उपन्यास 'जुनकिरी' पनि तत्कालीन समाजको दर्पण हो । प्रजातन्त्र पुर्नबहाली भए पछि पनि गाउँ गाउँसम्म शिक्षाको पहुँच नपुग्नु, बाल विवाह, बहुविवाह, मानव बेचविखन, गरीब परिवारका गाँस अनि कपासको समस्या, आमाको वियोग पछि सन्तानमा पर्ने प्रभाव, सासू र बुहारी बिचको कटुतापूर्ण व्यवहार, सम्पत्तिमा सबैको हानथाप हुने यथार्थ , आफ्नो हक अधिकार माग्दा आफ्नै मान्छेको दुर्व्यवहार, छिमेकीलाई बेवास्ता गर्ने सामाजिक प्रवृत्ति, तत्कालीन प्रशासन आदिको यथार्थ प्रस्तुत गर्ने उपन्यास छोराछोरीमाथि अभिभावकले गर्ने भेदभाव, विवाह भएपछि छोरीका माइती तर्फको अधिकार खोसिने चलन आदिले मान्छे, परिवार र समाजको यथार्थ चित्रण गरेको छ । सानैमा आमाको मृत्यु भएका कारण घरमा सामान्य गल्ती हुदा आफ्नै पिताबाट 'आमा टोकुई', 'अलच्छिने' जस्ता अत्यन्त तीता गालीले जुनकिरीको बालमन छियाछिया हुन्छ । जुनकिरी, गौरी, काले एउटै उमेर समूहका पात्रहरूले विद्यालय नगएर सधैं बाख्रा चराउन जाने गरेको देखाएर तत्कालीन नेपालको शैक्षिक स्तरको नमुना प्रस्तुत गरिएको छ ।

सामाजिक यथार्थवादी सृजनामा समाजको चित्रण गर्दा सामान्यतः निम्न वर्गीय, स्वीकृत यथार्थ र कटु सत्यहरूलाई लेखकले प्राथमिकतामा राखेको पाइन्छ ।

### ४.२.३ अस्तित्ववादी चिन्तन

म छु र पो जगत् छ भन्ने मान्यतालाई केन्द्रमा राखेर सृजित सृजनाहरू अस्तित्ववादभित्र पर्दछन् । विसङ्गतिबोधबाट आत्मसत्ताको अनुभव गर्न मानिसले कि विद्रोह गर्नुपर्छ कि त वरणको स्वतन्त्रता र उत्तरदायित्वका माझ अल्झिनु पर्दछ भन्ने यथार्थ बोक्ने अस्तित्ववादी चिन्तन जुनकिरी उपन्यासभित्र देख्न सकिन्छ ।

'आमा टोकुई' जस्तो तीतो गालीले जुनकिरीका बालमनमा परेको भेदभावपूर्ण व्यवहारको प्रतिवाद गर्दै ऊ भन्छे - 'दाजुका पनि आमा छैनन् तर मलाई मात्र बुबाले किन आमा टोकुई भनेको हजुरआमा ?' भन्ने जिज्ञासाले उसमा व्यक्तिगत अस्तित्वको बोध देखाइएको छ । विवाहपछि लोग्नेका घरमा आर्थिक सम्पन्नता ल्याउन मिहनेत गर्ने जुनकिरीमाथि सौता भित्र्याएपछि उसमा घरबाट पाउने हक-अधिकारको अस्तित्व सल्बलाएको छ । 'तीन घुम्ती' की इन्द्रमाया जस्तो चरित्र नभए पनि घरभित्र पाउने हक

अधिकारका बारेमा सासू र श्रीमान्प्रति प्रश्न गर्दछे । गौरीका मृत्युले पनि समग्र बेचिएका चेलीहरूको अस्तित्वको बोध गराएको छ । आफ्नै लोग्नेका कारण प्राणघातक रोग एड्स लागेर मर्ने गौरी, कर्तव्य पथमा हिंड्दा हिंड्दै गोली लागेर मृत्यु हुने कालेले भिन्न भिन्न अस्तित्व वरण गरेका छन् । अर्काका सुरक्षामा अहोरात्र खटिने सिपाहीको अस्तित्व कालेका चरित्रले चित्रण गराउँदछ भने कयौं नेपाली चेलीहरू कोठीमा नारकीय जीवन बिताउन बाध्य भएको प्रसङ्गले महिलाहरूको सामाजिक अस्तित्वको बोध गराएको छ ।

यसरी घरभित्रका छोराछोरीका भेदमा जुनकिरीले गरेको समानताको प्रश्न, आर्थिक सम्पन्नता छाएपछि सौता हाल्ने श्रमिान्सँग अधिकार मागेको प्रसङ्ग लोग्नेद्वारा बेचिएकी गौरीको मृत्युले महिलामाथि हुने सामाजिक अन्याय अनि कर्तव्यपथमा अगाडि बढ्दा मृत्यु अङ्गाल्ने कालेलाई हेर्ने हो भने भिन्न भिन्न अस्तित्ववादी चिन्तनहरू देख्न सकिन्छ । आफ्नो अस्तित्व रक्षा गर्ने क्रममा जुनकिरी मृत्युको मुखसम्म पुग्दछे । राम्रो र मीठो खाने लोभमा गौरी कोठीमा बेचिन्छे । बहादुरी तथा सेवा गर्ने काममा कालेको मृत्यु हुन्छ । माथिका मुख्य एवं सहायक पात्रहरूको मृत्यु देखाएर ती पात्रहरूले वरण गरेका सामाजिक संरचनाहरूमा अस्तित्वको बोध गराउनु जुनकिरी उपन्यासको अभीष्ट रहेको देखिन्छ ।

### ४.२.४. **समसामयिकता**

तत्कालीन समयका यथातथ्य घटनाक्रमहरूलाई द्रष्टाका रूपमा साहित्यमा पदार्पण गर्ने कार्य समसामयिकताभित्र पर्दछ । नेपाली आख्यान साहित्यमा ०३६ सालको जनमत सङ्ग्रह पछि देखा परेका विभिन्न आन्दोलनहरूका सारका रूपमा समसामयिकतालाई बुझ्ने गरेको पाइन्छ । मान्छेको मनोवृत्ति अनि सामाजिक आचरणभित्र जहिले पनि समसामयिकताले प्रभाव पारिरहेको हुन्छ । नेपाली उपन्यास परम्पराभित्र मान्छे र समाज हेर्ने कसीका रूपमा हामी समसामयिकतालाई लिन सक्छौं ।

वि.सं. २०५४ मा प्रकाशित उपन्यास 'जुनकिरी' पनि तत्कालीन समाजभित्र देखिने घटनाहरू अनि ती घटनाहरूले ल्याउने अनेक जटिलताहरूको ज्वलन्त नमूना बन्न पुगेको छ । ग्रामीण जन-जीवनको यथार्थ रूप, बालापनको रमाइलो, समाजमा रहेका अन्धविश्वास, कुरीति अनि पछ्यौटेपन आदिलाई देखाउनु उपन्यासको अभीष्ट रहेको देखिन्छ । शैक्षिक व्यवस्थामा गरिएको भेदभाव, ग्रामीण जीवनमा प्रशासनको न्यून उपस्थिति, अर्ध विकसित

सामाजिक चेतना, लाचार छिमेकीपन आदि समसामयिकताका बलिया उदाहरण हुन् । जुनकिरीको बाल्यावस्थादेखि मृत्युपर्यन्त अनि अन्य पात्रहरूका दैनन्दिनका कार्यहरूलाई समसामयिक ढाँचामा प्रस्तुत गरिएको उपन्यास जुनकिरीको मृत्युपछि छिमेकीले लाश नचिन्नु, प्रशासनको उपस्थिति नहुनु, बेचिएकी गौरीको एड्स लागेर मृत्यु हुँदा श्रीमान्लाई कुनै कारबाही नहुनु, बहादुरी र कर्तव्य गर्दागर्दै कालेको मृत्यु हुनु आदि समसामयिक घटनाका श्रृङ्खला हुन् । खोला, जङ्गल, पाखा, बारी, घाँस-पात, चुल्हो चौको आदि नेपाली जनजीवनका पर्याय नै साबित हुन्छन् ।

ग्रामीण जीवनमा प्रायः महिलामाथि हुने शोषण, शिक्षा बिनाको जीवन कति कष्टदायक छ भन्ने देखाउनु, घरभित्र सौता ल्याएपछि महिलाभित्र हुने छटपटी आदिलाई सजीव वर्णन गर्ने काम उपन्यासमा भएको छ । शहर र गाउँ बीचको खाडल देखाएर समानताको बाटो देखाउनुका साथै सामाजिक मर्यादाभित्र मानिस अझै पनि अटाउन नसकेको झलक उपन्यासमा मुखारित भएको छ ।

यसरी तत्कालीन समाजमा भएका घटनाहरू, समाजभित्र रहेका मान्छे, मान्छेलाई वातावरण अनि परिवेशले पार्ने प्रभाव, आपत् विपत् पर्दा सहृदयमनले गर्ने सेवा, पारिवारिक द्वेष अनि अधिकारलाई वस्तुवादी दृष्टिकोणले प्रस्तुत भएको उपन्यासमा समसामयिकताको यथेष्ट प्रमाणहरू हुन् भन्न सकिन्छ ।

### ४.२.५ मनोवैज्ञानिक प्रवृत्ति

मान्छेका मनभित्र रहेका चेतन, अवचेतन, अचेतन तहलाई चिरफार गर्ने काम मनोविज्ञानले गर्दछ । मान्छेले गर्ने हरेक क्रियाकलापहरूमा ऊ स्वयम् जिम्मेवार हुन्छ । 'जुनकिरी' उपन्यासभित्रका पात्रहरूका अवस्थालाई हेर्दा उनीहरूका स्वयम्का निर्णयहरूले कथानकलाई गति प्रदान गरेको पाइन्छ । उपन्यासभित्र प्रयोग भएका पात्र, परिवेश वातावरणलाई हेर्दा व्यक्ति मनोविज्ञान र समाज मनोविज्ञानका उदाहरणहरू पाउन सकिन्छ ।

बालकैमा आमाको निधन भएपछि 'आमा टोकुई', 'अलच्छिना' शब्दले जुनकिरीको बालमनमा नराम्रो ठेस पुगेको छ । आमा बिनाको जीवन बालकका लागि कति कष्टदायक छ भन्ने मनोवैज्ञानिक यथार्थ जुनकिरीले आफ्नो विवाह सानै उमेरमा हुने भयो' भन्दा व्यक्त गरेकी छ । लोग्ने र सासूको तिरस्कार, बालापनका साथीहरूको मृत्यु अनि माइतीमा

भाउजूको अवहेलनाले गर्दा मान्छे कुलतमा फँस्न सक्छ भन्ने यथार्थ जुनकिरीले चुरोट खान थाल्नुबाट प्रष्ट हुन्छ । धन भएपछि परिवारमा जे गरे पनि हुन्छ भन्ने यथार्थ सौता भित्र्याएर जुनकिरीकी सासूले प्रस्तुत गरेको देखिन्छ भने आफूमा कुनै प्रकारको आँट, जोश, कर्तव्य नहुँदा मान्छे कतिसम्म गिर्न सक्छ भन्ने मनोविज्ञान उसको लोग्नेमा देख्न सकिन्छ । उपन्यासभित्र जुनकिरीको बाल्यावस्थाको मनोविज्ञान भन्दा उसका विवाह पछिका दैनन्दिनमा आएको उचार-चढावले अझ महत्व राखेका छन् । सौता भित्र्याएपछि हक अधिकारबाट वञ्चित हुनु पर्ने, सहारा र सहानुभूति दिने मान्छे नभएपछि रातमा निद्रा नलाग्ने, दिनमा भोक नलाग्ने रोगले जुनकिरीलाई क्षतविक्षत बनाएको छ ।

विवाह भएपछि छोरीको हक माइतीका तर्फबाट सकिन्छ भन्ने सामाजिक मनोविज्ञान भाउजूको व्यवहारबाट चित्रित भएको छ । छोरीका तर्फकाले 'मारे पाप पाले पुण्य' भन्ने उक्ति दशकौंदेखि जरा गाँडेर बसेको समाज मनोविज्ञानको झलक हो । समाजले स्थापित गरेका मूल्य मान्यताहरूलाई अन्धाधुन्द अनुसरण गर्दा व्यक्तिभित्र आउने उतार चढावहरूलाई उपन्यासका चरित्रहरूले चित्रण गरेका छन् ।

यसरी एकातर्फ व्यक्तिभित्रका मनोवैज्ञानिक उतार-चढावहरू, उनीहरूका कार्यहरू अनि अर्कातर्फ समाजभित्रका दशकौं अगाडिदेखि चलाइएका चलनहरूको चिरफार गर्ने समाज मनोविज्ञानको पनि छनक भेटिन्छ । त्यसैले समाजभित्र रहेका मानिसहरूका मनोविज्ञानलाई खोतल्नु अनि समाजकै मनोविज्ञानलाई नियाल्ने जस्ता उद्देश्य बोकेकाले जुनकिरीभित्र मनोवैज्ञानिक प्रवृत्ति पनि छ भन्न सकिन्छ ।

## ४.३ उपन्यासकार गायत्री बिष्टका मूलभूत प्रवृत्ति

सृजनालाई समाजको मूल केन्द्र बनाएर लेखिएको 'जुनकिरी' उपन्यासलाई हेर्दा बिष्टको लगाव प्रगतिशील चिन्तन तर्फ अगाडि बढेको देखिन्छ । उपन्यासमा समसामयिक समाजका पात्रहरूलाई समाजका प्रतिनिधि बनाएर वस्तुगत सत्यलाई देखाउँदै पात्रका मृत्युमा करुणा अनि समाज परिवर्तनका बाधकहरूलाई चिनेर दण्ड दिने सभ्य समाज निर्माणको चाहना पाइन्छ । अपठित ग्रामिण समाजका झर्रा अनि अनुकरणात्मक शब्दहरूका बाहुल्यले सरस तथा वास्तविकता झल्काउन सफल प्रस्तुत उपत्यासलाई केन्द्रमा राखेर

गायत्री बिष्टका प्रवृत्तिहरूलाई केलाउने चेष्टा गरिएको छ । मान्छे, समाज, वातावरण अनि मानवीय जीवनका दैनन्दिन घटनाहरूलाई विषयवस्तु बनाएर सृजना गर्ने उपन्यासकार बिष्टका प्रवृत्तिलाई निम्नानुसार देखाउन सकिन्छः-

### ४.३.१ सामाजिकता

कुनै पनि सृजनाको मूल स्रोत भनेको समाज हो । समाजलाई अलग्याएर लेखिने साहित्यले कुनै पनि मूल्य पाएको देखिंदैन । यस उपन्यासका चरित्रहरूले खेलेको भूमिकाहरूलाई हेर्ने हो भने तत्कालीन समाजको झाँकी प्रस्तुत भएको छ । अद्यावधि समाजमा रहेका भेदभावको नमूना 'आमा टोकुई' जस्ता तिता वचन खप्नु पर्ने यथार्थ जुनकिरीका चरित्रले छर्लङ्ग पारेको छ । आमाको काख नपाउँदा बच्चामा आउने नैराश्यलाई एकातर्फ देखाउँदै चामल-गेडी खाँदै घाँस काट्दा आउने बालापनको रमाइलो यथार्थ यसमा पाइन्छ । स्कुल जान नपाएका मानिसहरूका जीवनचर्यालाई विषय बनाइएको यस उपन्यासमा गौरीको मृत्यु आफ्नै श्रीमान्का कारणले भएको देखाउँदै आजसम्म समाजमा रहेको बेचबिखनको समस्यालाई उजागर गरेको छ र 'मारे पाप, पाले पुण्य' भन्ने हिन्दु संस्कारबाट ग्रसित समाज बुहारीले आफ्नो अधिकार खोज्दा मृत्युको मुखसम्म पुऱ्याउने परिवारहरू विरुद्ध विद्रोह जन्माउन सफल भएको छ ।

चुलो-चौको, घाँस-दाउरा, पानी-पँधेरो, ढिकी-जाँतो आदि गर्दा गर्दै जीवन समाप्त गर्ने अनि भावी सन्ततिलाई असल बाटामा हिड्न प्रेरित गर्ने नारी समाज एकातर्फ छ भने अर्कातर्फ आमा र दिदीहरूका लहैलहैमा लागेर दोस्रो विवाहका निम्ति पहिली श्रीमतीलाई मार्ने सम्मका पात्रहरू पनि यस समाजमा छन् भन्ने वास्तविकतालाई देखाइएको छ । निम्न वर्गका दैनन्दिनका कार्यहरूलाई कथानकको आधार बनाएर लेखिएको जुनकिरी उपन्यासभित्र समाजको यथार्थ चित्रण भएकाले सामाजिकता बिष्टको मूल प्रवृत्तिका रूपमा रहेको देखिन्छ । मूलतः उपन्यास सामाजिक यथार्थ चित्रण गर्ने आलोचनात्मक प्रवृत्तिमा आधारित रहेको छ ।

### ४.३.२ प्रगतिशीलता

समाजभित्र रहेका कु-संस्कार अनि व्यक्तिभित्र रहेका मानवीय स्वभावलाई सकारात्मक गोरेटामा डोऱ्याउन चाहने अभीष्ट बोकेका सृजनाले प्रगतिशीलतालाई पछ्याएको हुन्छ । गतिरोध गर्ने विविध अवस्थाहरूलाई देखाउँदै अग्रगमनतर्फ सोंच राख्ने सृजनालाई प्रगतिशील भनिन्छ ।

समाज र परिवारभित्रका भेदभावको बिज जराबाटै उखेलेर फ्याक्नु पर्ने सन्देश यस उपन्यासले दिएको छ । सानै उमेरमा हुने विवाहको संस्कारलाई अनि शिक्षाको ज्योति नपुगुञ्जेल मानवले नै गर्ने मानव बेचबिखन जस्तो जघन्य अपराधी कार्यले ग्रामीण चेलीहरूलाई शिकार बनाइ रहने हुँदा त्यस्ता प्रवृत्ति भएका चरित्रहरूलाई जराबाटै उखेलेर फ्याँक्न पर्छ भन्ने समाज सुधारको प्रतिबिम्ब देखिन्छ । 'अधिकार माँगेर पाइदैन भने खोसेर पनि लिनुपर्छ' भन्ने उद्देश्य बोकेको उपन्यासले प्रगतिशीलतालाई अङ्गालेको छ । गौरीको मृत्युले जघन्य अपराधमा संलग्न पक्षहरूलाई सजाय दिएर समाजमा स्वच्छ वातावरण हुनु पर्नेमा जोड दिएको छ । सम्पत्ति भएपछि मान्छेमा आउने घमण्डी सोंचको पराकाष्ठाका रूपमा सौता भित्र्याउन महत्वपूर्ण भूमिका खेल्ने जुनकिरीकी सासू र आमाजूहरूलाई हेर्दा महिलालाई पीडा दिने महिला नै भएको जड यथार्थको उद्घाटन भएको छ । महिला-महिलाका बीच हुने यस्ता द्वन्द्वले मान्छेको ज्यानसम्म जानसक्ने भएकाले यस्ता कार्यहरूमा सुधार ल्याएर पारिवारिक रूपमा महिलालाई सक्षम बनाउनु पर्ने आवाज बुलन्द भएको छ । छिमेकीको लाश चिन्न डर मान्ने समाज अनि त्यस्तो मृत्युको कारण पत्ता लगाउन लागी पर्नु पर्ने प्रशासनको अनुपस्थिति देखाएर राज्यले दिनुपर्ने न्यायको सुनुवाइ नभएको देखाइएको छ । सैनिक कर्तव्य अनि देश र जनताका सुरक्षामा अहोरात्र खट्ने सिपाहीको जीवन कालेको चरित्रले बोकेको छ भने अरुको लहैलहैमा लागेर सम्पत्तिका निम्ति श्रीमतीको ज्यान लिनेसम्मका पात्रहरू हाम्रै समाजमा छन् भनेर जुनकिरीको लोग्नेले प्रमाणित गरेको छ ।

यसरी परिवारभित्र छोराछोरीमाथि हुने भेदभाव, सासू र बुहारीका बीच महिलाद्वारा हुने हिंसात्मक सम्बन्ध, शिक्षाको ज्योति नपुग्दा मानिसको जीवनमा आउन सक्ने अनेकन समस्या, ग्रामीण जीवनमा बिहानदेखि साँझ परुन्जेलसम काम गर्दा पनि समाधान नहुने गास, बास अनि कपासको समस्या, बाल विवाह, सानातिना निहुँमा सौता हाल्ने व्यवहार, विवाह भइसकेपछि माइतीले चेलीसँग गर्ने माया र घृणा आदिलाई देखाएर समाजमा

पारस्परिक सम्बन्ध स्थापित गर्नका निम्ति अग्रसर भएको देखिन्छ । त्यसैले समाजका अहितकर वस्तुहरूलाई फ्याँक्नु पर्ने उद्देश्य बोकेको उपन्यास जुनकिरीका आधारमा प्रगतिशीलता पनि बिष्टका प्रवृत्ति मध्ये एक महत्वपूर्ण प्रवृत्ति हो ।

### ४.३.३ मनोवैज्ञानिकता

मान्छेका अन्तर-कुन्तरमा रहेका चेतन, अचेतन र अवचेतन मनका क्रियाकलापहरूलाई उद्घाटन गर्ने सामर्थ्य मनोविज्ञानले राखेको हुन्छ । समाज र मान्छे एक सिक्काका दुई पाटा भएकाले कृतिलाई व्यक्ति मनोविज्ञान र समाज मनोविज्ञानका दृष्टिकोणले चिरफार गर्नु पर्ने हुन्छ । बाल उपन्यासमा आफ्नो नाम अग्रणी स्थानमा राख्न सफल बिष्टको हालसम्म प्रकाशित एक मात्र उपन्यास जुनकिरी चाहिं सामाजिक उपन्यासभित्र पर्दछ ।

समाजमा हुने वा घट्ने घटनाहरूलाई यथार्थ दिन सक्ने पात्रको मनोविज्ञानलाई हेर्दा जुनकिरी, गौरी, काले, जुनकिरीको भानिज जस्ता बाल पात्रहरूका मनोविज्ञानलाई एकातर्फ देखाइएको छ भने अर्का तर्फ आमाको काख नपाएमा बालकमा पर्न सक्ने नकारात्मक प्रभावलाई अभिभावकहरूले कसरी समाधान गर्न सक्छन् भन्ने व्यक्ति मनोविज्ञानलाई निदाउन नसकेकी जुनकिरीलाई सुताउँदा हजुरआमाको व्यवहारलाई लिन सकिन्छ । सहारा, न्याय अनि साथी सङ्गतीहरू नहुँदा मान्छेमा कति बेचैनी आउँछ भन्ने तितो यथार्थ सौता ल्याएपछि जुनकिरीको मनलाई हेर्दा स्पष्ट हुन्छ । 'आमा टोकुई' जस्तो तीखा वचनवाणले सिर्जित पारिवारिक भेदभावले ल्याउने मानसिक उतारचढावलाई छर्लग्याउँने प्रयत्न पनि गरिएको छ । 'सम्पत्तिमा सबैको हाई हाई' अनि 'ठूलालाई चैन सानालाई ऐन' जस्तो समाजमा जरो गाडेर बसेको तथ्यलाई उजागर गर्ने उपन्यासले 'मारे पाप पाले पुण्य' अनि विवाहपछि माइतीको उत्तरदायित्व हट्ने नेपाली समाजको यथार्थ पक्षको उद्घाटन गरेको छ । शिक्षाको अवसरबाट वञ्चित मानिसहरूका जीवनमा आउन सक्ने कहाली लाग्दो परिस्थितिहरूलाई जुनकिरी अनि गौरीको मृत्युले व्यक्ति तथा समाज मनोविज्ञानलाई खुलस्त पारेको पाइन्छ ।

यसरी पारिवारिक भेदभावले बाल मनमा पार्न सक्ने प्रभाव, अधिकार नपाउँदा विद्रोह जन्माउने परिस्थिति अनि समाजले गर्ने अहितकर कार्यहरूले पार्न सक्ने मानवीय क्षतिलाई मनोवैज्ञानिक तवरले चिरफार गर्न सक्षम उपन्यासकार बिष्टको प्रवृत्तिभित्र मनोवैज्ञानिकता पनि एक हो भन्न सकिन्छ ।

### ४.३.४ मौलिकता

समसामयिक परिवेशमा घटेका घटनालाई सुधारको चाहना राख्दै पात्र अनि कथानक चयन गरेर नवीन मूल्य मान्यता स्थापना गर्ने कार्य मौलिकताभित्र पर्दछ । ग्रामीण जीवनको दैनन्दिनलाई प्रतिनिधि पात्रहरूको उपस्थिति गराएर उद्देश्य प्राप्त गर्ने कार्य मौलिकता भित्र पर्दछ । समाज अनि व्यक्ति मनोविज्ञानको पनि चिरफार गर्ने 'जुनकिरी' तत्कालीन समयको दर्पण भएको छ ।

पारिवारिक भेदभावको सानो झिल्को देखाएर महिलामाथि हुने हिंसा अनि शोषणका जड वस्तुहरूलाई छर्लङ्ग्याउन सफल भएको छ । जन-जीब्राले बोल्ने झर्रा तथा अनुकरणात्मक शब्दहरूका बाहुल्यले परिवेश चित्रण अनि यथार्थको बोध गराएको छ । समाज भित्र घट्न सक्ने घटनाहरूका कारण अनि त्यसको समाधानका उपायहरू पनि सँगसँगै पस्कन सक्न सामर्थ्य राखेको पाइन्छ । अपठित पाठक वर्गहरूलाई उपन्यासको खण्डगत विश्राममा चित्रको प्रयोगले गर्दा भावी कथानक देख्न निकै सजिलो भएको छ । वास्तवमा समाज नै सृजनाको स्रोत भए पनि स्रष्टाको जीवनमा घटेका यावत् घटनाहरू पनि सृजनाका आधार हुन सक्छन् । आफ्नै जीवनमा नघटे पनि आफ्नी हजूरआमाका जीवनमा घटेका घटनाहरूलाई कथानक बनाएर तत्कालीन परिवेशका समाजका धमिराहरूलाई देखाउँदै तिनीहरूलाई नष्ट गर्नुपर्ने उद्देश्य बोकेर लेखिएको जुनकिरी 'उपन्यास हो' भन्ने उपन्यासकारको कथन छ ।

अरुको देखासिखी नगरी आफ्नैपनमा केही कुरा गरिन्छ भने त्यो नितान्त मौलिक हुन्छ । खास गरेर सृजना गर्ने क्रममा जो कोही पनि कसैबाट प्रभावित भने अवश्य नै भएको हुन्छ । तर बिष्टले उठाएका समस्या अनि त्यसले मागेका सुधारका चाहनाहरू समाजमा बस्ने सम्पूर्ण मानिसहरूका आकांक्षा भएका छन् । जीवनको सानो सेरोफेरोमा पात्रहरूलाई उभ्याएर पारिवारिक भेदभाव, सामाजिक दायित्व, महिला-महिलाबिचको बेमेलपन, मानव वेचबिखन जस्तो जघन्य अपराध, शिक्षाको ज्योतिबाट वञ्चित बालबालिका अनि ग्रामीण परिवेशका वास्तविकताहरूलाई प्रस्तुत गरेर सुधारको चाहना राख्ने बिष्टको प्रवृत्तिभित्र मौलिकता पनि राख्न सकिन्छ ।

### ४.३.५ सम्प्रेषणीय भाषाको प्रयोग

भाषा नै त्यस्तो वस्तु हो जसले एक-आपसमा व्यवहार आदान प्रदान गर्ने कार्य गर्दछ । कुनै पनि कृतिको सहजता र दुर्बोध्यता कति छ भन्ने निर्क्योल गर्ने माध्यम भनेको भाषा शैली हो । पात्र सुहाउँदो भाषाको प्रयोग भएको यस उपन्यासमा झर्रा तथा अनुकरणात्मक शब्दको बाहुल्यताले भाषालाई जीवन्तता प्रदान गरेको छ ।

ग्रामीण जनजीब्राले प्रयोग गर्ने झर्रा शब्दको प्रयोगले पात्र सुहाउँदो भाषा देखिन्छ भने अर्का तर्फ अभिभावकहरूले सन्तानलाई दिने शिक्षामा अभिभावकीय मर्यादाका चिन्हहरू प्रशस्त देख्न सकिन्छ । झै-झगडा अनि आवेगका बेलामा प्रयोग हुने गालीतुल्य भाषालाई पनि परिवेश अनुकूल प्रयोग भएकाले संवादमा सशक्तता ल्याएको छ । छोटाछोटा वाक्य गठन, जे छ त्यही भन्ने ग्रामीण मानिसका मन, बालबालिकाहरूले प्रयोग गर्ने तोतेपन आदिलाई परिस्थिति अनुरूप विन्यास गरिएको छ । आकारमा सानो भएर पनि ग्रामीण समाजको फेहरिस्त बन्न पुगेको यस उपन्यासमा पात्र सुहाउँदो भाषाको प्रयोग भएको छ । अपठित पात्रले प्रयोग गर्ने भाषामा अत्यधिक मात्रामा झर्रा र अनुकरणात्मक अनि उखान तुक्काहरूको बाहुल्य रहनु स्वभाविक मानिन्छ । मान्छेको भित्री मनबाटै रिस उठेपछि गालीतुल्य भाषाहरू निस्कन्छन् भन्ने यथार्थलाई - के हेर्छस् स्वाँठ ? यस बोक्सीलाई हान् न । डङ्किनीलाई मारेर फ्याँकिदे न फाँटमा' भन्ने जुनकिरीकी सासूको संवादमा देख्न सकिन्छ । डोको-नाम्लो, ढिकी-जाँतो, पानी-पँधेरा, चुलो-चौको, घाँस-दाउरा गर्दा व्यक्त हुने संवादमा अनुकरणात्मक शब्दका प्रयोगले भाषामा जीवन्तता अनि यथार्थताको आभाष पाइन्छ ।

यसरी भाषा शैलीमा पात्र अनुसारको संवाद, जनजीब्रोले सधैं प्रयोग गर्ने झर्रा अनि अनुकरणात्मक शब्दहरूको प्रयोगले उपन्यासलाई सरस र मिठास दिएको छ । छोटा वाक्य अनि बीच बीचमा प्रयोग हुने उखा तुक्काहरूले पाठकलाई अभिरुचि प्रदान गरेको छ । खण्डगत विश्राममा तस्विरको प्रयोगको शैली हेर्ने हो भने अपठित पाठकले पनि उपन्यासमा व्यक्त उद्देश्यलाई सहजै अनुमान लगाउन सक्दछ । छोटा वाक्य अनि संवादमा छरितोपन भएकाले भाषा दुरुह नभएर सजीव, क्लिष्टता नभएर सरलता भएको छ । त्यसैले पात्र, परिवेश, घटना अनि मानवीय सोंच अनुसारका भाषाहरू संवादमा भएकाले उपन्यासमा सम्प्रेषणीय भाषाको प्रयोग छ ।

# परिच्छेद : पाँच

## ५. निष्कर्ष वा उपसंहार

वि.सं. १८२७ मा प्रकाशित शक्तिबल्लभ अर्यालको 'महाभारत विराटपर्व' लाई नेपाली आख्यानात्मक कृतिको पहिलो झिल्को मानिए तापनि वि.सं. १९५६ देखि गिरिशबल्लभ जोशीले प्रारम्भ गरेको नेपाली उपन्यासको विकास प्रकृयामा वि.सं. १९९१ पछि आधुनिक युगको प्रारम्भ हुन्छ । आधुनिक युगमा नेपाली उपन्यास विविध प्रवृत्ति र धाराहरूमा विकसित हुँदै अगाडि बढेको पाइन्छ । आदर्शोन्मुख यथार्थवादी, स्वच्छन्दतावादी, सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, मनोवैज्ञानिक, विसङ्गति/अस्तित्ववादी अनि प्रयोगवादी धाराहरू यस युगमा देखापरेका वाद वा धाराहरू हुन् । नेपाली साहित्यमा देखिएका विविध वाद र धाराका प्रवृत्तिहरूलाई आत्मसात् गरी लेखिएको 'जुनकिरी' उपन्यासलाई समसामयिकता भित्रको आलोचनात्मक यथार्थवादी प्रवृत्ति भित्र समेट्न सकिन्छ ।

उपन्यासलाई चरमोत्कर्षसम्म पुऱ्याउन घटनाहरूको भूमिका प्रधान भएर पनि कृति व्यक्ति केन्द्रित बन्न पुगेको छ । उपन्यासको बाह्य संरचनालाई हेर्दा कथानकलाई जम्मा १६ खण्डमा विभाजन गरिएको छ । ६४ पृष्ठमा संरचित अनि प्रायः ४ पृष्ठको एक खण्डमा विभाजित उपन्यास आकारमा लघु देखिन्छ । खण्ड विभाजनमा आगामी खण्डको सार पक्षलाई चित्रद्वारा देखाइएकाले अपठित वर्गलाई पनि केही मात्रामा सरल बनाएको छ । उपन्यासको आन्तरिक संरचनालाई हेर्दा मुख्य पात्र जुनकिरीका जीवनमा आएका उतार चढावहरूलाई मूल कथानक बनाएर समाजमा विद्यमान रहेका आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक असमानता, पारिवारिक भेदभाव र त्यसले सिर्जना गरेका विविध द्वन्द्व र सङ्घर्षलाई कथ्यका रूपमा प्रयोग गरिएको हुनाले उपन्यासको विषयवस्तु सामाजिक रहेको छ । ग्रामीण जीवनका साङ्गो-पाङ्ग चित्रण गर्ने उपन्यासको कथानक आदि मध्य अनि अन्त्यको श्रृङ्खलामा उनिएर रैखिक ढाँचामा अगाडि बढेको छ । सानैमा आमाको वियोगले घरमा 'आमा टोकुई' जस्तो तिखो गाली खानु, हक-अधिकार माग्दा जीवन नै समाप्त भएको सामाजिक व्यवस्थाको जुनकिरीका माध्यमबाट उद्घाटित उपन्यास अपठित ग्रामीण

महिलाहरूको बेचिनु पर्ने कारण, धनी र गरीबका बीचको खाडललाई यथार्थ रूपमा देखाउने कार्य कथानकका श्रृङ्खलाहरू हुन् ।

प्रस्तुतिका दृष्टिले उपन्यासको कथावस्तु मूलतः वर्णनात्मक देखिन्छ । लघु आकारको उपन्यासभित्र बिष्टले समाजका विविध पक्षलाई समेट्ने गरी पात्रहरू चयन गरेकी छन् । विविध प्रवृत्ति भएका पात्रहरूलाई लिङ्ग, कार्य, आसन्नता, स्वभाव आदिका आधारमा विभाजन गर्न सकिन्छ । जुनकिरी, गौरी, जुनकिरीकी हजूरआमा, गौरीकी आमा, जुनकिरीका सासू, आमाजूहरू प्रमुख स्त्री पात्रहरू हुन् भने काले, जुनकिरीको लोग्ने, गौरीको लोग्ने, जुनकिरीको ससुरो, जुनकिरीको दाजु आदि पुरुष पात्रहरू हुन् । जुनकिरी, गौरी, जुनकिरीकी हजूरआमा, गौरीकी आमा आदि पात्रलाई सत् पात्रका रूपमा उभ्याइएको छ भने जुनकिरीका सासू, आमाजूहरू, लोग्ने आदिलाई असत् पात्रको प्रतिनिधित्व गराइएको छ । विविध स्वभाव रहेका पात्रका क्रियाकलापहरूले समाजभित्रको धमिरा पत्ता लगाउन पाठकलाई सहज भएको छ । जुनकिरी उपन्यासमा बिष्टले पात्र सुहाउँदो भाषाको प्रयोग गरेकी छन् । जुनकिरी, काले, गौरीका आपसको संवादमा बाल तोतेपनको बान्की देखिन्छ भने जुनकिरी र हजूरआमाको संवादमा स्वभाविकता । उपन्यासभित्र वर्णनमात्र नभएर ठाउँ, समय र परिस्थिति अनुरूप पात्रहरूको संवाद पनि उपन्यासकारले देखाएकी छन् । अपठित व्यक्तिले प्रयोग गर्ने भाषाको बाहुल्य झर्रा र अनुकरणात्मक शब्दको अत्यधिक प्रयोगले पुष्टि गरेको छ । संवादमा क्लिष्टता नभएर सहजता, सरलता अनि सुबोध्यता भएर कथानकमा नाटकीयता ल्याउनुका साथै चरित्र विकासमा महत्वपूर्ण सघाउ पुऱ्याएको देखिन्छ ।

परिवेशका दृष्टिले यस उपन्यासको मुख्य स्थान भक्तपुरको मनहरा खोला आसपासको सामाजिक जीवनको सग्लो रूप देखिन्छ भने सहायक स्थानमा काठमाडौंदेखि भारतको कलकत्तासम्मको परिवेशलाई पनि उभ्याइएको छ । प्रजातन्त्र प्राप्ति पछि पनि ग्रामीण जीवनमा नपुगेको शिक्षाको ज्योति, छोरा र छोरीमा हुने पारिवारिक भेदभाव, बाल विवाह, बहुविवाह, शहर र गाउँ बीचमा रहेको खाडल, सामाजिक अन्धविश्वास, छिमेकीको लाचारीपन अनि तत्कालीन प्रशासनले स्थानीय स्तरमा पुऱ्याउने न्यून सेवालाई उपन्यासको सेरोफेरो बनाइएको छ । उपन्यासमा बाह्य एवं आन्तरिक द्वन्द्व दुवै देखिए पनि मूलतः आन्तरिक द्वन्द्वले नै कथानकलाई उत्कर्ष तर्फ धकेलेको पाइन्छ ।

उपन्यासको भाषा शैली सामान्य जनजिब्रोले प्रयोग गर्ने किसिमको देखिन्छ । झर्रा अनि अनुकरणात्मक शब्दको बाहुल्यले गर्दा भाषामा सम्प्रेषणीयता अधिक मात्रामा रहेको छ । तत्सम भन्दा तद्भव शब्दलाई प्रचुर मात्रामा प्रयोग गर्ने बिष्टले छोटा-छोटा वाक्यहरूको गठन, पात्र अनुकूल भाषाको प्रयोग गर्ने हुनाले साधारण लेखपढ गर्ने पाठकका निम्ति सहज र सरल भएको छ । उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोगले वर्णनात्मक शैलीलाई आत्मसात गरेको देखिन्छ । पात्र स्वयम्लाई बोल्न नलगाई स्रष्टाले सम्पूर्ण कथा देखे झैं प्रस्तुत गरेकाले स्वभाविकतामा अलिकति चोट पुगे जस्तो प्रतीत हुन्छ ।

प्रस्तुत उपन्यासको विचार पक्षलाई हेर्ने हो भने समाजमा भएका नराम्रा कुराहरूको आलोचना गरेर सुधारको चाहना राख्ने प्रगतिशील चिन्तन देखिन्छ । शिक्षाको ज्योति नपाएका बाल मस्तिष्कहरूलाई प्रतिनिधि पात्र बनाएर सृजित उपन्यासमा प्रमुख अनि सहायक पात्रको मृत्यु देखाइ जुनकिरी र गौरीको मानवीय जीवनमा क्षति पुऱ्याउने सामाजिक कुसंस्कारलाई उखेलेर फ्याँक्नु पर्ने वैचारिक मान्यता प्रबल रूपमा देख्न सकिन्छ । पीडित र पीडक दुवै महिला नै हुने यथार्थ देखाई वैवाहिक जीवनमा सौता हाल्ने प्रवृत्तिले महिलाको मन कति क्षतविक्षत हुनसक्छ भन्ने देखाउनु यसको उद्देश्य रहेको छ ।

समग्रमा भन्नु पर्दा 'जुनकिरी' (वि.सं. २०५४) नेपाली उपन्यासका फाँटमा समसामयिकताभित्र आलोचनात्मक यथार्थवादी प्रवृत्तिको उत्कृष्ट उपन्यास हो । समाजमा हुने वस्तु यथार्थलाई टिपेर वास्तविकता छर्लङ्ग्याउने कार्य बिष्टको महानता हो । महिलाका पारिवारिक अनि सामाजिक हक अधिकारलाई उठाएर कथानकको बुनोट गरिएको उपन्यासमा पात्र अनुकूलको भाषा प्रयोग, संवादमा सरलता, झर्रा अनि अनुकरणात्मक शब्दको बाहुल्यताले अझ यथार्थ बोकेको पुष्टि हुन्छ । 'स्वास्नी मान्छे' (२०११), 'शिरीषको फूल' (२०२२) बाट नेपाली साहित्यमा छिरेको महिला हक-अधिकारका विषयलाई जुनकिरी (२०५४) ले पछ्याएको छ । सामाजिकता, प्रगतिशीलता, मनोवैज्ञानिकता अनि मौलिक प्रस्तुतिलाई आफ्नो प्रवृत्ति बनाउने बिष्टका उपन्यासले आलोचनात्मक यथार्थ, अस्तित्ववादी चिन्तन, मनोवैज्ञानिक यथार्थ अनि समसामयिकता जस्ता विचार पक्षलाई अङ्गालेको छ । यसरी आधुनिक नेपाली उपन्यासको विकास क्रमलाई हेर्दा 'स्वास्नी मान्छे' बाट प्रारम्भ भएको आलोचनात्मक स्वर उराल्ने उद्देश्यलाई आफ्नो अभीष्ट बनाएको जुनकिरी

उपन्यासलाई समसामयिकता भित्र आलोचनात्मक यथार्थवादमा यसको स्थान निर्धारण गर्न सकिन्छ ।

भावी शोधका लागि सम्भावित शीर्षकहरूः

क) पात्र प्रयोगका दृष्टिले जुनकिरी उपन्यास

ख) जुनकिरी उपन्यासको समाजशास्त्रीय अध्ययन

ग) उपन्यासमा द्वन्द्व पक्ष

घ) जुनकिरी उपन्यासको संरचनात्मक पक्षको अध्ययन

# सन्दर्भ सामग्री सूची


**ग्रन्थहरू (पुस्तकहरू)**

चापागाईं, नरेन्द्र (२०५३), **उपन्यास शिल्प र विश्लेषण**, विराटनगरः जानुका प्रकाशन ।

जोशी, कुमारबहादुर (२०५४), **साहित्यका प्रमुख वाद**, ललितपुरः साझा प्रकाशन ।

प्रधान, कृष्ण चन्द्र सिंह (२०५२), **नेपाली उपन्यास र उपन्यासकार**, ललितपुरः साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि**, दार्जेलिङ्गः दीपा प्रकाशन ।

बन्धु, चुडामणि (२०५०), **भाषा विज्ञान**, ललितपुरः साझा प्रकाशन ।

बराल, ऋषिराज (२०५६), **उपन्यासको सौन्दर्य शास्त्र**, ललितपुरः साझा प्रकाशन ।

बराल, इश्वर (२०५८), **आख्यानको उद्भव**, ललितपुरः साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुरः साझा प्रकाशन ।

राई, इन्द्रबहादुर (२०५०), **नेपाली उपन्यासका आधारहरू**, ललितपुरः साझा प्रकाशन ।

बिष्ट, गायत्री (२०५४), **जुनकिरी उपन्यास**, काठमाडौंः मल्ल प्रिन्टर्स प्रा.लि. ।

शर्मा, मोहनराज (२०५९), **शैली विज्ञान**, काठमाडौंः ने.रा.प्र.प्र. ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०५२), **शोध विधि**, ललितपुरः साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५३), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, ललितपुरः साझा प्रकाशन ।

**पत्र-पत्रिकाहरू**

पौड्याल, बाजुराम (२०६६), **सुरभि स्रष्टा परिचय**, काठमाडौंः सुरभि साहित्य प्रतिष्ठान ।

जंगली, चेतन (२०५५), **छलफल साप्ताहिक**, काठमाडौंः इन्द्रेणी अफसेट, वर्ष १६, अङ्क १०, पृष्ठः ४ ।

ज्ञवाली, रामप्रसाद (२०५४), **कारुणिक उपन्यास जुनकिरीको सानो समीक्षा**, शब्दपथ, काठमाडौंः वर्ष १, अङ्क २ ।

# परिशिष्ट खण्ड

**उपन्यासकार गायत्री बिष्टसँग गरिएको प्रत्यक्ष अन्तर्वार्ता**

१. तपाईंको साहित्य लेखन कसको प्रेरणाबाट भएको हो ?

- बाल्यावस्थामा नै आमाले गुरूप्रसाद मैनालीका कथाहरूका साथै आफूले पढेका कविताहरू सुनाउनु भएकोले सानामा आमाबाट प्रभावित भएकी थिएँ । त्यसपछि हजुरआमाले सुनाउनु भएको आफ्नो दुःखद् जीवनीबाट पनि प्रभावित भएकी थिएँ । केटाकेटी उमेरमा समाजको विकृति विसङ्गति विरुद्ध सुधार ल्याउन केही गर्नुपर्छ भन्ने भावना पलाउँदा साहित्य लेखनतिर आकर्षित भएकी थिएँ ।

२. साहित्यको सशक्त माध्यम भनेको के हो ?

- अभिव्यक्ति शैली हो ।

३. कस्ता प्रकारका साहित्य बढी सृजना गर्न मनपर्छ र किन ?

- समाज उपयोगी साहित्य सिर्जना गर्न मनपर्छ । जुन साहित्यले शोषित, पीडित, दलित सबै जनताका वेदनालाई उजागर गर्दै परिवर्तनको उद्घोष गर्दछ ।

४. विविध विधामध्ये आफूलाई कुन विधामा छु जस्तो लाग्छ ?

- बाल साहित्यको कथा/कविता/उपन्यास र प्रौढ साहित्यको कथा/कविता/उपन्यास विधामा कलम चलाइरहेकी छु ।

५. कुन साहित्यकारबाट बढी प्रभाव ग्रहण गर्नुभयो ?

- प्रगतिवादी साहित्यकार द्वय रमेश विकल र गोविन्द भट्टबाट प्रभावित छु ।

६. साहित्य केका लागि लेखिन्छ ?

- साहित्य जीवनका लागि लेखिन्छ । जीवित रहनका लागि हो । जसले साहित्यकारलाई मात्र जिउँदो बनाउँदैन पाठकलाई पनि बाँच्ने कला सिकाएको हुन्छ ।

७. तपाईंका साहित्यको उद्देश्य के हो ?

- आशा जगाउनु र आशावादी बनाएर मानिसलाई अन्याय अत्याचारका विरुद्ध सङ्घर्ष गरेर सफल हुन प्रेरित गर्नु हो ।

८. समकालीन साहित्यको कुन वादलाई अँगाल्नु भएको छ ?

- समकालीन साहित्यको प्रगतिवादी धारलाई अँगालेकी छु ।

९. साहित्य र समाजलाई कसरी जोड्नु हुन्छ ?

- समाजमा घटेका घटनालाई साहित्यका विषय बनाएर समाजको अग्रगतिको कल्पना र सिर्जनाले साहित्य र समाज जोडिन्छ ।

१०. बाल साहित्य लेखनमा रुचि राख्नु पर्ने कारण के हो ?

- बालबालिकालाई अध्ययनमा आकर्षित गर्न । बालबालिका यस समाजका धरातल भएकाले आत्मनिर्भर नागरिक निर्माण गर्न ।

११. कुन दृष्टिबिन्दुको प्रयोग बढी गर्नुहुन्छ ?

- प्रथम पुरुष (आन्तरिक) दृष्टिबिन्दुको प्रयोग बढी र तृतीय पुरुष (बाह्य) दृष्टिबिन्दुको प्रयोग कम गर्छु ।

१२. आजको नेपाली साहित्य कहाँनेर छ जस्तो लाग्छ ?

- आजको नेपाली साहित्य विश्व साहित्यको हाराहारीमा छ भन्ने मलाई लाग्छ ।

१३. साहित्यमा के भए अझ सशक्त हुन्छ जस्तो लाग्छ ?

- जीवन र समाजसँग भिजेर लेखिएको, समाजलाई डोऱ्याउन सक्ने साहित्य सशक्त हुन्छ ।

१४.	समाज परिवर्तनमा साहित्यको भूमिका कस्तो हुनुपर्छ ?

-	सिर्जनात्मक भूमिका हुनुपर्छ ।

१५.	आजको नेपाली साहित्यले केमा बढी रुचि लिएको जस्तो लाग्छ ?

-	आजको नेपाली साहित्यको प्रवृत्ति परिवर्तनका पक्षमा देखिन्छ, नयाँ नयाँ प्रयोग र बढी सक्रियतामा बढी रुचि लिएको जस्तो लाग्छ ।

१६.	'जुनकिरी' उपन्यास तपाईं के वरिपरि घटेको घटना वा तपाईंले प्रत्यक्ष देख्नु भएको घटना हो ?

-	जुनकिरी उपन्यास हाम्रै समाजमा घटेका घटनाहरू मध्येको एउटा घटना हो ।

१७.	महिलालाई प्रमुख पात्र बनाउने खास कारण के हो ?

-	पीडित वर्गलाई मूल धारमा ल्याउनु ।

१८.	सृजनामा कस्ता पात्र प्रयोग गर्न मनपर्छ र किन ?

-	पिछडिएका वर्गलाई प्रतिबिम्बित बनाउन मनपर्छ । तिनीहरूलाई अधिकार दिलाएर मूलधारमा ल्याउन र समतामूलक समाज निर्माण गर्न ।

१९.	'जुनकिरी' उपन्यासमा प्रमुख पात्र लगायत अन्यको मृत्यु भएको देखाएर दुःखान्तक बनाउनु पश्चिमी साहित्यको प्रभाव हो ?

-	पश्चिमी साहित्यको प्रभाव जस्तो लागे पनि हाम्रै समाजको यथार्थ हो ।

२०.	महिलाको सबैभन्दा ठूलो शत्रु महिलालाई नै देखाउनु भएको छ नि ?

-	शिक्षा र ज्ञानको अभावले सचेत बन्न नसकेकी महिलाको यथार्थलाई उतार्दा त्यस्तो देखिएको हो । अर्को हाम्रा समाजको परम्परागत कुसंस्कारले पनि महिलाको शत्रु महिला बनाएको छ त्यसलाई चिर्नु पर्छ ।

२१.	साहित्यमा आख्यान विधालाई रोज्नुको कारण के हो ?

-	आख्यानमा अभिव्यक्तिको स्वतन्त्रता हुन्छ र प्रस्तुति पनि व्यापक गर्न सकिने हुनाले लागेकी हुँ ।

२२.	साहित्यमा आफूलाई प्रगतिवादी वा प्रगतिशील के भन्न रुचाउनुहुन्छ ?

-	प्रगतिवादी भन्न रुचाउँछु ।

२३.	कसैले प्रगतिवादी र कसैले प्रगतिशील भनेका छन् नी ?

-	यो अरुलाई नै गर्ने प्रश्न हो । त्यो त रचनाले बोलेकै छन् । सिर्जनाको मूल्याङ्कन गरे थाहा हुन्छ ।

२४.	'जुनकिरी' उपन्यासमा प्रमुख पात्र 'जुनकिरी' लाई प्रतिकार गरेर विजयी देखाउनु भएको भए अझ राम्रो सन्देश जान्थ्यो कि ?

-	मैले समाजको यथार्थ चित्रण गरेर जुनकिरीहरू बाँच्न पाउनु पर्छ भन्ने सन्देश दिएको छु भन्ने नै लाग्छ । मृत्यु भन्दा ठूलो विद्रोह केही छैन ।

२५.	जुनकिरी भाग २ निकाल्दा अझ सार्थक हुन्छ कि ?

-	अहिले त नयाँ उपन्यास लेख्ने सोच बनाएकी छु ।

२६.	आजका साहित्यकार र पाठकलाई के सुझाव दिनु हुन्छ ?

-	पढ्दा रमाइलो लाग्ने साहित्य लेखेर, पढेर समाज परिवर्तन हुँदैन । पाठकलाई मनोरन्जन दिनुका साथै अग्रगामी बाटो देखाएर देशका लागि योगदान दिन सक्ने साहित्य लेखनका साथ अघि बढ्नु आवश्यक छ ।

२७.	अन्त्यमा भन्नै पर्ने कुरा केही छ ?

-	भन्नै पर्ने कुराको सीमा हुँदैन । प्रयोजन र आवश्यकता अनुसार अभिव्यक्ति दिने हो । साहित्य जीवन र समाजका लागि हो । विचार र कलाको सङ्गतिपूर्ण सिर्जनाले साहित्यको वास्तविक स्वाद दिनसक्छ । यो प्रक्रिया निरन्तर चलिरहन्छ ।